वर्ष ९, अङ्क ८, पूर्णाङ्क ८८, वैशाख २०७५
प्रेस काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत मासिक पत्रिका
ISSN 2362-1109

Agnichakra National Monthly

# अग्निचक्र

www.agnichakranews.com

राष्ट्रिय मासिक




सतगुरु गोरखनाथ बाबा

८८ औं यात्रा




## आजको आवश्यकता : सम्भावनाको खोजी










## तीन वर्षमा झन्डै १२ सय कृतिहरूको समीक्षा

# गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौँ ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौँ ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔँ, खाना पकाउने ग्याँस प्रयागकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौँ ।
- चुरोट बिँडीजस्ता वस्तुहरु प्रयोगपश्चात् जथाभावी नफालौँ र आगो राम्रोसँग निभाऔँ ।
- पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौँ ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौँ ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौँ ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔँ ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालू अवस्थामा राखौँ ।

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना विभाग**

वर्ष ९ अङ्क ८ पूर्णाङ्क ८८

By the Grace of God
Edited & Published by L.N. Bhattarai
संरक्षक : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौं, नेपाल ॥

सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौं
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN:2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीरनाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
प्रेमसागर पौडेल
आर.एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता/सहयोगी**
के.एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए. डिस्ट्रिब्युटर्स (उपत्यका बाहिर)

**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१

# छिमेकी मुलुकसँगको सम्बन्ध राष्ट्रिय हित अनुकूल हुनुपर्छ

*प्रत्यक्ष शासन गर्ने राजा महेन्द्रले पनि हिमाल, पहाड र तराई-मधेशका जनताको क्षमता र प्रतिभाको सदुपयोग गरेर देश विकास गरेका थिए । हिमाली, पहाडी र तराई प्रदेश नाम दिएर राजाहरूले शासन हाँक्दा सफल बनेकै थिए । परिवर्तित समयको मागबमोजिम अहिले मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको नामबाट चिनिन थालेको छ । संघीयताको कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ । नेपालमा देश विकास गर्न चाहने ओली-प्रचण्ड (शासक)हरूले संघीयता कार्यान्वयन नगरीकन आर्थिक रूपमा समृद्ध हुन सकिँदैन भन्ने कुरालाई गहिरिएर हेर्न जरूरी छ । नेपाली जनताले मुलुकको तीव्र विकासलाई अघि बढाउने नेतृत्व र शक्तिको खोजी गरिरहँदा ओली-प्रचण्डको चुनावी साँठगाँठलाई पत्याएर मत दिई ठूलो पार्टी बनाएका थिए ।*

*मुलुकको समृद्धि र स्थिरताका लागि विधिको शासन चाहिन्छ । न्यायको सम्भावना देशभित्र बिलाउँदै गएका कारण गैरसरकारी स्तरबाट अन्तर्राष्ट्रिय समुदायको भरणपोषणमा उठाइने प्रश्न आज मुलुकको छविको चिन्ता गर्ने ओली (शासक) मौन बसेको पाइयो । यस्ता विषयमा सरकार उदासिन हुनु राम्रो होइन । मानव अधिकारवादी संस्थाका एसिया निर्देशकले प्रधानमन्त्री ओलीलाई पत्र लेखेर दशक लामो सशस्त्र द्वन्द्वका पीडितहरू द्वन्द्व समाप्त भएको बाह्र वर्षपछि पनि न्याय, जवाफ र परिपूरण पर्खेर बसेको कुरा पत्रद्वारा ओलीलाई सम्झना गराइएको पाइयो । साथै ओलीलाई पीडित जनतालाई न्याय दिलाएर ऐतिहासिक कीर्ति राख्ने अवसर आएको कुरा पत्रद्वारा बताइएको पाइयो ।*

*मुलुकलाई महान् बनाउने नाममा विषयगत रूपमा मौलाउँदै गएको लोकप्रियतावादको खोल ओढेर नवफासीवादी प्रवृत्तिको प्रतिनिधित्व ओलीले गर्न खोज्नु राम्रो संकेत होइन । यस्ता कार्य चरम राष्ट्रवादको खोलभित्र राजनीतिक स्वार्थपूर्तिको डरलाग्दो प्रवृत्ति हुनसक्ने खतरा भएकाले दीर्घकालीन रूपमा आन्तरिक एकता एवम् शान्तिमा यस्ता कुराले कुनै फाइदा नहुने हुनाले प्रधानमन्त्रीले बेलैमा बुद्धि पुर्‍याउनु पर्दछ । विकास र समृद्धिका लागि बाह्य लगानी बढाउनेतर्फ प्रधानमन्त्रीको ध्यान जाओस् । सुरक्षाको प्रत्याभूति र प्रवर्द्धनको विश्वास दिलाउने हो भने चीन र भारतको लगानी आउने कुरा पक्कापक्की जस्तै छ ।*

*नेपालमा चीन विरोधी तिब्बती गतिविधि बढ्ने र चीनको सुरक्षामा प्रभाव पर्ने कारण देखाएर चीनले नेपालको उत्तरी नाकामा कडाइ गरिरहेको छ । भूकम्पपछि तिब्बती गतिविधिको आशंकाले तातोपानी नाका बन्द भएको थियो जुन अझै खुल्न सकेको छैन । नेपालमा चिनियाँ प्रभाव बढ्नुको एक मात्र कारण तिब्बती गतिविधि नहोस् भन्ने नै चाहना हो चीनको । चीनले नेपालले चाहेजति सहयोग गरेर आफ्नो असल मित्रको रूपमा नेपाललाई राख्न चाहनु उसको आफ्नै सुरक्षाको स्वार्थले गर्दा नै हो । उच्चस्तरको चिनियाँ भ्रमण भइरहनु र राष्ट्रपति सि आफैँ नेपाल भ्रमणमा आउन चाहनुले चीनलाई नेपालको महत्व कति छ भन्ने त्यसै थाहा हुन्छ ।*

*नेपालमा चीन र भारतका आ-आफ्नै स्वार्थ छन् । प्रचण्ड-ओलीको गठबन्धनले वाम पार्टी ठूलो दल बनेपछि त झन चीन र भारत नेपालको नजिक हुन खोजिरहेका छन् । भारत भ्रमणपछि चीन जान चाहेका ओलीलाई चीनको भ्रमण धकेलेरै भए पनि मोदी आउँदो वैशाख २८ गते नै नेपाल आउन हतारिएर एकतर्फी प्रस्ताव गर्नुले के बुझिन्छ भने पछिल्लो समयमा चीन र भारतको सम्बन्धमा नेपाल एउटा प्रमुख फ्याक्टर बन्न पुगेको आभास नेपालले गरेको छ ।*

*ओलीलाई चीनमा स्वागत गर्न चिनियाँहरू हतारिनु र यता भारतबाट मोदी तुरून्त नेपाल भ्रमणमा आउन चाहनुले धेरै महत्व राखेको छ । विभिन्न कारणले गर्दा चीन र भारतबीच चिसोपन भइरहेकोमा दुई देशबीच हुने तनावभन्दा घनिष्टतामै नेपाललाई चाहिँ फाइदा हुने देखिन्छ । चीन र भारतसँग नेपालले लाभ लिन सक्ने ठाउँ धेरै छन् । चीन र भारतलाई समदुरीमा राखेर छिमेकी मुलुकसँगको सम्बन्ध राष्ट्रिय हित अनुकूल बनाउन प्रधानमन्त्री ओलीलाई 'अग्निचक्र' हार्दिक अनुरोध गर्दछ । सबैमा नववर्ष २०७५ को हार्दिक मंगलमय शुभकामना ॥*




## ॐ सत्‌गुरू वन्दना

**गोरक्ष वालम् गुरुशिष्य पालम् ।**
**शेषः हिमालम् शशीखण्ड भालम् ॥**
**कालष्य कालम् जिताजन्म जालम् ।**
**वन्दे जटालम् जगदाव जालम् ॥**

# महान् स्रष्टा शान्ता

'अग्निचक्र' मासिकको म नियमित पाठक हुँ । विगत ९ वर्षदेखि मैले 'अग्निचक्र' लाई नजिकबाट नियालिरहेको छु । ०७४ चैत अंक सरसर्ती पढेँ, सबै पेजमा प्रकाशित सामग्री उत्कृष्ट नै लाग्यो । कभर पेजमा आधुनिक राजनीतिद्वारा रूचाइएको सबैभन्दा राम्रो काइदा "फाइदै फाइदा", आहा ! कस्तो व्यङ्ग्य !! राजनीतिक विश्लेषण, कविता, शिवपुरी बाबाका ज्ञानका कुराहरू, लालीगुराँसका बारेमा रोचक जानकारी, पुस्तकचर्चा, कृपा फाउन्डेसनको समाचार, स्रष्टा संवाद, मनु ब्राजाकीलाई अमेरिकाबाट लेखिएको चिठी, दृष्टिकोण, उपनिषत्, समसामयिक जानकारी एवं शान्ता श्रेष्ठज्यूको अन्तर्वार्ता सबै पढेँ । सबै सामग्री जीवनोपयोगी नै लाग्यो । विशेष गरी राजनीतिज्ञ एवं साहित्यकार शान्त श्रेष्ठज्यूको अन्तर्वार्ता पढ्दा आँखा रसाए मेरा । सेनाले माओवादीको आरोपमा प्रचण्डको गुरू भनेर थुनेर यातना दिएको रहेछ । एउटी नारीलाई सेनाले अपहरण शैलीमा पक्रेर लगी यातना दिँदा बिचरा कति गाह्रो भएको थियो होला भन्ने सोचेर म भक्कानिएँ । हुन त माओवादीले शान्ता दिदीलाई उपराष्ट्रपतिको उम्मेदवार बनाएर सम्मान गरेकै पनि हो । जे होस् गणतन्त्र ल्याउन शान्ता दिदीहरूकै योगदानले गर्दा पनि आज मुलुकमा परिवर्तन आएको हो । यसर्थ, शान्ता दिदी महान् हुनुहुन्छ । उत्कृष्ट अन्तर्वार्ता दिनुभएकोमा पनि दिदीप्रति नमन गर्दछु । जय गणतन्त्र !!


Agnichakra National Monthly
अग्निचक्र
www.agnichakranews.com राष्ट्रिय मासिक
आधुनिक राजनीतिद्वारा ल्याइएको सबैभन्दा राम्रो काइदा
फाइदै फाइदा
बलदेव महत

**– प्रमिला श्रेष्ठ,** असन, काठमाडौं ।

*(गतांकमा शान्ता श्रेष्ठको अन्तर्वार्ता प्रकाशित हुँदा 'सेनाले थुनेको केही वर्षपछि उपराष्ट्रपतिको उम्मेदवार भइयो' हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ – सं.)*


## नेपाल राष्ट्र बैंकको अनुरोध

***बैंकले निक्षेपमा दिने र कर्जामा लिने ब्याजदर तथा अन्य शुल्कहरू पारदर्शी रुपमा निश्चित गरेको हुन्छ । बैंकमा कारोबार गर्नुअघि आधार ब्याजदर, निर्धारित ब्याजदर, कारोबारका शर्त तथा अन्य शुल्कबारे जानकारी लिएर कारोबार गरौं ।***

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

*यस ब्रिटिस गोर्खा एकेडेमी बाँसबारीमा शैक्षिक वर्ष २०७५ का लागि प्ले ग्रुपदेखि कक्षा ९ सम्म भर्ना खुल्यो । सिट सीमित छ । छात्रावास र बसको सुविधा छ ।*





**CCTV & BGA Montessori**

प्रिन्सिपल

**ब्रिटिस गोर्खा एकेडेमी**

बाँसबारी, काठमाडौं ।

**फोन : ४३७१८१४, ४०१८७८७, ४०१८५८९**

दृष्टिकोण – **दुर्गाप्रसाद आचार्य**

# प्रधानमन्त्री ओलीलाई अवसर चीन र भारत दुवै दाहिना



आफूलाई सच्चा 'ओरिजिनल' कम्युनिस्ट बताउने झापाली खड्गप्रसाद ओली अहिले प्रधानमन्त्रीको कुर्सीमा हुनुहुन्छ । नेपाली कांग्रेसका केही नेताहरूले प्रधानमन्त्री केपी ओलीको कार्यशैली देखेर नेपालमा अब कुनै पनि समयमा तानाशाहीतन्त्र आउनसक्छ भन्न थालेका छन् । चीनको पूर्ण समर्थन रहेको ओली सरकार भारत भ्रमणबाट प्रम ओली फर्केपछि मोदी र ओलीको सम्बन्ध सुमधुर भएकोमा दंग छन् भने भारतीय प्रधानमन्त्री मोदी वैशाख २८ मै नेपाल भ्रमणमा आउने निधो भएपछि त झन् ओलीको खुसीको सीमा नै छैन । दुवै मित्रराष्ट्रहरू आफ्नो फेबरमा आएकाले होला ओलीले चीनबाट काठमाडौं-पोखरा हुँदै लुम्बिनी आउने रेल र काठमाडौं-वीरगञ्ज-रक्सौल चल्ने रेल अब चाँडै देख्न पाइने कुरालाई जोडतोडले भाषण दिँदै देशव्यापी रूपमा सयर गरिरहेका छन् ।

अब नेपालमा कुनै पनि खाले अधिनायकवाद नआउने तर रेलचाहिँ उत्तर-दक्षिण जताततैबाट आउने कुरा ओलीले बोल्दै हिँड्नुका पछाडि चीन र भारतसँग सम्बन्ध सुमधुर बनाएकै कारणले हुनुपर्छ । निजगढ-काठमाडौं द्रुतमार्ग, निजगढ, भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल पनि छिट्टै बन्ने कुरा प्रधानमन्त्री ओलीले बताउनुका पछाडि छिमेकी सम्बन्धमा नयाँ आयाम भएरै होला । चीन र भारतसँग सम्बन्ध नजिकिनु नेपालको दीर्घकालीन हितमा छ नै । वास्तविक कम्युनिस्टहरू जनमुखी, जनताको पक्षधर राष्ट्रियता र देशभक्तको पक्षमा हुन्छन् । कम्युनिस्ट पार्टीले सर्वहारावर्गको नेतृत्व गर्ने चलन छ । कम्युनिस्ट पार्टीको विशेषता भनेको यही हो । के अब साँच्चै नै ओली-प्रचण्ड साँठगाँठको कम्युनिस्ट पार्टीले यी कुरा पूरा गर्लान् त ?

ओली र प्रचण्डलाई नियतिले अब व्यक्तिगत स्वार्थ एवम् धनदौलत थुपार्ने अवसर नदिएकाले गर्दा साँच्चै नै देशहितको लागि नै काम गर्लान् भन्ने ठाउँ प्रशस्तै छन् । ओलीका सन्तान नहुनु र प्रचण्डलाई अब धनको लोभ नहुनुजस्तो देखिएकाले जनताको जनमतको कदर गर्दै शक्ति सञ्चय र जनताको परिवर्तनको चाहनालाई ओली-दाहालले पूरा गर्लान् कि ! भन्ने आशा धेरैको छ । हुन त विगतको समयलाई नियालेर हेर्ने हो भने नेपाली कम्युनिस्ट नेताहरू आ-आफ्नो पदप्राप्तिका लागि र व्यक्तिगत फाइदाका लागि लोभिएकै हुन् । साथै नेताहरूले आफ्नो अवसर र महत्वसँग सम्बन्धित रहेर कम्युनिस्ट शब्दको दुरूपयोग गरेकै हुन् । बुहारी विना मगरलाई प्रचण्डले मन्त्री बनाएपछि यी यस्ता कुरा आई नै हाल्छन् अर्थात् अझै पनि नेताहरू स्वच्छ छवि बन्न चाहेनन् कि क्या हो ! भन्ने ठाउँ प्रचण्डले राखे साथै नेपाली कम्युनिस्ट नेताहरू आफ्नो र आसेपासेका फाइदाका लागि कम्युनिस्ट विचारधारालाई प्रयोग गर्ने गर्छन् । विद्वान् र टाठाबाठाहरू आफ्नो महत्वाकांक्षाका लागि कम्युनिस्ट बनेको हुँदा नेपालमा कम्युनिस्टलाई वास्तविक कम्युनिस्ट भन्न म चाहिँ सक्दिन ।




हुन त संसारमा पुँजीवादको उपस्थिति रहेसम्म विश्वशान्तिको सम्भावनाको कल्पना गर्न सकिँदैन भने नेपालजस्तो दुई ढुंगाबीचको तरूललाई अमेरिका र उसको लगौटिया भारत तथा उत्तर कोरियाको अभिभावक चीनलगायतका शक्तिसम्पन्न मुलुकहरूको नियतमा भर पर्ने हुनाले ट्रम्प, सि जिन पिङ, मोदीहरूकै बोलवाला र चलखेल भइरहेको अवस्थामा नेपालमा कसलाई कुन बेला कसले प्रयोग गर्छन् र शासनसत्ता परिवर्तन हुन्छ भन्ने ग्यारेन्टी छैन । यसर्थ, नेपालको विकासका लागि चीन र भारतलाई दोस्तीको रूपमा चिनाउन नेपालले महत्वपूर्ण भूमिका खेल्नु पर्दछ । भारत र चीनबीचको चरम तनावलाई नेपालले सहयोगी भूमिका खेल्यो भने नेपालकै हित हुनेछ ।

एक चीन नीतिमा नेपालले आफ्नो विश्वास दिलाएपछि चीन आफ्नो सुरक्षाको चासोमा पञ्चशील सिद्धान्त, नेपाली भूमिमा चीन विरोधी गतिविधि हुन नदिने र नेपालमा बस्दै आएका तिब्बती शरणार्थीलाई चीन विरूद्ध लाग्न नदिने विषयमा चीनले सुनिश्चितता खोजिरहेको छ, जसलाई नेपालले सधैँ आफू चीनको अभिन्न मित्र रहेको कुरा गरेर विश्वास दिलाइरहेकै छ । नेपालमा गरिने जस्तोसुकै हस्तक्षेपले भारतलाई प्रभाव पर्छ र सुरक्षा एवं आर्थिक असर हुन्छ भन्ने कुरा बुझेको चीनले नेपालसँग सम्बन्ध सुमधुर बनाइरहेर सधैँ नै आफू नेपालको विकासमा सहयोगी बन्न तयार छु भन्दै आएको छ ।

भारत रिसाउला भनेर चीनले भारतलाई फकाउँदै नेपालसँग नजिकिँदै कदम नजिक बढाइरहेको छ । नेपालमा रेलमार्ग लगायतका विकासमा चीनले सहयोग गर्ने आह्वान गरि नै रहेको छ । रेमिट्यान्सले धानेर वर्तमानको अर्थतन्त्र चलेको मुलुकलाई चीन र भारतको सहकार्यमा आर्थिक विकास गरी नेपालको विकास साझेदार बनाउनेतर्फ वर्तमान प्रधानमन्त्री ओली लागुन् । चीन र भारत दाहिना भएकै बेला नेपाललाई झिलीमिली बनाउने अवसर ओलीलाई प्राप्त भएको हुँदा प्रचण्ड र ओलीले चाँडै पार्टी एकता गरी पाँच वर्ष स्थायी सरकारद्वारा देश विकास गरून्, यही छ जनताको इच्छा !! ◆◆

# डाक्टर बिना आफैं जान्ने भएर औषधी सेवन गर्नेहरूले धेरै दुःख पाएका छन्

**डा. विजयबहादुर राजभण्डारी,** वरिष्ठ चर्म तथा यौनरोग विशेषज्ञ



*वरिष्ठ चर्म तथा यौनरोग विशेषज्ञ डा. विजयबहादुर राजभण्डारीले नेपाली सेनामा रहेर चिकित्सक भई सेवा निवृत्त भई प्राइभेट क्लिनिक सञ्चालन गर्दै आउनुभएको छ । क्षेत्रपाटी अस्पताल र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान पाटन अस्पतालको सेवामा रही अनवरत रूपमा सेवा प्रदान गर्नुभई अनिवार्य अवकास प्राप्त गर्नुभएका डा. राजभण्डारीलाई पाटन लगायतका अस्पतालहरूको माध्यमबाट आम नेपाली जनसमुदायप्रति पुऱ्याउनु भएको अतुलनीय योगदानको उच्च मूल्यांकन गर्दै पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको वार्षिक दिवस २०७२ को पावन अवसरमा कदरपत्र समेत प्रदान गरिएको थियो । खम्पा विद्रोह दबाउन जाने टोलीको प्रमुख डाक्टर पात्रको रूपमा पञ्चायतकालमा डा. राजभण्डारीलाई चिनिन्थ्यो । 'अग्निचक्र' मासिकसँगको जम्काभेटमा डा. राजभण्डारीको भलाकुसारी जस्ताको जस्तै यहाँ प्रस्तुत गरिएको छ ।*

**डा. सा'ब आजकल रिटायर्ड लाइफ कसरी बिताउँदै हुनुहुन्छ ?**

– म अब बुढो भएँ । आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गर्ने डाक्टर हुँ । दीनहीन, असहायले अकालमै संसार छाडेर जान नपरोस् भन्ने मार्मिक दायित्वमा समर्पित रहन छ दशक अगाडि वि.सं. २०१३ सालमा स्थापना गरिएको क्षेत्रपाटी निःशुल्क चिकित्सालयमा २५ वर्षभन्दा बढी सेवा गरियो । यही कारण मलाई ससम्मान प्रशंसापत्र पनि त्यहाँबाट प्रदान गरिएको थियो । देश–विदेशबाट हिजोआज मलाई सम्मान गर्दै आएका छन् । हर्षित भएर जीवन बिताउँदै छु अझै पनि मेरो प्राइभेट क्लिनिकबाट स्वास्थ्य सेवा दिएर । वि.सं. २००३ सालमा पाटनमै जन्मिएको थिएँ । जीवन आनन्दमय छ मेरो ।

**नेपाली सेनामा कसरी प्रवेश गर्नुभयो ?**

– अल इण्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्समा पढ्न जान स्कलरसिप पाएँ । त्यहाँबाट एम्बीबीएस् पास गरिसकेपछि नेपाल फर्किनासाथ नेपाली सेनामा सेवा गर्नुपर्ने भएकाले जागिरमा प्रवेश गरियो । केही वर्ष नेपाली सेनामा स्वास्थ्यसेवी भएर बिताएपछि बेलायत जाने अवसर प्राप्त भयो । बेलायतमा चर्मरोग र यौनरोग सम्बन्धी विशेषज्ञता हासिल गरैं । पुनः नेपाल फर्किएर नेपाली सेनामा २० वर्ष सेवा गरेर रिटायर्ड भएँ ।

**नेपाली सेनामा तपाईंको अनुभव कस्तो रह्यो ?**

– पञ्चायतकालमा खम्पा अपरेसन गरिएको थियो । मनाङ, मुस्ताङलगायतका हिमाली क्षेत्रमा फ्रि तिब्बतको नारा लगाउने खम्पाहरू जो लडाकु थिए, गोलीगट्ठा र आधुनिक हतियार भएका खम्पाहरूलाई अमेरिका र केही पश्चिमा देशहरूले सहयोग पुऱ्याएका थिए । मित्रराष्ट्र चीनको अनुरोधमा नेपाल सरकारले खम्पा विद्रोहीहरूलाई धपाउन सफल भयौं हामीहरू । नेपाली सेनाका अधिकृत तथा जवानहरूको चर्मरोग र यौनरोग निर्मूल पार्दै मेरो २० वर्ष बिते ।

**अमेरिका र पश्चिमी देशको सहयोग पाएका तिब्बती खम्पा विद्रोहीलाई त्यति सजिलै धपाउन कसरी सफल हुनुभयो ?**

– भारतले बंगलादेश वारमा खम्पाहरूलाई लगेको थाहा पाएपछि थोरै संख्यामा रहेका खम्पाहरूलाई चीन सरकारको सुराकीका आधारमा तुरुन्तै एक्सन अपरेसन गरिएको हुँदा सफल भइयो । भारतले धेरैजना खम्पा लडाकुलाई बंगलादेश छुट्याउन प्रयोग गरेकै बेला चीन र नेपालको चलाखीले गर्दा खम्पाहरू धपाइए ।

**छालाका रोगीहरू नेपालमा कस्ता कस्ता भेट्नुभएको छ ?**

– हाम्रो देश नेपाल सब ट्रपिकल जोनमा पर्दछ अर्थात् नेपाल धेरै गर्मी पनि होइन र धेरै जाडो पनि नहुने क्षेत्र भएकाले र नेपालको गरिबी र कोर हाइजिन कन्डिसन भएकाले धुवाँ–धुलो र फोहोर पानीका कारण धेरै प्रकारका छालारोगी छन् नेपालमा । लुगा साटेर लगाउने चलन भएकाले धेरै छाला रोग कपडाबाटै सरेको पाइयो । जे पायो त्यही विज्ञापन हेरेको भरमा क्रिम–पाउडर, सनब्लक क्रिमहरू, फेयर एन्ड लभ्लीलगायतका फेयरनेस क्रिमहरू जथाभावी प्रयोग गरेकाले छाला रोगी बढेका बढ्यै छन् । आफूलाई जेले सुट गर्छ, जे फाप्छ, त्यही लगाउने, त्यो पनि छाला रोग विशेषज्ञ डाक्टरको सल्लाहअनुसार गर्नेहरू चाहिँ छालारोगबाट मुक्त छन् । अरू हल्लाको पछि लाग्नेहरू एलर्जी, फङ्गल, सिफलिस, सेक्सुअल ट्रान्समिसन डिजेज (STD) को शिकार भएका छन् । सेक्समा रमाउनेहरू, होमोसेक्स गर्नेहरू, जथाभावी असुरक्षित यौन सम्पर्क गर्नेहरू र जुन पायो त्यही साबुन, क्रिम दल्नेहरू रोगी बनेका छन् ।

**छालाका रोग र यौनरोगबाट बच्न तपाईंको सुझाव के छ ? र अन्तमा के भन्नुहुन्छ ?**

– आफैं जान्ने भएर छाला र यौन रोगको उपचार गर्नेहरूले धेरै दुःख पाएका छन् । डाक्टरसँग भेटेर राम्रोसँग जँचाएर उपचार गर्ने हो भने छाला र यौनरोग निको हुन्छ । बिरामी आफैं जान्नेसुन्ने भएर विज्ञापनको पछि लागेर दुःख पाएका छन् । औषधी आफैंले जान्ने भएर प्रयोग नगर्नुस् भन्छु । सही रोगलाई सही औषधी पऱ्यो भने ठीक हुन्छ र त्यसको पनि मात्रा हुन्छ । जँचाएर मात्र औषधी गरौं भन्न चाहन्छु । फंगल इन्फेक्सन, जुम्रा पर्ने, चिलाउने, एलर्जी हुने, महिलाको योनीबाट बग्ने सेतोपानी गुप्तांगको वरिपरि रौं वरपर लाग्यो भने पनि चिलाउने रोग हुन्छ । सेक्स रिलेसन गर्दा लोग्नेस्वास्नी जसलाई पनि बिमिरा आउन सक्छ । यस्तो हुँदा लोग्नेले स्वास्नीलाई शंका गर्ने र स्वास्नीले लोग्नेलाई शंका गर्छन् अरूसँग रिलेसन राख्यो कि भनेर । जुन गलत हो । सरसफाइमा ध्यान दिने हो भने र चिकित्सकको सल्लाहअनुसार गर्ने हो भने जुनसुकै छाला रोग र यौनरोग निको हुन्छ भन्ने मेरो अनुभवले भन्छ ।

म नेपालको एक चर्मरोग विशेषज्ञ डाक्टरको नाताले के भन्छु भने अनुशासन पालना गरेर जीवन बिताउने मान्छेलाई रोग सर्दैन र लाग्दैन पनि । इमान्दार मान्छे नै सुखी हुन्छ यो विश्वरंगमञ्चमा । धन्यवाद ।।

पुस्तक चर्चा – **प्रा. डा. देवीप्रसाद गौतम**


# यो समालोचना कृति नेपाली समालोचना परम्परामा उल्लेखनीय बन्न गएको छ

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवालीद्वारा लिखित अनुसन्धानमूलक समीक्षात्मक कृति 'शाकुन्तल महाकाव्यमा पूर्वीय दर्शन' पुस्तक पढ्ने अवसर प्राप्त भयो । दर्शनाचार्य तहको अध्यापनका सन्दर्भमा मैले ज्ञाननिष्ठजीमा साहित्यिक कृतिमा निहित वैचारिकता, विधागत सौन्दर्यचेत र कृतिनिष्ठ शैलीशिल्पगत सौष्ठवलाई सैद्धान्तिक परिप्रेक्ष्यमा हेर्ने र कृतिको भावजगत्लाई मानवीय मूल्यका सापेक्षतामा गहन एवं सूक्ष्म रूपमा विश्लेषण गर्ने प्राज्ञिक कौशल रहेको कुरा अनुभव गरेको हुँ । विभिन्न विधा र विषयका कृतिहरूलाई विविध सैद्धान्तिक आधार र अवधारणाका आलोकमा सन्तुलित तर गहन र तीक्ष्ण समीक्षासहित कृतिको मूल्य निरूपण गर्ने उहाँको समीक्षालेखनबाट उहाँमा विकसित हुँदै गरेको कृतिनिष्ठ व्यापक वैचारिक धरातलको अन्वेषणप्रतिको सजगताको समेत अनुभव गरेको हुँ । कृतिको भावजगत्को सूक्ष्म निरीक्षणसामर्थ्य, विषयगत गहिराइ र प्रस्तुतिगत मौलिकता उहाँको समीक्षालेखनको उल्लेखनीय पक्ष रहिआएको कुरा मैले महसुस गरेको विषय हो ।

यही सन्दर्भमा अन्तर्निरीक्षणात्मक कौशल, पर्यवेक्षणीय सचेतता र विश्लेषणात्मक सामर्थ्यको साक्षीका रूपमा उहाँको यो समालोचनात्मक कृति आएको मैले ठानेको छु । यो कृति उहाँको प्राज्ञिक निष्ठा, विश्लेषणात्मक सजगता र निर्णयात्मक सचेतताको गहिराइलाई सङ्केत गर्ने साक्षीको रूपमा अहिले पाठकसामु आएको छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'शाकुन्तल' महाकाव्यबारे विषयगत, विधागत, शैलीशिल्पगत आदि विभिन्न कोणबाट पूर्वअध्येयताहरूले विस्तृत रूपमा अध्ययन–अनुसन्धान गरिसकेको भए तापनि पूर्वीय दर्शनका आलोकमा देवकोटाको 'शाकुन्तल' महाकाव्यको पर्यवेक्षण भएको पाइँदैन । यस सन्दर्भमा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनबाट प्रतिपादित ईश्वर तथा जीवनजगत्माथिको पुस्तकाकारका रूपमा आएको विशद विवेचनासहित यो अध्ययन मौलिक र नवीन रहेको छ ।

यस अध्ययनमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको काव्यकृति विशेषतः 'भिखारी' कवितासङ्ग्रह, 'लक्ष्मी' निबन्धसङ्ग्रह तथा 'मुनामदन' खण्डकाव्यमा पाइने ईश्वर तथा जीवनजगत्सम्बन्धी चिन्तनलाई देवकोटाको




वैचारिकताको आधारका रूपमा प्रस्तुत गर्दै ईश्वर तथा जीवनजगत्लाई हेर्ने देवकोटाको वैचारिक भावभूमिका सापेक्षतामा 'शाकुन्तल' महाकाव्यको दार्शनिक दृष्टिकोणको गहन रूपमा विश्लेषण र मूल्याङ्कन गरिएको छ । साङ्ख्य दर्शनमा प्रतिपादित प्रकृति र पुरूष तथा प्रकृतिका जड र चेतन रूप, योग दर्शनमा वर्णित सांसारिक दुःख र मोक्षमार्ग, न्याय र वैशेषिक दर्शनमा विवेचना गरिएको कार्यकारणरूप अस्तित्व, सूक्ष्म भौतक पदार्थ (परमाणु) को सञ्चालकका रूपमा ईश्वरीय सत्ता र वेदान्त दर्शनमा प्रतिपादित ब्रह्म र मायाको अस्तित्वजस्ता आधारमा पूर्वीय दर्शनमा पाइने ईश्वरसम्बन्धी चिन्तनलाई आधार मानी 'शाकुन्तल' महाकाव्यको विश्लेषण गरिएको छ ।

यस कृतिमा 'शाकुन्तल' महाकाव्यमा वर्णन गरिएको प्राकृतिक जीवन र सामाजिक जीवनका आलोकमा मानवजीवन, प्रकृति र ईश्वर त्रिकोणात्मक सम्बन्धलाई समेत केलाइएको छ । यसै गरी यसमा आर्ष सभ्यतामा आधारित आध्यात्मिक जीवनजगत्, प्रकृतमा आधारित आध्यात्मिक जीवन, सत्यमा आधारित आध्यात्मिक जीवन, आधुनिक भौतिक जीवन, नेपाली जनजीवन आदिका परिप्रेक्ष्यमा ईश्वरीय अस्तित्वको खोजी गरिएको छ र यी विषयहरूमा अन्तर्निष्ठ वैचारिकताको आधारका रूपमा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनका प्रतिपाद्य विषयलाई केन्द्रबिन्दुका रूपमा प्रस्तुत गरिएको छ ।

यी विभिन्न दर्शनहरूले ईश्वरीय सत्तालाई फरक फरक रूपमा व्याख्या विवेचना गरे तापनि सबै दर्शनले भौतिक वास्तविकताभन्दा परको कुनै अज्ञात, निराकार, अव्याख्येय र स्वसत्तासम्पन्न आध्यात्मिक अस्तित्वलाई स्थापित गरेका छन् र देवकोटाको 'शाकुन्तल' महाकाव्यको भावभूमि पनि यही अध्यात्मचेतबाट अनुप्राणित छ भन्ने कुरालाई यस कृतिमा विभिन्न साक्ष्य दिएर पुष्टि गरिएको छ ।

दर्शन र कविता भिन्नभिन्न विषय भए तापनि महाकवि देवकोटाको प्रकृति, समाज र जीवनलाई हेर्ने दृष्टिकोण दर्शननिष्ठ छ र दार्शनिक धरातलका सापेक्षतामा कृतिको भावजगत् अडेको छ भन्ने कुरालाई यस कृतिमा पुष्टि गरिएको छ ।

समालोचक ज्ञाननिष्ठ ज्ञवालीद्वारा यस अध्ययनमा मूल रूपमा पूर्वीय षड्दर्शनका आधारभूत मान्यताको विस्तृत विवेचनाका साथै साहित्यिक कृतिमा पाइने वैचारिकताको अवधारणागत आधारको समेमत विवेचना तथा विश्लेषण गरिएको हुँदा सैद्धान्तिक तथा प्रायोगिक समीक्षा दुवैको समावेशनका कारणबाट यो समालोचना कृति नेपाली समालोचना परम्परामा उल्लेखनीय बन्न गएको छ । उहाँको सैद्धान्तिक तथा व्यावहारिक समालोचना लेखनको निरन्तरताको अपेक्षा गर्दै समीक्षा सचेतताको निरन्तर विकासको कामनासहित यो अनुसन्धानात्मक कृति प्रकाशन गर्नुभएकोमा साधुवाद दिन चाहन्छु । ◆◆

# ठूलो सपनाचाहिँ सजाएको थिएँ

म यतिखेर सोच्दै छु- म को हुँ ? म यस धर्तीमा किन जन्मैं ? मेरो कर्तव्य के हो ? मैले अब के गर्ने ? इत्यादि । यसको उत्तर मेरो कृतिले केही समाधान गर्ला ।

म मेरो विगत सम्झन्छु । वर्तमान केलाउँछु । भविष्य पनि सोच्छु । यो त गर्नै पर्छजस्तो लाग्छ मलाई । सबैलाई यस्तो नलाग्न सक्छ, नहुन सक्छ । जे होस्, म केही भन्छु, भन्दै छु, विविध सन्दर्भमा ।

प्रस्तुत कृतिका सन्दर्भमा भन्नुपर्छ म प्रथमतः गुल्मीको श्री थोर्गा च्यूरेक प्रा.वि., श्री रूरू प्रा.वि. रिडी, श्री संस्कृत मा.वि. रिडी तथा श्री रूरू संस्कृत क्याम्पस, रिडीप्रति कृतज्ञ छु । जुनजुन स्कुल, कलेजको अध्ययनको पृष्ठभूमिले मलाई यहाँसम्म पुग्ने वातावरण मिलेको छ । त्यसपछि मलाई जजसले हौसला र मार्गदर्शन गर्नुभएको वा सकारात्मक प्रेरणा दिनुभयो, उहाँहरूप्रति कृतज्ञताज्ञापन गर्दछु ।

मलाई यस्तो बनूँला, उस्तो बनूँला भन्ने कुनै तीव्र महत्वाकाङ्क्षा त थिएन तर पढेर केही होला भन्ने ठूलो सपनाचाहिँ सजाएको थिएँ, जुन सबैले सजाउँछन् होला । म अहिले जे छु, जे गर्दै छु, जुन रूपमा अगाडि बढ्दै छु, यसमा मेरा पिताजीको आशीर्वाद, माताजीको स्नेह सागर र अन्य आफन्तजनको हौसलाको समष्टि हो भन्ने मलाई लागेको छ ।

लक्ष्मीप्रसाद देवकोटा आध्यात्मिक महाकवि हुन् भन्ने कुरा त मैले यस कृतिमा विभिन्न साक्ष्यहरूलाई सैद्धान्तिक कसीमा राखेर प्रमाणित गरेकै छु । 'शाकुन्तल' (वि.सं. २००२) महाकाव्यलाई देवकोटाले यो महाकाव्य लेख्दा नै बुझेर पढदिने एक हातका पाँच औंलामा गन्न पाए पुग्छ भनेका रहेछन् । यसको भूमिका पढ्दा यही बुझिन्छ । मैले कति बुझ्न सकैं, कति दार्शनिक चिन्तनका कोणबाट व्याख्या गर्न सकैं, त्यो त विज्ञजन, पाठकवर्गबाट मूल्याङ्कन हुने नै छ । मूल्याङ्कन नभए पनि म के गरूँ त ?

प्रस्तुत कृतिलाई यस रूपमा ल्याउनका लागि मेरा आदरणीय गुरू प्रा. केशव सुवेदीले दिनुभएको मार्गदर्शनलाई मैले मेरा हृदयमा



सजाएको छु । उहाँप्रति कृतज्ञताज्ञापन गर्दछु । त्यस्तै मेरा आदरणीय गुरू प्रा. डा. कृष्ण घिमिरप्रति म हार्दिक आधार व्यक्त गर्दछु ।

मेरा आदरणीय गुरू प्रा. डा. देवीप्रसाद गौतमको मन्तव्य पढेपछि त मैले कृतिबारे एक

**लेखकका प्रकाशित कृतिहरू**

१. आख्यानकार विश्वेश्वरप्रसाद कोइराला (२०६१) समालोचना
२. किम्बुको मसी (२०६२) बालकथा, (तेस्रो संस्करण २०७४)
३. जनावरहरूको सभा (२०६२) बालकथा, (छैटौं संस्करण २०७३)
४. भूमिका सिद्धान्त र ज्ञवालीका भूमिका (२०६३) समालोचना
५. सफल जीवन (२०६४) बालकथा
६. लोकतन्त्रको स्वाद (२०६७) व्यङ्ग्य निबन्धसङ्ग्रह
७. विशाल र रीताको सफलता (२०६८) बालकथा
८. रुम टु रिडबाट पन्ध्रवटा डिकोडेबल सामग्री (२०७०) सहलेखन
९. खरायोको पोको (२०७०) बाल पाठ्यसामग्री
१०. केटाकेटीको पुस्तकालय (२०७१) बालकथा
११. हजुरआमा र नातिनातिना (२०७१) बालकथा
१२. रमाउँदै पढौं (२०७१) बालकविता
१३. भाषण कला (२०७१) बोल्न सिकाउने कला
१४. समालोचना पुष्प (२०७१) समालोचना
१५. शिव एक रूप अनेक (२०७५) विधामिश्रण
१६. शाकुन्तल महाकाव्यमा पूर्वीय दर्शन (२०७५) समालोचना
१७. विभिन्न तहका पाठ्यपुस्तक र अभ्यास पुस्तकहरू
१८. विभिन्न विधाका दर्जनौ लेखरचनाहरू फुटकर रूपमा प्रकाशित
१९. विभिन्न विधाका दुई दर्जन सम्पादित कृतिहरू

शब्द नबोले, नलेखे पनि हुन्छ भन्न ठानेको छु । यति कसिलो र गहन भूमिकाका लागि गौतम गुरूप्रति कृतज्ञताका शब्दहरू सजाएको छु । मलाई अत्यन्तै स्नेह गर्ने आदरणीय गुरू प्रा. शिवगोपाल रिसालज्यूप्रति कृतज्ञता निवेदन गर्दछु ।

स्वाध्याय परिवार तथा मेरा अग्रजहरू सहप्रा. शकुन्तला खत्री, सीताराम खत्री, प्रभा रिसाल अर्याललाई त म बिर्सनै सक्दिन । यस कृतिलाई प्रकाशन गरिदिनुभएकोमा मेरा आदरणीय अग्रज कवि हरिविक्रम के.सी. तथा गोमा के.सी. प्रति म हृदयतः आधार व्यक्त गर्दछु । आवरण कलाका लाग मेरा प्रिय मित्र वरिष्ठ कलाकार शान्ता हिताङलाई जति धन्यवाद दिए पनि मलाई पुग्दैन । मलाई योग्यता र नियमानुसार एफ.फिल. फ्याकल्टी फेलोसिप अवार्ड (२०७३) प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक आभार प्रकट गर्दछु । ◆◆

## अन्तरजगत्मा पुग्न हामीलाई आफूभित्र हेर्ने आँखा चाहिन्छ

**— हरिविक्रम के.सी./गोमा के.सी.**

ठूलाठूला आध्यात्मिक ठेलीहरू खारेर आफ्नो विचार बनाउन, ब्रह्मानन्दको ज्ञान प्राप्त गर्न आजको भौतिक दुनियामा मानिसलाई समय निकाल्नै कठिन छ । विद्वान् लेखक उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवालीबाट परिश्रमपूर्वक अध्ययन–अनुसन्धान गर्नुभई सरल भाषामा प्रस्तुत कृति तयार पार्नुभएकाले पाठकसामु आएको छ ।

'शाकुन्तल महाकाव्यमा पूर्वीय दर्शन' नामक यस कृतिले अध्ययन, अध्यापन र अनुसन्धान गर्ने इच्छा भएका व्यक्ति, विद्यार्थी, प्राध्यापक र पाठकवर्गलाई ठूलै लाभ पुऱ्याउनेछ भन्ने दृढ विश्वास गरी यो पुस्तक प्रकाशन गर्न हामीलाई प्रेरणा मिलेको हुँदा प्रकाशनार्थ सानो जमर्को गरेका छौं ।

प्रस्तुत कृतिले प्रत्येक पाठकलाई ईश्वर, जीवनजगत् र अध्यात्मज्ञानको कोसेली ल्याएको छ । यसभित्र ईश्वर के हो ? जीवनजगत् के हो ? मानिसले आफ्नो जीवनलाई कसरी सरल र सुखी बनाउने भन्ने कुराको उत्तर समेत पाठकले सरल तरिकाबाट प्राप्त गर्नेछन् ।

आधारमा यो सानो छ तर शरीरमा आँखाको जुन महत्व छ ठीक त्यस्तै समाजलाई यसको आवश्यकता पर्दछ किनभने अन्तरजगत्मा पुग्न हामीलाई आफूभित्र हेर्ने आँखा चाहिन्छ । यसको प्रकाशन गर्ने अवसर प्रदान गर्नुभएकोमा ज्ञाननिष्ठ ज्ञवालीमा हार्दिक धन्यवाद । ◆◆

# झन्डै झन्डै गएको : यो पनि इतिहास हो

सम्झना मात्र शेष छ । बाँकी विगतमा बिलाए । तिनलाई तानेर ल्याएको - कवितामा, काव्यमा । पढ्नेलाई मीठो लागे राम्रै भयो । नमीठो लागे पनि राम्रै भयो, पढ्न त पढे नि ! घटना साधारण तर आफूलाई विशेष । यो पनि एउटा इहिास हो । पहिलो घटना वि.सं. २००० तिरको होला, दोस्रो २००१ वा २००२ तिरको हो कि ! तेस्रो त यही २०७४ मार्ग ९ गते शनिबारको घटना हो । यस्तै - यस्ता घटना-दुर्घटना धेरै छन् तर यी तीनबाट यो शरीर फर्केर आएको हो, झण्डै - झण्डै गएको ।

श्री परब्रह्म परमात्माको कृपाले फर्काइएँ । केही गर्न बाँकी भएरै होला । अबका दिन कस्ता हुने हुन् थाहा छैन । फर्केर आउनु पर्ने काम यही जीवनमा, यही शरीरमा सक्ने हो । यो शरीर छुटेपछि फेरि अर्को शरीर लिएर भने आईंदैन । वासना छैन । वेदान्त त आफ्नै विषय र सम्पत्ति अनि सर्वस्व नै भएकाले यो खण्डकाव्य घटनाप्रधान भए तापनि अध्यात्मचिन्तनमा न्यूनता आउन दिएको छैन । अध्यात्म, वेदान्त, ईश्वर, परमात्मा, ब्रह्म आदिको प्रसङ्ग आएन भने कविता, काव्य र साहित्य बन्दै बनेन नि । यो आफ्नो मौलिक मान्यता हो । पाठक वा लेखक, कवि वा स्रष्टा आ-आफ्नो मन्तव्य दिन स्वतन्त्र छन् । आफ्नै अभिव्यक्ति त हो नि कविता, काव्य वा साहित्य भनेको पनि । त्यति मात्र होइन यो विश्व-ब्रह्माण्ड नै आफ्नो दृष्टिकोण अनुसार बनेको छ, बनाइएको छ, व्याख्यान गरिएको छ, बुझिएको छ ।

दाँत, छाती र पेटको रोगले सताइएको, अमलपित्त र कमलपित्तले हैरान पारेको र अस्पतालमा उपचार गर्नुपरेको घटना त कति छन् कति । तर फर्केरै आएको त यी तीन घटनामात्र हुन् । पहिला दुईका साक्षी त म आफूमात्रै हुँ । पछाडिको घटना त हालसालकै भएकाले डा. पारस आचार्य, डा. लव जोशी, डा. तोरण के.सी., रेणु, राधा, दीपक, बसन्त, गोविन्द, नारायण, गायत्री लगायत धेरै नै साक्षी छन् । अनि स्वाध्याय परिवार, पाटन र मेडिसिटी अस्पताल । इतिहास हो कसैलाई काम लागेछ रे भने भलै भयो । घटनापक्ष यस्तै-उस्तै भए पनि वेदान्त त कल्याणकारकै हुन्छ नि - बुझेर पढे, पढेर बुझे । धन्यवाद ! शिवमस्तु !








*१/२. हालै प्रकाशित प्रा. शिवगोपाल रिसालको ५८औं कृति र ५९औं कृति*

# परमात्माको कृपा र प्रेरणा पाइयो

'श्रीविष्णुसहस्रनामस्तोत्रम् पाठ गर्‍यो भने पुण्य हुन्छ, धर्म हुन्छ' भनेर एकजना सन्त, महात्माले भन्नुभएकाले केटाकेटीदेखि नै पाठ गर्ने गर्दथेँ । नेपालीमा अनुवाद गर्ने प्रेरणा उनै परमात्मा श्रीविष्णुले दिनुभयो र वि.सं. २०४९ मा सो पवित्र काम सम्पन्न भई ग्रन्थाकारमा प्रकाशित पनि भयो । वि.सं. २०६४ सालमा श्रीप्रेमप्रसाद काफ्लेज्यूको अनुरोधमा प्रत्येक नामको अनुवाद र फलस्तुतिसहित हजार नाम थपिएको दोस्रो संस्करण प्रकाशित भयो । वि.सं. २०६७ मा केही संशोधन गरियो र पद्मपुराण एवम् स्कन्धपुराणमा भएका अन्य दुई विष्णुसहस्र नाम एकै ठाउँमा समावेश गरी अलि ठूलो आकारमा श्रीप्रेमप्रसाद काफ्ले र श्रीदधिराम पौडेल समेतको अर्थ सहयोगमा तेस्रो संस्करण प्रकाशित भयो ।

अनुवाद गर्दा प्रशस्त परिश्रम परेको र सबभन्दा बढी संस्करण छापिएको प्रस्तुत ग्रन्थलाई कुनै समीक्षक (स्व. भरतराज पन्त) ले मेरा ग्रन्थहरूमध्ये सर्वोत्कृष्ट भन्ने उपाधिले विभूषित गरिदएका थिए, आफ्नो समीक्षात्मक टिप्पणीमा । त्यस्तै एकजना महान् अनुसन्धाता, समालोचक, अध्यात्मपरायण नेपाली वाङ्मयका असाधारण पुजारी (स्व. कमलमणि दीक्षित) ले यसलाई आफ्नो सिरानमा राखेर सुत्ने र उठेपछि पाठ गर्ने गरेको छु भनेर अनुवादकलाई आफ्नो सुत्ने कोठामा लगी सिरानीबाट श्रीविष्णुसहस्रनामस्तोत्रम्को तृतीय संस्करणको ग्रन्थ देखाएका थिए ।


यो ग्रन्थ आज वि.सं. २०७४ मा आएर चतुर्थ संस्करणको रूपमा अलि पातलिएर प्रकाशित भएको छ । प्रकाशन सहयोगी श्री प्रेमप्रसाद काफ्ले, श्री दधिराम पौडेलको अनुरोध अनुसार श्रीविष्णुसहस्रनामस्तोत्रम् मूल, त्यसको पद्यात्मक अनुवाद एक हजार श्लोक, त्यसको माहात्म्य र चतुर्थ्यन्त मात्र यस संस्करणमा राखिएको छ । यसले पनि ग्रन्थको महिमामा न्यूनता पटक्कै आएको छैन । तृतीय संस्करणमा परेको कोश शैलीमा गरिएको अनुवाद यहाँ राखिएन, त्यति आवश्यक पनि देखिएन रे । बाँकी उनै परब्रह्म परमात्माको इच्छा हो, कृपा हो । धेरै-धेरै धन्यवाद ! आशीर्वाद ! प्रकाशित ग्रन्थका क्रममा मेरो यो ५९ औं ग्रन्थ हो । शिवमस्तु !







*३/४. प्रा. रिसालद्वारा अनुवादित तथा गीताप्रेसबाट हालै प्रकाशित आध्यात्मिक कृतिहरू*



# वर्ष पुस्तक मुलुकभरको बौद्धिक क्षेत्रको अभिलेखनमा लागेको छ

## विनयकुमार शर्मा नेपाल

शोध-खोज गर्ने र इतिहास, समालोचना लेख्नेका लागि यसले भविष्यमा पक्कै राम्रो योगदान दिनेछ ।

*नेपाली साहित्यको फाँटमा उपन्यास, कथा, कविता, समालोचना, निबन्ध र विभिन्न भाषाका शब्दकोश लगायत चार दर्जनभन्दा बढी कृतिका सम्पादक तथा सर्जक विनयकुमार शर्मा नेपाल (साहित्य संवर्द्धन केन्द्रका महासचिव) सँग **साहित्य दिवस** तथा **वर्ष साहित्य पुस्तक**को बारेमा **अग्निचक्र**ले लिएको अन्तर्वार्ता :*

***साहित्य संवर्द्धन केन्द्रको बारेमा अलिकति बताइदिनुहोस् न ?***

– यसको निक्कै लामो कथा छ, म छोटकरीमा सक्छु । २०५९ सालको पुसमा केही साथीहरू बीच गफैगफमा एउटा '**महाकाव्य दिवस**' मनाउन पाए त हुन्थ्यो नि भन्ने कुरो निस्क्यो । कुरो कुरै हो, कुरैमा सेलायो । कहिले काहीँ प्रसङ्ग उठ्दा साथीहरूले तिमी त कार्यक्रमहरू गरिरहन्छौ त्यसैमा यसो तालमेल मिलाएर घोषणा गरिदेऊ न पनि भने तर मलाई लाग्छ एउटा संस्था त खल्तीमा दुईचार हजार भए खुलिहाल्छ तर त्यसलाई निरन्तर बचाइ राख्न गफ गरेजस्तै सजिलो भने हुन्न । नाम र धन कमाउन सजिलो छ तर बचाउन गाह्रो छ । गफ गर्न सजिलो छ र काम गर्न गाह्रो छ । त्यो त्यतिकै रह्यो । लगभग दश वर्षपछि २०६९ पुसमा एक दिन मित्र भुवनहरि सिग्देल, बुनू लामिछाने, नरेन्द्र पराशर र मबीच छलफल भयो र महाकाव्यबाट व्यापकताको खोजीमा 'काव्य दिवस'सम्म पुगियो । यसपछि यस विषयमा मैले प्रा. राजेन्द्र सुवेदीज्यूसँग छलफल गरैँ ।

राजेन्द्र सुवेदी सरले अति नै सहृदयतासाथ हामीलाई मार्ग निर्देशन गर्न स्विकार्नु भयो र 'साहित्य दिवस' नामको प्रस्ताव गरेर यस विषयलाई अझै व्यापक बनाई दिनुभयो अनि यसको दायरा बढाउँदै लग्नुपर्छ भन्ने विचारले पटक-पटक औपचारिक/अनौपचारिक छलफलहरू गरिए । प्रत्येक छलफलमा केही साथीहरू थपिनुभयो । केही साथीहरू भने काम गर्ने बेलामा बीच बीचमा हराउन थालेको अनुभव पनि बटुलियो ।

जे होस् जसरी होस् आँटेको कामलाई टुङ्गोमा पुऱ्याउनै पर्छ भनेर प्रा. राजेन्द्र सुवेदी, बुनू लामिछाने, भूवनहरि सिग्देल, दुर्गाप्रसाद नेपाल र यो विनयकुमार भने कामै नपाएको मान्छेजस्तो लागेको लागेकै गरे र त्यसको फल २०६९ चैत्रको १७ गते विभिन्न विधाका लगभग ३० साहित्यकारबीच यस विषयमा के ? किन ? कसरी ? भन्ने गहिरो बहस भयो, तर साहित्य दिवसको औचित्यमाथि भने कसैले शङ्का गर्न सकेनन् ।

संसारमा विभिन्न कारण देखाइ अनेक दिवस मनाइँदै आइएको छ तर साहित्य दिवस अर्थात् Literary Day भनेर मनाएको कतै सुनिएको छैन, त्यसो भनेर हामीले पहिलोको दाबी गर्नु जरूरी पनि छैन, सबै जानकारी हामीसम्म आई नपुगेको पनि हुनसक्छ । साहित्यका केही विधाहरूको यहाँ पनि दिवस मनाइएको सुनिन्छ तर ती कुनै पनि औपचारिक बन्न सकेको देखिन्न । सीमित स्रष्टाहरूले सीमित ढङ्गले हिँड्नुभन्दा सबैले एउटै छाता मुनि रहेर सबै वर्ग, दल, जाति, लिङ्ग, भाषाका प्रतिनिधि हुने गरी एकसाथ अगाडि बढ्न सके साहित्यको फाँट अझै फराकिलो होला कि भनेर साहित्य संवर्द्धन केन्द्रको स्थापना गरियो । साहित्य दिवस साहित्य संवर्द्धन केन्द्रकै एउटा कार्य हो ।

२०७० वैशाख ६ गते १२ बजे लगभग १०० स्रष्टाबीच छलफल गरियो । छलफलमा प्रा. राजेन्द्र सुवेदीज्यूले अवधारणा-पत्र राख्नुभयो । त्यसै दिन २ बजे सत्यमोहन जोशीज्यूको सभापतित्व र पूर्व प्रधानमन्त्री माधव नेपालको प्रमुख आतिथ्यमा राष्ट्रकवि माधवप्रसाद घिमिरे, उपन्यासकार मदनमणि दीक्षित, कोषकार वसन्तकुमार शर्म्मा नेपाल, कवि कृष्णप्रसाद पराजुली, कमलमणि दीक्षित, सुश्री भद्रकुमारी घले, प्रा.डा. वासुदेव त्रिपाठी, प्रा.डा. चूडामणि बन्धु, आनन्ददेव भट्ट, नित्यराज पाण्डे, भानुभक्त पोखरेल लगायतका ४०० स्रष्टा उपस्थित रहेको विशाल समूहबीच साहित्य दिवसको घोषणासँगै केही पुरस्कारको पनि आरम्भ गरियो ।

***यसले के के काम गरेको छ नि ?***

१. 'साहित्य दिवस' त एउटा कार्यक्रम मात्र हो । अरू गर्ने काम धेरै छन् तर पनि आरम्भमा हामीले केही कामहरूको सुरूआत गरेका छौँ ।
२. साहित्यको प्रत्येक विधाको ग्रन्थको रेकर्ड राखेर एउटा साहित्यको वर्ष पुस्तक निकाल्ने र त्यसबाट नेपाली साहित्यको पुस्तकहरूको अभिलेखन हुनेछ यसको सुरूआत भैसकेको छ

२०७१ सालदेखिको वर्ष साहित्य पुस्तक आइरहेको छ।

३. वर्ष पुस्तकको प्रकाशनले हामी कहाँ पुस्तकहरू जम्मा हुने क्रम बढ्दो छ । यसलाई अलि बढाएर एउटा राष्ट्रियस्तरको अनुसन्धानमुखी पुस्तकालय खोल्न सकिन्छ कि भन्ने सोचमा छौँ ।

४. भाषा-साहित्यका विभिन्न विधाहरू समेटेर पुरस्कार र सम्मानको थालनी गर्ने, २०७० देखि नै यसको कार्य आरम्भ भएको हो हाल आठ क्षेत्रमा यसले सम्मान पुरस्कार प्रदान गरिरहेछ ।


***यसको लागि स्रोत के छ नि तपाईंहरूसँग ?***


– हेर्नोस् धन आज आउने भोलि जाने कुरा हो, धन कहिल्यै कसैको भएन । हिजोका धनीका पुस्ताहरू धनकै कारण नालायक भएर गरीब बनेका प्रशस्तै इतिहास पनि छ । जोसँग छैन उसले जेनतेन दुःख गरेर कमाउँछ र जम्मा गर्छ । अर्को पुस्ताले विनाश्रम पाएको धन प्रयोग गर्न नजानेर घटाउँछ, तेस्रो पुस्ता वा चौथो पुस्ता पुग्दा गरिब धनी र धनी गरिबमा परिवर्तन नहुने एक प्रतिशत पनि होलान् वा यसो नहुने नहोलान् भन्न सकिन्न । फेरि मर्दा कसैले केही लिएर जान सक्दैन ।

यहाँ कमाएको ज्ञान, धन, बुद्धि, विवेक आदि सबै बेलैमा बुझेर यहीँ बाँडेर जान सके राम्रो हो । बाँड्न कञ्जुस गरेर पनि कसैले के लिएर गएका छन् र ? त्यो खेर हाल्नु सट्टा यहीँ प्रयोग गर्न जाने बरु केही काल तिनको नाम सुनिने हो, आफ्नै पुस्ताको काम आउने हो । धन, ज्ञान, बुद्धि, अनुभव प्रयोग गर्ने कुरा हुन्, ठीक ढङ्गले राष्ट्रको लागि ठीक ठाउँमा प्रयोग गरौँन भन्दा साथी भाइ भेटिएलान् कि ? नेपालीहरू साह्रै मनकारी छन्, हुँदै जाला । आशा राखौँ समयले व्यवस्थापन गराउला ।

***'वर्ष साहित्य पुस्तक २०७३' मेरो हात पऱ्यो नि त ! यसको विशेषता के हो नि ?***

– यो वर्षभरि देशबाट निस्केका नेपाली साहित्यका पुस्तकहरूको लेखक र कृतिको प्रवृत्तिसहितको टिप्पणी भएको पुस्तकहरूको परिचय दिने पुस्तक हो । यो काम नेपाली साहित्य फाँटमा धेरै अगाडिदेखि नै भइसक्नु पर्ने थियो तर कतैबाट भएन । आरम्भको प्रयाससम्म हामीले गरेका छौँ, बाधा, व्यवधान क्रमशः हट्दै जान्छ भन्ने कुरामा पनि हामी पूर्णतया विश्वस्त छौँ । 'प्रयास गरौँ, प्रयास कहिल्यै खेर जाँदैन' भन्ने मेरो मतले निरन्तरता र श्रमको खाँचोलाई पनि औँल्याइरहेको देखिन्छ । 'मन भएपछि धनको के खाँचो ?' अनगिन्ती विकल्प पनि त खुल्दै जालान् नि !







***यसले के के फाइदा देला त नेपाली साहित्यलाई ?***

– पुराना स्रष्टा र पुस्तक बारे सोध, खोज, अनुसन्धान गर्न अन्वेषकहरूलाई परेको कठिनाइलाई यसले निरन्तरता पाइरह्यो भने निश्चय नै भविष्यमा गरिने वा हुने अनुसन्धानमा केही प्रभावकारी भूमिका अवश्य नै पूरा गर्नेछ भन्नेमा हामी ढुक्क छौँ ।

***यस्तो प्रयास अन्तबाट भएको छैन ?***

– मेरो जानकारीमा आएसम्म छैन । कतै कुनै देशमा निस्केको भए थाहा भएन । हाम्रो देशमा यस्तो काम सरकार, शिक्षा संस्कृति मन्त्रालय वा प्रज्ञा प्रतिष्ठान जस्ताले गर्नु पर्ने हो तर ती संस्था र त्यसमा रहने वा रहेका व्यक्तित्वहरू भागभण्डा र ठेकदारीमा डुबेकाले हुन सकेको छैन । देशका प्रबुद्ध वर्ग साहित्यकार, दार्शनिक, वैज्ञानिक आदि व्यक्तित्वहरूको रेकर्ड राख्ने काम सरकारको हो तर हामी कहाँ यस्ता प्रबुद्ध वर्ग आफैले आफ्नो परिचय आफ्नो पुस्तकमा राखेर अस्तित्व बचाउनु परिरहेको छ, यो ठूलो बिडम्बना हो । रहरैरहरले 'साहित्य संवर्द्धन केन्द्र'को स्थापना भो, रहरैरहरले वर्ष पुस्तकको परिकल्पना भो रसाकार पनि भो, तर यसले भविष्य भविष्यसम्म निरन्तरता पाइरहनुपर्छ ।

***यो कहिले कहिले निस्कन्छ नि ?***

– हरेक वर्षको वैशाखदेखि चैत्रसम्ममा प्रकाशित पुस्तकहरूको नालीबेली यसमा राखिने प्रयास हुनेछ । हरेक ज्येष्ठ महिनामा यसको प्रकाशन हुनेछ । २०७२ को भूकम्प र नाकाबन्दीको कारणले केही ढीलो हुन गयो ।

***यसमा के कति काम भए र के के हुन बाँकी छन् ?***

– २०७१, २०७२ र २०७३ को वर्ष साहित्य पुस्तकमादेशभरिबाट निस्केका एक हजारभन्दा बढी पुस्तक समावेश भएका छन् । वर्ष वर्ष प्रकाशित पुस्तकहरू यसमा समेटिएका छन् । कुनै छुट भएको कृति प्राप्त भएमा अर्को वर्षको वर्ष पुस्तकमा परिशिष्ट भित्र राखिएको छ ।

***अनि के लेखक प्रकाशकले साथ दिएका छन् त ?***

– यस्तो खोजीको काम खोज गर्ने संस्था वा व्यक्तिको रहर र बाध्यता त हो नै तर खोज गरिने पुस्तकका स्रष्टा, प्रकाशकले पनि यसलाई आफ्नो दायित्व ठानेछन् भने अवश्य नै यसले हरेक वर्ष पूर्णता पाउने नै छ । लेखक प्रकाशक जसले आफ्नो पुस्तकको जानकारी माग्दा निराश पारे त्यसबाट आउँदो वर्षमा अवश्य मुक्ति पाइनेछ भन्नेमा हामी विश्वस्त छौँ ।

***यसमा पत्रकार र पत्रिकाको पनि केही भूमिका छ कि ?***


– अवश्य ! साहित्य र पत्रकारिता परस्पर अन्तरसम्बन्धित कुरा हुन् । यो 'वर्ष पुस्तक'ले निरन्तरता पायो भने अवश्य नै यसले देशको एउटा ठूलो बौद्धिक क्षेत्रको अभिलेखन गर्नेछ र शोध खोज गर्ने र इतिहास, समालोचना लेख्नेका लागि यसले भविष्यमा पक्कै राम्रो योगदान दिनेछ भन्ने कुरामा शङ्का छैन । यस्तो महत्वपूर्ण कार्य केही व्यक्तिले मात्र गरेर हुँदैन यसमा सबैको सरसहयोगको खाँचो छ । तपाईंहरूबाट पनि आफ्नो पत्रिका मार्फत यसको जानकारी वा सूचना जनतासम्म पुऱ्याइदिनु होला भन्ने ठूलो सहयोगको अपेक्षा हामीले राखेका छौँ ।

***पाठक र साहित्यप्रेमीहरूलाई अन्तमा केहि भन्नु छ त ?***

– वर्ष पुस्तक ०७४ को तयारीमा हामी लागिसकेका छौँ त्यसैले आफ्ना प्रकाशित पुस्तक फागुन मसान्त भित्रमा हामीलाई पठाउनु होला । वर्ष पुस्तकको लागि पुस्तक उपलब्ध गराउने ठाउँ- **साहित्य संवर्द्धन केन्द्र वा शब्दार्थ प्रकाशन चाबेल, गणेशस्थान ४४९७३५१, ९८४१४९६१०३**
email: shabdarthaprakashan@gmail.com
web : http://www.nepalipublisher.com

अन्तर्वार्ताका लागि यहाँलाई धन्यवाद ! ◆◆

# मिडियामा आएका कृति मात्र राम्रा भन्ने भ्रमको सृजना हुन गएको छ



*नेपाली समालोचनाको उत्तरवर्ती चरणमा निकै क्रियाशील समालोचकमध्ये **ज्ञानु अधिकारी** देखिनुहुन्छ । त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनरत अधिकारीका **प्रायोगिक समालोचना : केही प्रतिरूप, नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण, नेपाली कथाको इतिहास, पाश्चात्य साहित्य : इतिहास, प्रतिभा र प्रवृत्ति, साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना**लगायत एक दर्जनभन्दा बढी समालोचना कृति प्रकाशित छन् भने उहाँले वर्ष साहित्य पुस्तकका २०७१, २०७२ र २०७३ गरी तीन पुस्तकसमेत लेख्नुभएको छ । उहाँका समालोचना र वर्ष साहित्य पुस्तकका केन्द्रीयतामा रहेर **अग्निचक्र**ले लिएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ :*

## – **ज्ञानु अधिकारी**, समालोचक

***तपाईँ पछिल्लो समय समालोचना विधामा निकै सक्रिय देखिनुहुन्छ । यहाँको समालोचना यात्रा के कसरी सुरु भयो र अरू विधालाई छाडेर समालोचनातिर नै किन तानिनु भयो ?***

– मैले समालोचना लेखनको यात्रा प्रारम्भ गरेको एक दशकभन्दा बढी भयो । खासगरी स्नातकोत्तर तहमा पढ्दादेखि नै यस विधातर्फ मेरो आकर्षण बढेको हो । विभिन्न साहित्यिक कृतिहरू पढ्दा कृतिसँग संवाद गरीगरी पढ्ने बानी पहिलेदेखि नै थियो । पढ्दा एक प्रकारको आनन्द लाग्ने र त्यसका अर्थहरूसँग खेल्न मन पराउने हुनाले पनि यस विधामा कलम चलाउँदा मलाई रमाइलो लाग्छ । लेख्दै जाने क्रममा यस विधाका कारण मैले धरै ज्ञान आर्जन गर्ने अवसर पाएँ । यस विधामा बिस्तारै सक्रियता बढ्न थालेपछि अन्य सृजनात्मक विधा स्वतः पछाडि छोडिन गयो र बढी यसैतर्फ केन्द्रित भइयो ।

***समालोचनामा नारीहरूको उपस्थिति अत्यन्त कम देखिन्छ, किन होला ?***

– नेपाली समालोचना लेखनमा नारी समालोचकहरूको उपस्थिति न्युन छ, यो सत्य हो । समग्रमा शिक्षा र साहित्यमा नारीको पहुच नै धेरै पछि मात्र पुग्यो, त्यसकारण पनि समालोचनामा मात्र होइन समाजका हरेक पक्षमा नारीको उपस्थिति अपेक्षाकृत रूपमा न्युन नै रहेको छ । नारीहरूलाई समालोचना विधामा प्रवेश गर्न नै निकै कठिन छ । यसको मतलब सृजनामा चाहिँ सजिलो छ भन्ने होइन । सृजनाका तुलनामा समालोचना जटिल विधा हो । यस विधाले व्यापक अध्ययन र अनुसन्धानको माग गर्छ र यसका लागि धेरै समय दिनुपर्ने हुन्छ । नेपाली समाज अझै पनि महिलाप्रति उदार बन्न सकेको स्थिति छैन, त्यसैले उनीहरूसँग यस्ता कार्यका लागि समय उपलब्ध हुन सक्दैन । यसरी हेर्दा मुख्य कारण समयको अभाव देखिन्छ भने अर्को यस विधाप्रति रूचि, लगाव र इच्छा शक्तिको कमि पनि हो । तुलनात्मक रूपले हेर्ने हो भने समग्रमा नै समालोचना विधामा केन्द्रित भएर नेपाली समालोचनालाई नयाँ मोड र दिशा दिनसक्ने समालोचक पनि कमै देखिन्छ ।

***अहिलेको नेपाली साहित्यमा मिडियाको प्रभाव कस्तो देख्नुभएको छ ? यसका सकारात्मक र नकारात्मक प्रभाव के के हुन सक्ला ?***

– प्रविधिको पहुँच बढ्दै गएपछि क्रमशः साहित्यको मिडियाबाजी पनि बढ्दै गएको देखिन्छ । पछिल्लो समय साहित्य मिडियाकेन्द्री बन्दै गएको छ । अखबारहरूमा दिइने विज्ञापन र साइबर सञ्जालहरूमा गरिने प्रचारका कारण मिडियामा आएका कृति मात्र राम्रा भन्ने भ्रमको सृजना पनि हुन गएको छ । विज्ञापन गरिएका र प्रचार गरिएका साहित्यिक कृति नराम्रा हुन्छन् भन्ने त होइन तर यस्ता प्रचारवाजीले प्रचारमा नआएका गुणस्तरीय कृतिलाई पनि ओझेलमा पार्ने सम्भावना बढी रहन्छ । मिडियामा गरेजस्तो प्रचार र प्रशंसा कृतिमा नपाइएपछि आम पाठकको नेपाली साहित्यलाई हेर्ने दृष्टिकोण नै बदलिने मात्र होइन, साहित्यप्रति बढ्न थालेको आकर्षण पनि खस्कन थाल्छ । कृति आउनुपूर्व नै अतिशयोक्ति किसिमबाट प्रचारबाजी गर्नु, कुनै पर्व वा उत्सवका रूपमा कृति विमोचन गर्नु, विज्ञापनको सिन्डिकेटमा बाँधिनु, प्रचारका लागि देश दौडाहामा हिँड्नु, विभिन्न अनलाइन पत्रिका तथा फेसबुक ट्वीटरहरूमा अतिरन्जनात्मक रूपमा विज्ञापन गर्नु, प्रशंसाको पुल बाँधेर प्रायोजित रूपमा कृतिको समीक्षा लेख्न लगाउनुजस्ता गतिविधिहरू पछिल्लो समय बढ्दै गएको देखिन्छ । यस किसिमका मिडियावाजी र प्रचारवाजीले कृतिको बिक्रीलाई त बढाउदै लैजाला र लेखक केही समयका लागि सेलिब्रेटी त बन्ला तर यस्तो प्रचारकै भरमा पाठकमा कृतिप्रति दीर्घकालीन र गहिरो प्रभाव जम्न सक्दैन । धेरै समयसम्म पाठकको मनलाई तरङ्गित बनाउन नसक्ने कृति केवल क्षणभरको वाहवाहीमा मात्र सीमित रहन्छ । यसरी क्षणिक वाहवाही र रातारात सेलिब्रेटी बन्ने होडमा मिडियावाजीको प्रयोग बढी भएको देखिन्छ । साहित्यलाई मिडियामा ल्याउनु, प्रचार गर्नु नराम्रो होइन । मिडियाकै माध्यमबाट साहित्य आम पाठकसमक्ष पुग्छ र यसले फैलने अवसर पाउँछ । यो सञ्चार मिडियाबाजीको सकारात्मक पक्षहो र यसले पठन संस्कृतिको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

**कृति आउनुपूर्व नै अतिशयोक्ति किसिमबाट प्रचारबाजी गर्नु, कुनै पर्व वा उत्सवका रूपमा कृति विमोचन गर्नु, विज्ञापनको सिन्डिकेटमा बाँधिनु, प्रचारका लागि देश दौडाहामा हिँड्नु, विभिन्न अनलाइन पत्रिका तथा फेसबुक ट्वीटरहरूमा अतिरन्जनात्मक रूपमा विज्ञापन गर्नु, प्रशंसाको पुल बाँधेर प्रायोजित रूपमा कृतिको समीक्षा लेख्न लगाउनुजस्ता गतिविधिहरू पछिल्लो समय बढ्दै गएको देखिन्छ ।**

***समालोचना सँगसँगै साहित्य लेखन पनि छ, सँगै लैजादै हुनुहुन्छ । यो साहित्यलेखन र समालोचनामा कुनचाहिँ कठिन काम हो ?***

– साहित्यिक चेतले नै यी दुवै विधामा स्रष्टालाई टिकाइराख्ने हो । सृजनात्मक चेतनाले नै समालोचकीय क्षमताको विकास गर्दछ । यी दुवै विधा सरल छैनन् । तर पनि मेरो अनुभवका आधारमा भन्ने हो भने साहित्य लेखनका तुलनामा समालोचना लेखन केही जटिल नै लाग्दछ र यो जटिलताले पनि भिन्नै खालको सन्तोष र आनन्द दिन्छ । आफ्ना सृजनामा डुब्न जत्तिकै रमाइलो हुन्छ अरूका सृजनामा निहित अर्थ र ती अर्थहरूको बिचमा भएको स्पेसमा हराउन । सृजना लेखनमा धेरै विकल्पहरू हुन्छन् स्रष्टा आफैं हावी भइरहेको हुन्छ तर समालोचनामा समालोचकभन्दा उसले प्रस्तुत गर्ने दृष्टिकोणसँगै तर्क, तथ्य, प्रमाण आदिले बढी अर्थ राख्छन् ।

***यहाँले यो पछिल्लो तीन वर्षसम्म लगातार खटेर वर्ष साहित्य पुस्तक शृङ्खला निकाल्नुभयो, कसरी आयो यस्तो धारणा ? यससम्बन्धी केही बताइदिनु हुन्छ कि ?***

– यो धारणा मेरो होइन । साहित्य सम्वर्द्धन केन्द्रका संस्थापकज्यूहरूले सर्वप्रथम यस्तो धारणा र योजना ल्याउनुभएको हो । वर्षभरिमा नेपाली साहित्यमा कति कृति लेखिन्छ ? तिनको विधागत स्थिति के कस्तो छ ? तिनलाई अभिलेखीकरण गरी इतिहासबद्ध कसरी गर्न सकिन्छ भन्ने अनेकौं जिज्ञासा खोज्ने क्रममा यो संस्थाको जन्म भएको हो र यसैको लक्ष्य र योजनाअनुसार यो वर्ष साहित्य पुस्तकको शृङ्खला प्रकाशित भएको हो । यसलाई तयार पार्ने चुनौतीपूर्ण कामभने मैले गर्दै आइरहेकी छु र यो तीनवर्षमा झण्डै बाह्र सय कृतिहरूको समीक्षासहित अभिलेखन गर्ने काम यसमा भएको छ ।

***वर्ष साहित्य पुस्तक तयार पार्दा आफूले भोगेका तीता मीठा दुबै अनुभव बताइदिनुहोस् न ?***

– वर्ष साहित्य पुस्तक कृति तयार पार्ने क्रममा मैले धेरै तीतामीठा अनुभव सँगाल्ने मौका पाएँ । यो काम कसैको व्यक्तिगत काम होइन । यो विशुद्ध नेपाली साहित्यको सम्वर्द्धन गर्ने उद्देश्यले गरिएको काम हो । तर पनि स्रष्टाहरूबाट अपेक्षा गरेअनुरूपको सहयोग नपाउनु यसको दुःखलाग्दो पाटो हो । कृतिको नाम सुन्नु तर सम्पर्क हुन नसक्नु, मोफसलका कृतिहरूको सूचना पाउन नसक्नु, स्रष्टाहरूसँग बारम्वार प्रकाशित कृतिबारे जानकारी माग्दा चासो नदेखाउनु आदि यसका तीता पक्ष हुन् भने अधिकांश स्रष्टालाई तिनको कृतिहरूबाट चिन्नु र सबै प्रकारका साहित्यकार र तिनका लेखनलाई निकटबाट अवलोकन गर्न पाउनु यसको मीठो पक्ष हुन् भन्ने लाग्छ मलाई ।

***यो तीन वर्षको अध्ययनबाट नेपाली साहित्यको विभिन्न विधाको स्थिति कस्तो पाउनु भयो ?***

– नेपाली साहित्यमा यतिखेर विविधता देखा परिरहेको छ । परम्परागत लेखनलाई निरन्तरता दिँदै यसलाई अगाडि बढाउने साहित्यकारदेखि नवीन शैली-शिल्पलाई लेखनको पहिचान बनाउने सम्मका स्रष्टाहरूको उपस्थिति अहिले पाइन्छ । परम्परागत रूपमा कविता, आख्यान, नाटक र निबन्ध गरी साहित्यको विधागत वर्गीकरण गरिएको पाइन्छ । यी चार भेदका पनि अनेक उपभेद प्रचलित छन् । नेपाली साहित्यको अहिलेको विधागत अवस्थालाई हेर्ने हो भने कविता, आख्यान, गैरआख्यान र नाटक गरी विधागत वर्गीकरण गर्नुपर्ने देखिन्छ । नेपाली साहित्यमा सबैभन्दा पछिबाट लेख्न थालिएको निबन्ध विधाको स्वरूपमा पछिल्लो समय निकै परिवर्तन आएको छ । यसले लिएको व्यापकताका साथै आख्यानको प्रतिस्पर्धामा लोकप्रिय बन्दै गएपछि यसलाई गैरआख्यानका रूपमा चिनाउन थालिएको हो । पछिल्लो तीन वर्षमा प्रकाशित साहित्यिक कृतिलाई मोटामोटी रूपमा सर्वेक्षण गर्दा कविता विधा सबैभन्दा धेरै लेखिने विधामा पर्दछ । यसका महाकाव्यदेखि हाइकुसम्मका विभिन्न प्रभेदमा प्रशस्त कृति लेखिएका छन् । त्यसपछि निबन्ध विधा र यसका विभिन्न प्रभेदमा लेखिएका कृति कविता विधा पछिको बढी लेखिने विधामा पर्दछ । यसैगरी आख्यान र समालोचनामा पनि स्रष्टाहरूको उपस्थिति सन्तोषजनक देखिन्छ भने नाटक विधा भने लेखन र प्रकाशनका दृष्टिले सङ्कटमा परेको देखिन्छ ।

***नेपाली साहित्यमा विश्वबजारमा जानसक्ने स्तरीय कृति पनि छन् भन्ने कुरा पनि सुनिन्छन्, कस्तो पाउनुभयो त ?***

– नेपाली साहित्यमा विश्वबजारमा जानसक्ने स्तरीय कृतिहरू पनि छन्, नभएका होइनन् तर तिनलाई विश्वबजारको प्रतिस्पर्धामा पुऱ्याउनका लागि दक्ष अनुवादकको खाँचो छ । कुशल अनुवादकको अभावमा नेपाली साहित्यका कृतिहरू विश्वबजारमा जान सम्भव देखिँदैन ।

***अबको नेपाली साहित्य लेखनको दिशा कस्तो हुनुपर्ला ?***

– आजको उपभोक्तावादी समाजमा साहित्यको यात्रा सजिलो छैन । लहडबाजीमा साहित्य लेख्नु, रहरैरहरमा प्रकाशन गर्नु र गन्यमान्य साहित्यकार भएँ भनेर घमण्ड गर्नु भनेको केवल आत्मरतिमा रमाउनु हो । अबका लेखकहरूलाई लेख्नु ठुलो चुनौती छ । कुनै समय लेख्नु ठुलो कुरो थियो तर आज लेख्नु ठुलो कुरो होइन । आफ्नो लेखाइले कस्तो र कत्रो डोब बसाल्यो भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ ।

साहित्यिक लेखनको निरन्तरताले साहित्यलाई जीवित त राख्छ तर जीवन्त बनाउँदैन । लेखकको वैचारिक चेतना र प्राज्ञिक क्षमताको कसी भनेको नै उसको साहित्यिक कृति नै हो । कृतिको यथार्थभन्दा बाहिर गएर कुनै पनि स्रष्टाको मूल्याङ्कन हुनै सक्दैन । कोरा भावुकता र उडन्ते कल्पनाका भरमा लेखेर अबका दिनमा साहित्यकार बन्नु सम्भव छैन । वैचारिक स्पष्टता, चिन्तन, खोज र अनुसन्धान बिनाको सतही ज्ञानका आधारभूमिमा उभिएका साहित्यिक रचना वा कृति कमजोर हुन्छ र त्यो धेरै समय बाँच्न सक्दैन, त्यसैले अबका साहित्यकारहरूमा आफ्नो लेखनको दिशा र उद्देश्यबारे स्पष्ट भिजन हुनु जरूरी छ । ◆◆

# धर्मका तीस लक्षण



भन्छन् कृष्ण अनादि नित्य पनि हुन्, ब्रह्माण्डका व्यापक
जान्नु कृष्ण अनन्त अन्त्य पनि छन्, यो सृष्टिका पालक
लाखौँलाख स्वरूप रूप यिनको, सर्वत्र छन् देहमा
त्यस्ता तत्व बुझेर **दास्य** हुनु नै, हो धर्मको लक्षण ॥१॥

जन्मेछन् वशुदेवका सुत बनी, स्वरूप नारायण
आए भूतलमा असंख्य गुण ली, श्रीविष्णुको अंशमा
सारा राक्षसको विनास गरि लौ, हो धर्मको स्थापना
त्यस्ता तत्व बुझेर **सख्य** हुनु नै, हो धर्मको लक्षण ॥२॥

सारा ज्ञान र कर्मका हृदयका, साक्षी बनेका यि हुन्
पूरामा पनि पूर्ण नै थपिदिए, हुन्छन् ति पूरा पनी
त्यस्तै आत्म र जीव तत्वहरूका, स्रष्टा बनेका अनी
त्यस्ता तत्व बुझी **स्मरण्** पनि हुनु, हो धर्मको लक्षण ॥३॥

खेल्छन् कृष्ण असंख्य गोपीसँग भै, गोपालका रक्षक
हुन्छन् पूर्ण अपूर्णमा पनि सधैं, हुन् गाईका सेवक
गोठालाहरूका पवित्र मनका, हुन् कंशका बाधक
त्यस्ता तत्व बुझेर **कीर्तन** हुनु, हो धर्मको लक्षण ॥४॥

ज्ञाता हुन् पनि ति पुराणहरूका, योगीहरूका पनी
द्रष्टा हुन् सब बीजमन्त्रहरूका, विज्ञानका ज्ञानका
पूरामा पनि पूर्ण नै झिकिदिए, हुन्छन् ति पूरा पनी
त्यस्तै लक्षण धर्मको पनि अहो, हो **आत्मचिन्तन्** अनी ॥५॥

हो त्यो लक्षण धर्मको अब यहाँ, **पूजा नमस्कार** हो
गर्नू **आत्मसमर्पण** पनि भई, हो धर्मको लक्षण
यस्तै कृष्ण भनेर जान्नु मनले, गर्नू त **सेवा** पनी
हो यो लक्षण धर्मको पनि भए, लीला **कथाको श्रवण्** ॥६॥

**सन्तोष्मा**, रहनू र **शौच**, रहनू, हो **ब्रह्मचर्ये** बनी
**स्वाध्याय, समदर्शी, त्याग** पनि हो, संस्कार हो कर्मको
हुन्छन् धर्म मनुष्यका पनि अरू, **अहिंसा, मनसंयम**
आए लक्षण धर्मका अरू यहाँ, **दया, तपस्या** भनी ॥७॥

**आफ्नो आत्म परात्म**को पनि दुवै, हो **इष्टदेव्**को स्वरूप्
उल्टो हुन्छ मनुष्यको फल यहाँ, **प्रयत्न अभिमान**को
गर्नू पर्दछ **अन्न आदि वितरण्,** प्राणीहरूमा पनी
यस्ता भाव विचार राख्नु मनमा, हुन् धर्मका लक्षण ॥८॥

यो **सांसारिक भोग त्याग** गरि ली, हो सन्त सेवा पनी
ईश्वर् सत्य बुझेर धैर्य रहनु, भै **इन्द्रियसंयम**
त्यस्ता लक्षण धर्मका अरू पनि, **सत्य,** तितिक्षा भए
बस्छन् सज्जन **मौन** चिन्तन गरि, हुन्छन् **सरलता** अनी ॥९॥

थियो के **उचित अनुचित** पनि, ख्याल गर्नू मनैले
श्रीमद्भागवतं पुराणहरूका, हुन् धर्मका लक्षण ॥

*स्रोतः श्रीमद्भागवतमहापुराण*


यात्रा
बचत तथा ऋण सहकारी
संस्था लिमिटेड
कोटेश्वर–३५, काठमाडौं
फोन नं: ०१–५१००५७७

नयाँ वर्ष २०७५ को
शुभ उपलक्ष्यमा
समस्त नेपालीहरूमा
हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।



रजिन श्रेष्ठ
अध्यक्ष

सहकारी जगतमा 'यात्रा'
को आफ्नै पहिचान



**कल्पना पण्डित**

# मेरो सपनाको स्विजरल्यान्ड

बेलायत बसाइको ८ वर्षपछि यस वर्षको गृष्म ऋतुमा स्विजरल्यान्ड घुम्न जाने साइत जुर्यो । मनमा कौतुहलता र उत्सुकता जागिरहेको थियो । जुन अस्वभाविक थिएन, किनकि मैले सानो उमेर छदाँदेखी नै नेताहरूको भाषण सुनेको थिएँ, पत्रपत्रिका पढेको थिएँ, जहाँ उनीहरु गर्वका साथ नेपाललाई स्वीजरल्यान्ड बनाइदिन्छु भन्दथे । मेरो कलिलो मासपटलमा परेको त्यो छाप कति अमिट रहेछ भन्ने कुरो आफूलाई बल्ल बुझ्न पाएँ । त्यसैले पनि त्यो सपनाको देश कस्तो होला भनेर आँखा वरिपरि घुम्न थालेको थियो । यतिका वर्ष बेलायत बसेको मलाई यस्तो कौतुहलता र आतुर हुन नपर्ने हो । तर, यसकारण हुन सक्दछ, मैले स्विजरल्यान्ड गएर नेपाललाई खोज्ने, ति नेताहरूले बनाउने भन्ने गरेको नेपाल । मनमा इच्छा , आकांक्षा र अभिलाषा सजाएर गत अगस्ट २ तारिख लन्डन लुटन विमानस्थलबाट स-परिवार स्विजरल्यान्डको जुरिच उड्यौँ । कुहिरो र बादलसँग लुकामारी खेल्दै करीब डेढ घण्टाको उडानपश्चात् जुरिच पुग्यौँ । जहाँ वरिपरि डाँडाकाँडा देखिनासाथ मन रोमाञ्चित भइरहेको थियो । जुरिच विमानस्थलबाट हामी लुसर्नतर्फ रेलमा लाग्यौँ । जहाँ गुडिरहेको रेलको झ्यालको दायाँबायाबाट जुरिच सहर नियाल्ने मौका पाएँ । मलाई सहरसँग खासै मोह लगाव छैन । जुरिच युरोपको अन्य सहरहरूभन्दा त्यस्तो खासै भिन्न लागेन । मानवनिर्मित सहरभन्दा प्राकृतिक सुन्दरता डाँडाकाडाँ, पहाडपर्वत, तालतलैया, समुद्री तट आदिले मेरो मन लोभ्याउँछ, प्यारो लाग्दछ । यस्तोमा सुस्ताउन मन लाग्छ । मेरो स्विट्जरल्यान्ड भ्रमणको उद्देश्य पनि यहाँको सहरको साक्षात्कार थोरै र ग्रामीण परिवेश डाँडाकाडाँ प्रकृतिको दृश्यावलोकन धेरै गर्नु रहेको थियो ।

जुरिच सहरलाई छोडेर रेल जुरिच तालको छेउ हुदैँ हुइकिदैँ जादाँ दाँयाबायाँ देखिएको मनमोहक दृश्यले हामी प्रफुल्लित हुँदै थियौँ । कति छिट्टै जुरिचदेखी लुसर्नसम्मको सवा घण्टाको यात्रा पूरा भयो, पत्तै भएन । प्रि-बुकिङ गरेको लुसर्नको उक्त होटलमा लगेज राखी केही समय आराम गरी पूर्व निर्धारित कार्यक्रमअनुसार माउन्ट रिगि अवलोकनका लागि लुसर्नबाट फेरि रेल समाती अर्धगोल्डाउ पुग्यौं । जहाँबाट रोमाञ्चकारी माउन्टेन रेलको यात्रा सुरू भयो । झ्यालविनाको २/३ डब्बाको सानो रेल जतिजति नागबेली पहाडमा उकालो चढ्थ्यो उति उति सुन्दर दृश्यहरु देखिँदै जाँदा मनै प्रफुल्लित बन्थ्यो । यहाँको भीड पहाडमा सुरूङ बनाएर रेल चलेको देख्दा हाम्रो मुलुकको भीर पहरा याद आयो । जहाँ रेल चल्ने सुरूङ त परै जाओस् गोरेटो बाटोसमेत बनेको छैन । मनमनै प्रश्न गरेँ, आखिर किन यस्तो ? करिब एक सय ४० वर्षअघि नै सञ्चालनमा आएको माउन्टेन रेलको एक घण्टापछिको यात्रापश्चात् माउन्टेन रिगीको चुचुरोमा पुग्यौँ । जहाँ पर्यटकको सुविधाको लागि रेष्टुरेन्ट, भ्यु टावर, प्रतिक्षालय, खानेपानी आदिको व्यवस्था रहेछ । यहाँबाट चारैतिर तालका हरिया फाँट अनि बस्तीहरु देख्दा पोखराको सराङकोटबाट फेवाताल हेम्जा र पोखरा सहर दृश्यावलोकन गरेको सम्झना आयो ।

प्राकृतिक सुन्दरता नेपालजस्तै भएता पनि भौतिक सुविधा र विकासले गर्दा स्विट्जरल्यान्डलाई सुनमा सुगन्ध नै थपेको छ । मलाई लाग्छ, नेपाल विकास नहुनुको कारण कुनै पनि उपलब्ध श्रोत साधनलाई उचित व्यवस्थापन गर्न नसकेकाले हो, आर्थिक श्रोतसाधनको सदुपयोग यसकारण पनि हुन सक्दैन कि, नीति निर्माता र अधिकांश ब्युरोक्रेसी भ्रष्ट र कर्तव्यविमुख छन् । इमानदारिता, जवाफदेहिता र प्रतिबद्धता भन्ने कुरो शब्दमै सीमित रहन गयो । व्यवहारमा धोका र जालसाजी जताततै व्याप्त छ । कसैलाई पनि मुलुक र समाजको हितमा सोच्ने फुर्सद छैन । आफूलाई केन्द्रमा राखी हेर्ने प्रवृत्ति हावी छ । यस्तै-यस्तै अनेक तर्कनाहरूका बाबजुत करिब एक घण्टा जति माउन्ट रिगी जसलाई पहाडकी रानी उपनामले पनि चिनिन्छ । यहाँबाट देखिने मनमोहक दृश्यको रसपान गर्दै केही दृश्यलाई क्यामेरामा कैद गरियो । मन्द-मन्द बतासहित घमाइलो बनेर हामीलाई साथ दिएकी प्रकृति पनि विस्तारै सुस्ताउन थालेकी थिइन् । फर्कंदा वैकल्पिक रूटको प्रयोग गर्ने सोचअनुरूप रिगीबाट तालको फेदमा रहेको सानो बजार भिटनाउसम्म माउन्टेन रेलमा झर्‍यौँ । त्यसपछि सवा घण्टा लुसर्न तालमा चल्ने फेरि-क्रुजको रोमाञ्चाकारी यात्रामा तालको निलो पानी सिरसिरे बतास दायाँबाया देखिने बस्ती पहाडसँग रमाउँदै र दृश्यवलोकन गर्दै पहिलो दिनको गन्तव्य लुसर्न आइपुगियो । भ्रमणको दोस्रो दिनको तालिका अलि व्यस्त थियो, तय गरिएअनुसार सम्पन्न हुन्छ कि हुँदैन भन्ने मनमा द्विविधा थियो । बाह्रैमास हिउँले माउन्ट तितलिस हेर्ने उद्देश्यसहित हामीले लुर्सनबाट बिहान आठ बजेको एन्जेलबर्ग जाने रेल समात्यौँ । यहाँको रेल सेवा अब्बल लाग्यो । चटक्क, सफा, ठूला-ठूला झ्याल, भिडभाड मुक्त, तोकिएको समयमा कति पनि तल माथि नभइकन जुन सेवा दिएको छ, मैले यस्तो अन्यत्र देखेको छैन । 'नमस्ते', हाम्रो नजिकै बसेको एउटा गोरे बोल्दा म झसङ्ग हुँदै नमस्ते फर्काएँ । हामी नेपालीमा कुरा गरिरहेको उसले सुनिरहेको रहेछ । खुसी लाग्यो तपाईं नेपाली भाषा बोल्नु हुँदोरहेछ । तपाईंको नाम ? मैले सोधैँ । म आडम (नाम परिर्वतन) नेपालमा स्विस सहयोगमा सञ्चालित हेल्भेटास संस्थामा लामो समय काम गरेँ । मेरो श्रीमती नेपाली हो । श्रीमती र छोरी हाल काठमाडौँमा बस्छन् ।

उनले बोलेको ठेट नेपाली शब्द हामीले चाख मानेर सुनिरह्यौँ । जर्मन भाषा बोलिने उक्त ठाउँको स्थानीयसँग नेपाली भाषामा कुराकानी गर्दा रमाइलो अनुभूति भयो ।

करिब पाँच मिनेट जतिको भलाकुसारीपश्चात् उनी झर्ने स्टेसन आयो र 'बाई नमस्ते फेरि भेटौँला' भन्दै उनी बिदा भए । खोला, ताल,फाँट, बस्ती, पहाड र सुरूङ्ग हुँदै करिब डेढ घण्टाको यात्रापछि रेल एउटा सानो पहाडी बजार एन्जेलबर्गमा पुग्यो । जहाँबाट वरिपरिका उच्च सेताम्मे चुचुराहरु देखिन्थ्यो । मन त्यसै रमाइरहेको थियो । मध्य गर्मी महिना अगस्टमा हिउँमा खेल्ने, हिउँलाई छाम्ने र टेक्ने अभिलाषा आज पूरा हुँदै थियो । रेलबाट झरेर करिब १० मिनेटको पैदल यात्राबाट हिउँको पहाड माउण्ट तितलिस केबुलकारको बेस स्टेसनमा पुग्यौँ । तिनवटा बेग्लै आकार प्रकारको करिब आधा घण्टाको यात्रापश्चात् हिउँको चुचुरोमा पुग्दा स्वर्ग नै यहि हो कि भन्ने आभाष भयो । तिनमध्ये पहिलो मनकामना केबुलकार जस्तै, दोस्रो र तेस्रो नितान्त बेग्लै २५ देखि ३० जना अट्ने त्यो पनि एउटै डिब्बामा अनि ३ सय ६० डिग्रीमा चुम्दै चल्ने । यस्तो विचित्र केबलकार पहिलोपटक देख्न र अनुभव गर्न पाएँ । समुन्द्र सतहबाट ३०२० मिटर उचाइमा रहेको माउण्ट तितलिस स्विट्जरल्याण्डको एक प्रसिद्ध पर्यटकीय गन्तव्य रहेछ ।

बाह्रै महिना हिउँले ढाक्ने हुनाले विशेष गरी गर्मी महिनामा हिउँ खेल्ने र वरिपरिको दृश्यावलोकन गर्ने उद्देश्यले पर्यटकहरूको ओइरो लाग्ने रहेछ । सम्झेँ, 'हाम्रो हिमाल त्यतिकै सुन्दर र मनमोहक छ । जति यहाँको छ, हाम्रो हिमाललाई चुम्न र हिउँ खेल्न जान ठूलै जोखिम उठाउनुपर्दछ । पैदल शिवाय कुनै विकल्प छैन, त्यसमाथि माउन्टेनियरिङ सम्बन्धी विशेष तालिम लिनुपर्दछ । आफ्नो मुलुकमा आँखाले देखेर चित्त बुझाउनुपरेको सेता हिमशृङ्खलाहरु यहाँ स्पर्श गर्न पाउँदा खुसी त लाग्यो तर नेपालको हिम पर्वतमा यसरी पुग्न पाए कस्तो हुन्थ्यो होला भन्ने प्रश्न भने आइरह्यो ।

हिउँमा विभिन्न आकृतिहरु बनाउँदा, एक आपसमा हिउँ खेल्दै फोटो खिच्दाको क्षण कम्ति रमाइलो थिएन । पर्यटकको ओइरो लाग्ने उक्त स्थानमा के बच्चा, के बुढाबुढी सबै एक आपसमा हिउँ खेल्नमा मस्त देखिन्थे । अझ त्यहाँ हिउँको खोँचमा पर्यटकको लागि बनाइएको झोलुङ्गे पुल, हिम गुफा र रेष्टुरेन्टलगायतका सुविधाले झनै पर्यटकलाई आकर्षित गरिरहेको देखिन्थ्यो । स्वयं आफूलाई पनि केही समय अझै त्यहीँ बस्ने रहर लाग्थ्यो । रहर हुँदाहुँदै पनि अर्को गन्तव्यलाई मध्यनजर राख्दै र त्यहाँको दृश्यलाई धेरैजसो आँखामा र थोरैलाई क्यामेरामा कैद गर्दै फेरि उहि केबुलकारबाट एन्जेलबर्ग झरी अर्को गन्तव्यतिर लाग्यौँ । मानव जीवनको सबैभन्दा खुसीको क्षण मेरो विचारमा अन्जान ठाउँका लागि खाजा हुनु हो । एन्जेलबर्गबाट माउन्ट पिलाट्स जाँदा प्रसिद्ध अन्वेषक सर रिर्चाड वर्टनको यस कथन सम्झिँए । नयाँ ठाउँ हेर्ने रहर नै हाम्रो लागि सशक्त ड्राइभिङ फोर्स थियो । एन्जलवर्गबाट अल्पनासवर्ड पुगेलगत्तै विश्वको सबैभन्दा भिरालो जमिनमा चल्ने रेलयात्रा सुरू भयो । जसको अन्तिम गन्तव्य थियो माउन्ट पिलाटस । करिब ४ दशमलव ६ किलोमिटरको सो यात्रामा रेल अधिकतम ४८ भिरालोमा गुड्छ । आडै सिरिङ्ग हुने भिरमा रेल गुडिरहँदा रमाइलोको साथै डर पनि लागिरहेको थियो । करिब १ सय २८ वर्षदेखी सञ्चालनमा रहेको यो रेलको ३० मिनेटको यात्रा गरिरहँदा विकासको यस्तो स्वरूप पनि यस संसारमा सम्भव रहेछ भन्ने महसुस भयो । रेलको अद्भुतपूर्व यात्रापछि मध्य स्विजरल्यान्डमा रहेको २१ सय ८२ मिटरको अग्लो चट्टानको पहाडको चुचुरो माउन्ट पिलाटस पुगियो जहाँबाट लुसर्न सहर ताल र वरिपरिको मनोमोहक दृश्य देखिन्थ्यो ।

सिरसिरे बतासको झोक्कासँगै कफि पिउँदै मनोरम दृश्य अवलोकन गरिरहँदा संयोग नै मान्नुपर्दछ । एउटा अनौठो दृश्य देखियो, एउटा अधवैंशे पुरूष हामीनजिकै आएर विशेष पहिरन पहिरिई ९० डिग्रीको ठाडो चट्टानको भिरबाट हाम फालेको दृश्य व्यग्रतापूर्वक हेरिएको थियो । प्याराग्लाइडिंगमा बाहेक मानिस यसरी हामफालेको यसअघि कहिल्यै देखिएको थिइनँ, त्यसैले पनि अनौठो लागिरहेको थियो । उसलाई के भयो ? कहाँ गयो ? केही थाहा हुन सकेन त्यो न त्यो भिरको फेदसम्म देख्न सम्भव थियो । हामीसँग भएका अन्य पर्यटकको लागि पनि यो विषय खुलदुलीको विषय बन्यो । करिब दुई घण्टा माउण्ट पिलाटसमा बिताई बेलुकी लुर्सन आईपुग्यो । स्विट्जरल्यान्ड भ्रमणको तेस्रो दिन लुसर्नबाट लगेजसहित हाम्रो यात्रा सुरू भयो । जर्मन भाषा बोलिने यस क्षेत्रबाट फ्रेन्च भाषा बोलिने क्षेत्रतिर लाग्दै थियौँ । स्मरण रहोस् स्विजरल्यान्डको आफ्नै बेग्लै भाषा छैन । पूर्वी भागमा जर्मन बोलिन्छ भने पश्चिम फ्रान्ससँग जोडिएको क्षेत्रमा फ्रेन्चभाषीको बाहुल्यता छ । विभिन्न रेल परिवर्तन गर्दै र यात्रामा देखिने मनोरम दृश्यहरूको रेलबाटै अवलोकन गर्दै मोनट्रेक्स आइपुग्यौँ । करिब ५ घण्टाको यो रेल रूट यो स्विटजरल्यान्डको एउटा सुन्दर दृश्य अवलोकनको रूटमा पर्दछ । इन्टरलेकन ज्युसिमेन, स्टाड, सानेनजस्ता बीचमा पर्ने साना बजार कम्ति लोभ लाग्दा थिएनन् । दायाँ बायाँ देखिने परम्परागत स्विस घरहरु र त्यस घरको बार्दलीमा सजाइएका फूलहरु मेरो आँखा अगाडी अझसम्म घुमिरहेका छन् । रेल मोनट्रक्स लिएर पुग्दा पर देखिएको निलो पानीको विशाल जेनेभा ताल अद्भुत थियो । फ्रान्स र स्विट्जरल्यान्डको सिमानामा रहेको यो ५८० वर्ग किलोमिटरको ताल काठमाडौं उपत्यका (५६० वर्ग कि मी) भन्दा ठूलो रहेछ । आँखाले नभ्याउने, मानौँ म कुनै समुद्र हेर्दैछु जस्तै लाग्ने यसै विशाल तालको छेउमा जेनेभा लुजान मोनट्रेक्स भेभेजस्ता ठूला सहरहरु रहेछन् । मोनट्रेक्सबाट ऋजमा एक घण्टामा उक्त तालको रोमाञ्चकारी यात्रापछि लुजानस्थित एक होटलमा लगेज थन्क्याएर जेनेभा सहर हेर्ने उत्कृष्ट अभिलाषासहित रेलबाट त्यतातिर लाग्यौँ । 'मोजु' मलाई हेर्दै एकजना गोरा बोल्यो ।

म अलमल्लमा परे केही बोलीन । विशेष टोपी लगाएको र हातमा सानो मेसिन देखेर टिकट चेकिङ गर्ने मान्छे होला भन्ने अनुमान लगाएँ र टिकट निकालेर देखाएँ । मेसिनले चेक गरेपछि मुसुक्क हाँस्दै र टाउको हल्लाउँदै गयो । मेरो अनुमान सहि रहेछ । पछि बुझ्दा हेलो भनेको रहेछ फ्रेन्च भाषामा । चलनचल्तीमा अंग्रेजी भाषाको प्रयोग भएको देखिएन । बाटोमा भेटिने अधिकांश मानिसलाई सोध्यो अंग्रेजी बुझ्दैनथे । अंग्रेजी जाने पुग्छ भन्ने भ्रम ममा रहेछ भन्ने बल्ल थाहा भयो । लुजानबाट जेनेभा तालको छेउछेवै ५० मिनेट जतिको रेल यात्रापछि जेनेभा सहर पुगिन्छ । यस सहरको नाम नसुन्ने व्यक्ति बिरलै होलान् । अन्तर्राष्ट्रिय संघ-सस्था विशेष गरी संयुक्त राष्ट्रसंघ मातहतका विभिन्न निकायहरूको मुख्यालय यही सहरमा पर्दछ । विश्वव्यापी सन्धि-सम्झौता, गोष्ठी, सभा सम्मेलन आदिको लागि प्रख्यात यस सहर पुग्नेवित्तिकै देखिने वाटर-जेटले हाम्रो ध्यान तान्यो । वाटर जेट छेवैमा रहेको जेनेभा तालको बीचमा २४सै घण्टा चालु रहने पानीको फोहरा जसबाट ६००० लिटर पानी निरन्तर १ सय ४० मिटरको उचाइसम्म फोहराकोरूपमा झ्याँक्दछ । प्रायजसो पर्यटकको घुइँचो लाग्ने रहेछ यही फोहरा हेर्नको लागी ।

सहरको अन्य संरचना जस्तै घर, सडक, सवारी साधन अन्य युरोपेली सहरको भन्दा खासै फरक लागेन । संयुक्त राष्ट्रसंघको भवन, पुरानो जेनेभा सहर, क्याथेइल आदिको अवलोकनपश्चात् लुजान फर्की एक नेपाली रेष्टुरेन्ट लिटेजमा स्वादिष्ट नेपाली खानाको मज्जा लिँदै आराम गर्ने तिर लागियो ।

चौथो दिन लुजान सहरको केही धरोहरहरु अवलोकन गर्ने योजना अनुरूप अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको मुख्यालय र संग्रहालयको साथै लुजान सहरको ताल छेउको दृश्यावलोकन पश्चात् निर्धारित १२:३० बजेको तीव्र गतिमा चल्ने रेलबाट स्विजरल्यान्डलाई बिदा गरी फ्रान्सको राजधानी पेरिसतर्फ लाग्यौँ । स्विजरल्यान्ड घुम्नका लागि आकर्षक भए पनि त्यहाँ हरेक कुरा जस्तै खाना, बस्न, यातायात लागायतका सेवा सुविधा निक्कै महंगो लाग्यो । मेरो अनुभवमा बेलायतको भन्दा तेब्बर महंगो थियो । यद्यपि केही सामान्य कुरामा ध्यान दिने हो भने केहि खर्च जोगाउन पनि सकिन्छ । जस्तो केही समय अगावै हवाई टिकट लिने र होटल बुकिङ अगाडि गर्दा सस्तो पर्न जान्छ, यात्राको लागी ट्याक्सी र बससेवा भन्दा रेल सेवा सस्तो र छिटो हुन्छ, यस्तै सार्वजनिक स्थल र पर्यटकीय स्थानमा खानेपानी प्रसस्तै हुने भएकाले पानी नकिन्दा राम्रो, बोतलमा भरेर पिउन सकिन्छ र रेष्टुरेन्टमा खाँदा महंगो पर्ने भएकाले कोप, मिग्रोसमा खरिद गर्दा केही पैसा जोगाउन सकिन्छ ।



# REMOVAL OF DOUBTS

Dr. YB Shrestha Malla

**Q: Please tell us more about Maya. You said that she is Misconception. Durga Saptashati, which is considered an authority on The Female Principle of creation appears to support this Quote: (Vac Devi Sarbabhutesu Shrama roopena samsthitaa...);i.e., She is Bhrama/Illusion. etc.!**

A: Well, *Maya* has two main functions -- 1. She hides the Truth and at the same time 2. Displays the Untruth. Man looks at himself and the world, which consists of alluring objects enchanting his 24 senses. Becoming bewildered and enraptured, he becomes its slave! In fact *Maya* infatuates all living beings (including insects et al) and make them enter the Merry-go-round machine of life & death cycle. Wise call this **Name-Imposition**, and advice them not to go after it. However generally man believes it as Real! He does not know that there is **something more which** is kept hidden by Maya.

**Q: Please explain.**

A: Well, when man is born, he has his naked Body only with an embodied Soul. Then his parents appear and start calling him their child. After a few days, a priest is invited who comes and gives him an official name. His relatives too come and start calling him by different names. Gradually they dress him up with their glittering traditions, give him *a caste, a country, citizenship; graduation-certificate of his school, marriage certificate, passport, a profession*, one by one. Ultimately he becomes a Professor or Engineer or Doctor or Lawyer or. a business tycoon and so on! Then he marries and becomes a father or grandfather and so on. He considers them all real but forgets his Real Self! He thus enters the blind alley without exit, he enjoys or suffers, becomes old and dies! He does not know who is he! Wise call this as *Maya's Bhrama or illusion*.

Lord Krishna also told this to Arjun in the battlefield of Mahabharat. Arjun didn't believe this, and went on arguing that his birth, his royal status, his relationship etc. were all true and therefore real. Krishna had to tell him the entire Gita! Arjun then slowly came to understand that whatever he was believing so far was his False Self and so were his relatives; and his Real Self was kept hidden! He asked Krishna to explain. Krishna then enumerated all His Glories (*Bibhuti Yoga*) and finally showed him His Cosmic Form (*Viswaroop*) also. Arjun then realised that he had been suffering from great illusion/ignorance. He then understood that Maya, his original mother, had been keeping him in the dark by hiding his Real Identity!

**Q: May I know how *Maya* creates this make-believe system?**

A: By creating **Mind**.

And what is *Maya*? Mind is *Maya*. She is a juggler, a master-magician, you know!

In other words, She is the source of imagination for the poets & writers; and confabulation for the trickster! Like Brahma She too has 4 faces, viz. Mind, Chitta (Thinking-Apparatus), Intellect and Ego. They make men believe in false objects as real! In this way, all living beings including man, drift in the river of life; they wallow like pigs in the mire of falsehood but they enjoy it! What a pity!

**So Maya is God's Power. Wise call her God's Power, that she is God Herself!** She can therefore drag everybody and even a God-Realised person from his ivory tower and punish or reward him as & when she decides! **SB** too, for example, suffered at her hands in the Thunderbolt episode! (**Devi Bhagavat** too supports this. Quote: Balaad Aakrisya *Mohaaya Mahamaya Prashiksyati*).

**Q: Please tell me the main Teaching of SB by making it as short as possible.**

A: The main Teaching consists of his 3 Disciplines, which take the seeker to 3 Realisations, viz. 1. World-Realisation, 2. Soul-Realisation and 3 God-Realisation. The prerequisites are four--Body, Intellect, Mind and Soul.

The first Realisation makes you understand **Maya and the World**, the second tells you about your **Soul as Purusha** and the third **as God, the Highest Consciousness, variously known as the fourth State of Consciousness, Turiya, the God's Kingdom.**

**Q: Please explain. I understand that there are different stages of Consciousness.**

A: Yes. The first is Differentiated Consciousness (popularly known as Maya). The Path of Devotion takes you to it! This is in a way 2 in 1 state, i.e., *Radha-Krishna, Shiva-Paarvati state. The second is Purusha or Soul or Brahma. It is like a* "drop of water"; the Mighty ocean being the Original State or Purusottama. The first two Disciplines give you Bliss only, a state of Happiness; when your body dies they too die with it! The Final State is the Ultimate state characterised by **Knowledge-Consciousness-Bliss Absolute** which consist of SB's 5 main characteristics which are Omniscience, Omnipresence, Omnipotence, Absolute Bliss and Absolute Freedom. *Vedantists* call this as the Non-dual or *Adwait* State of Consciousness.

**Q: Wonderful! I am inclined to think that SB's World Tours must have contributed in some way to this. Please let me understand RL in this light.**

A: You come to know this, by acquiring first the **4 Pre-requisites: 1.Body 2.Intellect 3.Mind and 4.Soul.**

**Body** is like a rocket, in which there are 3 capsules within it. The body is the external capsule as it were. Man is the only passenger in it -- he is like an astronaut.

**Intellect** is second capsule. It is within the Body-Capsule.

**Mind** is third capsule. Combined with the Intellect. Then the rocket goes up.

**Finally the Soul or astronaut: Which lands on the Goal. The 3 main helpers for this are:**

**1. Sacrifices, 2. Charities & 3. Austerities (Yagya, Daan and Tapah).**

**Sacrifices** are 5 in number. **Charities** are 4 (to be done by mind, word, activities and money). **Austerities** means daily **Review/Samichha** (your performance audit) of your own living, Swadhyaya (**Critical Self-Study of your Self** and **Study of Scriptures**), **Satsang, Sadguru (Association with one's Master)** and finally **Sadguns** (they are 26 Divine Endowments (enumerated in the Gita). Among them all, **SB** said that **Satsang is extremely important because it gives you 100 times more knowledge in a single sitting than your Self-study.** They are only cooking materials; for your lunch/dinner.

Body, Intellect and Mind are made of Matter take the **Soul**, the astronaut to a certain distance only; but they cannot themselves land in the "airport". Only Soul, which is made of **Spirit; only this** can land in the "airport" of the Lord, It is the Destination or Goal.

**SB:** You must therefore know that **only your Soul, being astronaut (the only passenger)** can reach the Final State. For this man must struggle, persevere and live **RL.** Therefore he must put all his Effort (Purushartha) In it. Pleased with this God gives His Grace; He clears the ground and gives His permission to the passenger soul to land in his "Airport".

Let me repeat : our Intellect can give us Matetial prosperity and **Analytical Knowledge (Tatwagyana)**. Pure Mind, then makes our further journey smooth mid gives us Occult Powers and Material prosperity. But only our Soul can give us the Highest, the **Synthetic Knowledge (Brahma Gyana)** the substance, the secret of Creation mid Life, the Essence of this world & beyond. Clearly this is .1 very difficult journey. For example, RP took his lifetime and RM around 60 years for this.

**Q: What is the greatest obstacle?**

**A: Maya and Her allurements!** Her great generals like lust, desire, anger, greed, infatuation, pride and ignorance and so on try to obstruct this journey.

**SB:** But God is so kind. He is your Father, Mother and everything. He loves you. He has therefore admitted you in the University of Life, with necessary tools -- Body, Intellect, Mind, Soul, a lab (Mother Earth) and endless **Time** (Eternity) too! Now your job is to work for it!

**SB:** Generally it takes 36 years for a dull, 24 years for the diligent and 12 years for the best seeker, the whole-timer, to realise the Ultimate. Scriptures, so-called saints and sinners tell us that **RL** is too difficult! Not so really, if you are a sincere seeker.

**SB:** God has made many ways. For example, He may help His sincere candidates by arranging Cosmic guidance by Himself or by deputing Realised saints. It is said that RP & RM had such guidances.

**Q: Mind is strong! It can fly to the moon or any part of Cosmos and can return in a split second! When I try to meditate on my "Object", it eludes me! And fools me again and again! What to do?**

A: Live **RL,** My Disciplines, that is all!

The **First Discipline** prepares the ground, his Body, by making it fit; it also makes his Intellect efficient and successful. **The Second Discipline** then takes care of Mind, makes it stable.

Let me repeat the following measures which helps --1 *Samiccha (Review)*, 2. *Satsang, 3. Sadguns, and 4. Swadhyaya fortified with Sacrifices, Charities and Austerities*. A seeker therefore must never forsake them "because **RL** (*Yagya, Daana & Tapah*) are the backbone of your success. Even if he dies, it does not matter, because in his next life, they will be waiting for you to take ahead!

**Q: Would you please give some illustrations to support your argument?**

A: Raavan carried out most difficult sacrifices and an awful amount of charities but failed! He transgressed the law as shown by stealing Sita, the wife of Rama. So he lost and died an ignoble death.

Therefore the **Third discipline** is most important because it commands & controls your mind. Only by practising this you can be successful in meditation.

And what Meditation is ? Meditation is walking towards God slowly, consciously, concentratedly, like an elephant's walking with intense feeling of love, agitation, continuous prayer like the flow of oil, culminating in surrender.

SB = Shivapuri Baba　　RL = Right Life

नव वर्ष २०७५ को उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।।

निर्जीवन बीमाको क्षेत्रमा विश्वसनीय नाम

राष्ट्रिय बीमा कम्पनी लिमिटेड
Rastriya Beema Company Ltd.

सधैं तपाइको साथमा
always with you...

 - उद्धवप्रसाद भट्टराई "चैतन्यदीप"



# तपस्या, साधना र उपासना रहस्य

जीवनयात्राको सत्मार्गमा पूजा, व्रत, जप, तपस्या, साधना र उपासनाको विविध महत्व रहेको हुन्छ । पूजाको अर्थ सम्मान गर्नु हो । पूजाले मनुष्य, ऋषिमुनि, देवता र ईश्वर प्रसन्न हुन्छन् । व्रतको अर्थ अनुशासन र नियम हो । जसको अभ्यासले मन हल्का र शान्त भई शुद्धता प्राप्त हुन्छ । तपस्याको अर्थ तातो, चिसो, अभाव, दुःख तथा पीडालाई सहनु अर्थात् समतामा रहनु हो । जसले आत्माको शुद्धिकरण भई प्रशान्त अवस्थामा लैजान्छ । साधनाको अर्थ कुनै लक्ष्य हासिल नभएसम्म निरन्तर गरिने अभ्यास र प्रयत्नलाई भनिन्छ । जसले मानव जीवनमा सफलता एवं सिद्धि मिल्दछ । उपासनाको अर्थ साधनाबाट प्राप्त सिद्धि र सफलतालाई अझ दृढ बनाई सदा टिकाई राख्ने स्थितिलाई उपासना भनिन्छ । सफलताले जीवनमा सुख र आनन्द मिल्दछ भने सिद्धि प्राप्त भएपछि मानिस शुद्ध, बुद्ध र मुक्त हुन्छ । मुक्तअवस्थामा सदा रही रहन जुन प्रयास गरिन्छ त्यसैलाई उपासना भनिएको हो । मानवजीवनको सर्वोत्कृष्ट लक्ष्य पनि यही हो ।

जीवन एउटा उर्लंदो नदी हो । यसको गतिशीलतालाई बुझ्न सकिएन भने यो बीचमार्गमा नै सुक्न सक्छ । यसैले यसको गतिशीलतालाई कायम राख्नको लागि तपस्या र साधनाको जरूरत परेको हो । जीवन परमप्रभुले दिनु भएको सर्वोत्कृष्ट उपहार हो । उत्कृष्ट उपहारलाई कुन रूपले, कुन चरित्र अनुशरण गरेर, कस्तो व्यवहार अपनाएर, कसरी र कस्तो स्थितिमा सदुपयोग गर्न सकिन्छ भन्ने कुराको खोज र अनुसन्धानलाई साधना, प्रयत्न र अभ्यास भनिन्छ । जीवनमा कुनै पनि कुरा प्राप्त गर्नको लागि प्रयत्नको जरूरत पर्दछ । विना अभ्यास र प्रयत्न नगरीकन न त भौतिक वस्तु प्राप्त हुन्छ न त आध्यात्मिक उपलब्धि नै हासिल हुनसक्छ । यसैले कुनै पनि वस्तु वा लक्ष्य प्राप्त गर्न जुन प्रयत्न गरिन्छ त्यसैलाई साधना भनिन्छ । जीवन सफल गर्न साधना, तपस्या र संयमताको जरूरत पर्दछ । जुन मनुष्य साधनामय जीवन व्यतीत गर्छ त्यही व्यक्ति सुखी, आनन्दित र स्वतन्त्र हुनसक्छ । साधनाको लक्ष्य दुई किसिमको हुन्छ । एउटा भौतिक उपलब्धि, अर्को आध्यात्मिक उपलब्धि । भौतिक उपलब्धिका लागि दृढ विश्वास, निश्चयता, निरन्तरता र लगनशील हुनुपर्छ भने आध्यात्मिक उपलब्धि अर्थात् भगवद् साक्षात्कार तथा परमतत्व प्राप्तिको लागि भने सत्य, अहिंसा, ब्रह्मचर्य, अपरिग्रह, अस्तेयं, सौच, सन्तोष, तप, स्वाध्याय, ईश्वर प्रणिधान, पवित्रता, क्षमा, दया, करूणाजस्ता उच्च गुणहरूलाई जीवनमा उतार्न जरूरी छ । यीमध्ये अहिंसालाई परमधर्मको रूपमा मानिन्छ । संसारी विषय, वाषना र भौतिक सुख र सुविधामा मात्र भौतिरिनेको लागि ती विषय त्यति सरोकार नभए पनि यदि संसारमा शान्ति र समृद्धि चाहने हो भने ती नियम र अनुशासन पालना गर्नु जरूरी छ । देवत्वको मार्गमा हिँडेका मानिसहरू पुण्यमा हुन्छन् भने संसारी मनुष्यहरू पाप र पुण्यको समिश्रणसँगै यात्रा गर्दछन् । पापलाई छोडेर पुण्यको बाटोलाई पक्डिनु अध्यात्म हो । यसैले प्रेम, एकता, मैत्रीय भाव तथा आत्मज्ञानको मार्गमा हिंसाको कुरा आउँदैन । किनकी जहाँ हिंसा हुन्छ, त्यहाँ प्रेम र दयाधर्म समाप्त हुन्छ । यसकारण शान्तिको चाहना राख्नुको अर्थ अहिंसालाई अंगिकार गर्नु हो ।

यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि यी अष्टाङ्ग योगसाधनाका क्रमिक सिँढीहरू हुन् । जसको क्रमवद्ध रूपमा अनुशासनको पालना र अभ्यास गर्न सकेमा साधनामा सफलता मिल्दछ । साधनाको क्रममा यमभित्र सत्य, अहिंसा, ब्रह्मचर्य, अपरिग्रह, अस्तेयं गरी पाँच सूत्रीय वाह्य अनुशासनहरू पर्दछन् भने नियमभित्र सौच, सन्तोष, तप, स्वाध्याय र इश्वर प्रणिधानरूपी पाँच सूत्रीय आन्तरिक अनुशासनहरू पर्दछन् । यीमध्ये अहिंसालाई परमधर्मको परमपथ भनि बताइएको छ । सत्यको साधनामा लाग्ने, हिंसा पनि गर्ने यो सम्भव हुँदैन । सत्यको बाटो देखाउने र हिँडाउने कार्य ज्ञानीजनहरूको कर्तव्य हो । सत्यको बाटो देखाउनु राम्रो कुरा हो । हिँड्नु नहिँड्नु उसको स्वतन्त्रताको कुरा हुन आउँछ । सबैलाई त्यही बाटो हिँड भनेर कसैले जबरजस्त गर्न पनि सक्दैनन् । मानिसमा बुद्धि र विवेक भए पनि इन्द्रियजन्य विषयमा बढी आकर्षिक हुने भएको हुँदा उसले सत्यकाम गर्छ नै भन्न सकिन्न । यसैले समाजमा शिक्षा र चेतना जागरणको जरूरत पर्न गएको हो । मानिसले गरेका अत्याचार, हिंसा, वातावरणीय विनास तथा पर्यावरण अशुद्धिकरणका कारण ब्रह्माण्डीय उष्णता बढ्न सक्ने खतराको कुरामा आज वैज्ञानिकहरू पनि सहमत भइसकेका छन् । त्यसैले मानवलाई सही मार्गदर्शन र चेतना जगाउने कार्यमा लाग्नु हरेक चेतनशील नागरिकको कर्तव्य हुन आउँछ ।

समाजमा भएको र हुने गरेका काटमार, हिंसा, झगडा, प्राकृतिक विनास, दुषित नदी, प्रदुषित वातावरणको प्रभाव मानिसको मनमा पर्दछ, मनको प्रभाव आकाशीयतत्व र पिण्डहरूमा पर्दछ । जसको कारण पुनः पृथ्वीमा नकारात्मक प्रभाव पर्न थाल्छ । यसैले वेद, तन्त्रशास्त्र तथा उपनिषद्हरूले मनको विकार काम, क्रोध, लोभ, मोहलाई पशुको संज्ञा दिएको हो । जीवमा जबसम्म यी कुराहरू प्राथमिकतामा पर्दछ, तब त्यो जीव पनि पशुसरह हुन्छ र व्यवहार पनि त्यस्तै गर्छ । जसले समाज र देशलाई अशान्तितिर लैजान्छ भने विश्वको पर्यावरणमा समेत असर पार्छ भन्ने कुरा शास्त्रले बताउँदै आएको छ । त्यसकारण मानिसमा बुद्धि, विवेक र चेतना भएर पनि उच्चभावको कमी रहेसम्म पशु जस्तै हुन्छ भनि उल्लेख भएको छ । शास्त्रले काम, क्रोध, लोभ र मोहरूपी पशुलाई बली देऊ, अर्थात् यसलाई छोड तब तिमी संसारको दुःखबाट पार पाउँछौ भनेको थियो । तर यसलाई उल्टो बुझेर निरीह पशुपंक्षिहरूलाई बली दिने चलन समाजमा चलेको पाइन्छ ।

अशान्ति, हिंसा, अपराध, वनविनास, अव्यवस्थित फोहर, वायु तथा नदी प्रदूषण आदिले पृथ्वीको वातावरणमा गम्भीर असर गर्छ । वातावरण शुद्ध भयो भने अन्तरिक्ष पनि शुद्ध हुन्छ, अन्तरिक्ष शुद्ध भएमा पुनः पृथ्वीको पर्यावरण पनि शुद्ध हुन्छ । यिनै कारणले गर्दा वेदमा यज्ञको विधिविधान बताइएको हो । यसैले यज्ञ गर्नु पुण्य हो भने पशुत्वमा जीवन जिउनु पाप हो । मानिसको रूपमा जन्म हुनु ठूलो पुण्यको कमाई भए पनि पशुस्वभावबाट माथि नउठेसम्म त्यो पुण्यको महत्व पनि सार्थक हुन्न । पशुस्वभावबाट माथि उठेर मनुष्यता प्राप्त गरी देवत्वमा पुग्नु यसको मुख्य लक्ष्य हो ।

लक्ष्यमा नपुगेसम्म जीवनमा पूर्णता हुँदैन । जीवनमा पूर्णता प्राप्त गर्नका लागि सत्कार्यको पथलाई अवलम्बन गर्नुपर्दछ । सत्यकार्य नभएसम्म जीवन सफल पनि हुँदैन । त्यसैले सफल एवं शान्तिपूर्ण जीवनको लागि साधना र तपस्याद्वारा सत्य, अहिंसा तथा ईश्वरप्रणिधानको मार्गमा समर्पण हुनु पर्दछ । यसैभित्र जीवन, जगत् र मानव कल्याणको सार्थकता लुकेको छ । ◆◆

व्यङ्ग्य - बलदेवराज महत

# जसले जे सुकै भने पनि सबैतिरबाट आफूलाई चाहिँ

# फाइदै फाइदा



म एउटा तल्लो स्तरको कर्मचारी भए पनि मलाई आफ्नू काम केही खल्लो लागेको र घुसबाट धाक रवाफ जमाउने पल्लो कर्मचारी जस्तो भल्लो नठान्नुस् । मलाई यो जागिरबाट भएको फाइदालाई म काइदा साथ गर्व गर्छु । पहिलो फाइदा भन्न हुन्छ भने आफू स्कुल जीवनदेखिनै हिसाब भनेपछि पिसाब चुहिने मान्छे । बाहिर जति सुकै क्याल्कुलेटर थिचेर अरूलाई देखाए पनि खासै एक दुई तीन गन्नुपर्दा भने अलि अप्ठ्यारै पर्छ । त्यसैले हिसाबमा कमजोर मान्छेले धेरै गिन्ती गर्नुभन्दा थोरै बिन्ती गर्नु राम्रो भन्ने हाम्रा बूढा पाकाको उखानलाई मान्ने भाका गर्छु । त्यसैले अरू सबै काम चटक्कै बिर्से पनि प्रत्येक महिनाको एक गतेचाहिँ पटक्कै भुल्दिनँ । आफूले थोरै नोट पाइने हुनाले धेरै बेर गन्नु पनि पर्दैन र खुसुक्क खल्तीमा राख्यो सितिमिति भर्दैन पनि । धेरै नोट गन्दा औँलामा चोट पनि लाग्न सक्छ अनि पुरानो कोटको खल्तीबाट नेताको भोट खुस्के जस्तो गरी हराउन पनि सक्छ । धेरै बेर लगाएर गन्नु नपर्दा हातको पनि बचावट । बल गरेर कोच्नु र घोच्नु नपर्दा खल्तीको पनि बचावट । सबैतिरबाट फाइदा । अब खल्तीमा नोट भएको कोट ढल्काएर र एउटा बिनाफिल्टरको चुरोट सल्काएर अनि अफिसको गुँद लागेको हातले मुसार्दै खैरा जुँगा टल्काएर चामल पसलतिर लाग्यो । पसलमा पुगेर सबैले छाडेको, सबैले छान्दा मजाले माँडेको, त्यहाँ भएको मध्ये सबै भन्दा जेठो, घुनकिरा र धुलोबाट पार भइसकेको चामलमा त्यस्ता चीजहरूबाट कुनै असर नपर्ने र अरूले किन्ने कुनै कसर बाँकी नरहेको चामलको मोल छिन्यो र गच्छे अनुसार उचित दाम दिएर किन्यो । पसलेको अचल सम्पत्ति तुरून्त चल सम्पत्तिमा परिणत भयो । अन्न फाल्ने मान्छे कहिले टन्न हुँदैन भन्ने हाम्रो भनाइ पनि मान्नैपऱ्यो । त्यो चामल त्यसै फालेर बोक्नुपर्ने पापबाट पसले मुक्त भयो । त्यसै परोपकार । पसलेले सधैँ यसरी नै आएमा र यस्तै चामल खाएमा अझ सस्तोमा दिने कुरा गर्छ । उसको अर्तीले दुबैलाई फाइदा । अर्ती भनेको घर्तीको पनि मान्नु भन्छन् । ऊ त झन् पसले । मान्नै पऱ्यो । मान्छेले विभिन्न किसिम र स्वादको चामल चाख्न कति दुःख गर्नुपर्छ, कति ठाउँमा चर्नुपर्छ अनि कति जनाको मुनि पर्नुपर्छ । सबै बिकेर बाँकी भएकोबाट जम्मा गरी एकै ठाउँमा राखेको चामल खाँदा सबैको स्वाद एकैचोटि लिन पाइने । गंगामा गएर चुप्लुङ्ङ डुबेपछि सबै तीर्थ घुमे जस्तो भइहाल्यो । पाक्न पनि छिटै पाक्ने भएकोले इन्धनको बचत भई अदृश्य रूपमा सरकारी नीतिलाई कति फाइदा कति ।

दाल तरकारी आदिको पनि त्यसैगरी मोल छिन्यो अनि आफ्नो आवश्यकता अनुसार किन्यो । तँछाड मछाड गरेर राम्रो छान्दा हुलमा किचिनु पनि परेन । अब चाहिँ कसैले पनि किन्दैन भनेर पसलेले फाल्नु पनि परेन । उत्पादकलाई फाइदा, बितरकलाई फाइदा र आफैलाई पनि फाइदा । खल्तीमा छिटै गन्न सकिने नोट टन्न छँदै छ । केको पीर भयो र ? मासु खान मन लाग्यो भने दसैं तिहार पर्खो अनि खायो । वर्षमा एकपल्ट मजैले खायो अनि चुपचाप लाग्यो । मासु धेरै खानाले स्वास्थ्यमा प्रतिकूल असर पर्छ । मासुबाट विभिन्न किसिमका रोगहरू सर्छन् र त्यसबाट मानिसहरू छिटै मर्छन् अनि आफ्ना बालबच्चाहरू अलपत्र पर्छन् भनेको सुन्दा-सुन्दै पनि कसैले खान्छ त्यस्तो चीज ? केही गरी मनले मानेन र खानैपऱ्यो भने पनि पसलेले मासु बेचिसकेपछि पसलमा गयो । आउन ढिलो भएकोले फिलो किन्न पाइएन भन्यो अनि एक डेढ किलो आन्द्रा भुँडी खुट्टा आदि बाँकी रहेकोबाट किन्यो आयो । हुलमा सुल हुने गरी पर्खनु पनि नपर्ने । मासु छान्न र राम्रो भाग तान्न बढी गलफती पनि गर्नुपरेन । बोसोको मात्रा ठ्याम्मै नहुने हुनाले शरीरको तौल बढ्ला भनेर खाने बेलामा चोसो पसार्नु पनि परेन । खुट्टामा मजाले पानी हाल्यो र उमाल्यो बाहिरतिर निकै मोल पर्ने झोल वा सुप भइहाल्छ । आन्द्राभुँडी भुट्यो स्वादिष्ट परिकार तयार भइहाल्छ । भातसित खाए पनि भयो । खाजा खाए पनि भयो । कति फाइदा ।

लुगा फाटा किन्नलाई झन् कति मजा छ । ठूला-ठूला पसल र सोरूमहरूमा छिर्न र त्यहाँ तोकिएको मूल्य तिर्न पनि पर्दैन । हाम्रो जिउलाई मिल्ने सुहाउने लुगाहरू त्यहाँ राखेको पनि हुँदैन । त्यसैले त्यतातिरको आकर्षणले हामीलाई छुँदैन । हामीलाई त कतै घुम्नु पनि पर्दैन । आफूलाई आवश्यक पर्ने लुगाफाटाहरू हिँड्दा-हिँड्दै बाटैमा किन्न पाइन्छ । पसल-पसल चहार्नु पनि पर्दैन । धेरै छानेर र केही तलमाथि परेमा फिर्ता गर्ने सर्त मानेर किन्नु पनि पर्दैन । बाटोमा जस्तो भेट्टायो, चट्ट भाउ गऱ्यो । अलिकति भाउ घटाउने दाउ गऱ्यो । मोल मिलायो, अनि किनिहाल्यो । बिल न सिल । आफ्नो लागि किनेको भए त्यहीं लगाएर हिँड्यो । परिवारका अरू सदस्यहरूको लागि हो भने यसो काखी च्याप्यो अनि आफ्नो घरतिर लम्क्यो । रङ, डिजाइन वा स्टाइलको पनि मतलब हुँदैन । जस्तो भेट्टायो, आफूले भनेको मोल मिल्यो भने जिउमा खोल हाल्न पाए पुगिहाल्यो । प्याकिङ्गको जरूरत पनि पर्दैन । ठूला-ठूला पसल, सोरूम वा सुपर मार्केटहरूतिर सामान खोज्दै हिँड्ने झन्झट पनि पर्दैन । भऱ्याङ उक्लने वा ओर्लने टन्टा पनि नपर्ने । घन्टौं लगाएर छानी आफ्नो अमूल्य समय खेर फाल्नु पनि पर्दैन । पैसा तिर्ने र फिर्ता लिने बेलामा आफूलाई पिर्ने गरी हिसाब गरिराख्नु पनि पर्दैन । कति फाइदा कति फाइदा !

अफिस जाने आउने कामबाट पनि उस्तै फाइदा छ । अफिसमा अरू कर्मचारी र हाकिम आउनु भन्दा पहिले पुग्नुपर्ने । अनि सबैजना हिँडिसकेपछि मात्र अफिस छाड्न पाउने । कत्रो ठूलो जिम्मेवारी, पहिले अफिसको एउटा साइकल मिलाएको थिएँ । साइकल पनि बडा फाइदाजनक थियो । सानोतिनो जोल्टिङमा पनि आफै घण्टी बज्ने । हाम्रो जस्तो सडकमा कतै पनि हातले घण्टी थिच्न कष्ट गर्नु नपर्ने भइहाल्यो । जति थिचे पनि ब्रेक नलाग्ने भएकोले अफिस पनि छिटै पुगिने भइहाल्यो । त्यति राम्रो र भरोसादार सवारीको साधन बिग्रिएर अफिसमै फालिएको छ । त्यसमा चाहिँ कसको फाइदा छ मलाई थाहा छैन । तर म चाहिँ अचेल हिँडेर जाने आउने गरेको छु । लामो बाटो हिँड्नु जस्तो फाइदाजनक व्यायाम अरू के छ र ? टन्न दाल भात खायो अनि बेलैमा अफिसतिर लाग्यो ।

खाना पनि मजाले पच्ने । व्यायाम पुगेर शारीरिक रूपमा साह्रै स्वस्थ पनि भइने । कर्मचारीहरू शारीरिक रूपमा तन्दुरूस्त होऊन् भनेरै अफिस जान आउन कुनै सवारी साधनको व्यवस्था नगरिएको हो कि क्या हो ? एउटा हाकिमलाई मजाको, महँगो र निकै आकर्षक वाहन भएपछि पुरै अफिसलाई पुगिहाल्यो । मितव्ययिताको सिद्धान्तबाट हेर्ने हो भने कति फाइदा । त्यसैले शारीरिक रूपमा पनि म निकै स्वस्थ, तन्दुरूस्त र निरोगी छु ।

आफू कहिल्यै पनि अर्काको नाश हुने काम नगर्ने हुनाले यो सास छउन्जेलसम्म एउटा बास बनाउने झमेला पनि पर्ला जस्तो छैन । यो बास बनाउने काम पनि साह्रै झन्झटिया पो छ त ! सबै भन्दा पहिला खाली जग्गा खोज्नुपर्‍यो अनि मनपर्ने प्लट रोज्नुपर्‍यो । त्यसपछि सामान जुटाउनु र आफ्नो ढुकुटी फुटाउनुपर्‍यो । नक्सा बनाउनुपर्‍यो फेरि लगेर पास जनाउनुपर्‍यो । त्यसपछि सिकर्मी, डकर्मी, अरू कामदारहरू खोज्नु, ज्याला, खाजाको बितरण र हर हिसाब गर्ने झन्झट । यो पुगेन उ पुगेन सधैंको दौडादौड । झ्याल, ढोका, खापा, ऐना, छेस्किन, पर्दा, जाली, बाथरूम, रङ्गरोगन, किचन, बैठक, बेडरूम आदि सम्पूर्ण चीज तयार गर्दा कति झन्झट खप्नुपर्छ । बेकारमा दिमागलाई मात्र बोझ । यी सबै झन्झटको राम्ररी सोधपछि मलाई यो चाहिँ गर्ननहुने काम भएको बोध भयो । आफूलाई त आनन्द छ । यो झन्झट बाचुन्जेल गर्नु र यसको फेला पर्नुपर्ला जस्तो छैन । त्यसैले ढुक्क भएको छु । बेकारको अनावश्यक बोझले उमेर पनि घट्ला जस्तो काम के गर्नु । त्यसैले म त सुरूदेखि अहिलेसम्म अरूले बनाएको घरमा बसेको छु । महिनै पिच्छे दाम बुझायो आफ्नो काम चलिहाल्छ । त्यसैले म आफूलाई निकै बुद्धिमान् ठान्छु र ग्राउन्ड फ्लोरलाई नै उपयुक्त मान्छु । छिँडी भन्दा आफूलाई केही हिनताबोध हुनसक्छ । त्यसैले म सधैं ग्राउन्ड फ्लोर भन्न रूचाउँछु । ग्राउन्ड फ्लोरमा धेरै फाइदा छन् । भऱ्याङ चढेर र ओर्लेर अनावश्यक तल माथि पनि गर्ननपर्ने । केटाकेटी भऱ्याङबाट लडेर घाइते होलान् वा घाउ लाग्ला भन्ने डर पनि भएन । कोही भेट्न आए भने भेटघाटलाई पनि सजिलो । आफूलाई भित्र बाहिर गर्न पनि सजिलो । जाडोमा अति जाडो र गर्मीमा अति गर्मी हुने भएकोले उहिले काठमाण्डुमा एकजना राजा थिए रे जाडोमा चिसोमा बसेर र गर्मीमा आगो तापेर तपस्या गर्ने । ग्राउन्ड फ्लोरको मौसमको कारणबाट आफू पनि तीनै सरह भइहालियो । बिजुलीको कनेक्सन पनि धेरै जस्तो नहुने हुनाले विद्युतको लोडमा धेरै जोड नदिनु भन्ने अनुरोधमा पनि योगदान पुग्ने । सामान लान ल्याउन पनि उस्तै सुविधा । घरमा को आयो को गयो सबै थाहा हुने हुनाले सुसूचित हुने अधिकार पनि कायमै रह्यो । राती अबेरै आधा रातमा घरका कुनै मानिस आए भने पनि ढोका खोल्ने लगाउने काम गरी धर्म कमाउन पनि पाइयो । वर्षैपिच्छे ग्राउन्ड फ्लोरमा बसे वापत आफूले दिने चन्दा बढाएर फन्दामा पार्न घरवालाहरू निकै कोसिस गर्छन् । तर आफू अनुशासित कर्मचारी भएकोले यो जथाभावी बिना नियम बढाएको रकम त्यसै तिरिन्छ र ! उनीहरूले झुक्याएर झुक्किने खाले मान्छे हो र म ! बिना नियमको बढावढमा फस्नु भन्दा अर्कै घरमा बस्नु राम्रो ठान्छु म । त्यसैले यो ग्राउन्ड फ्लोर नै छोडेर अर्को ग्राउन्ड फ्लोर खोज्नतिर लाग्छु । आफू लगनशील र सहनशील भएपछि थौरै समयमै फेरि अर्को ग्राउन्ड फ्लोर भेटिहालिन्छ । अनि आफ्नन भिूटी र लालावालासहित नयाँ ग्राउन्ड फ्लोरतिर लाग्छु । कति मजा ! नयाँ मानिसहरूसित परिचय हुने । आफ्नो र केटाकेटीको पनि नयाँनयाँ साथी बन्ने । नयाँ वातावरण र नयाँ हावापानीले शरीरमा नयाँ जोश र उमंग जगाउन कति मदत गर्छ । मानिस त्यसै पनि परिवर्तन रूचाउने प्राणी भएकोले मैले हरेक वर्ष घरवालाहरूको कारणले आफ्नो ग्राउन्ड फ्लोररूपी निवासलाई परिवर्तन गरेर यो कथनलाई सत्य सावित गर्ने प्रयास कायमै राखेको छु । यसै परिवर्तनको कारणले मेरा कति साथी भइसके, मेरी श्रीमतीका त्यत्तिकै र छोराछोरीका पनि त्यत्तिकै छन् । तर यसबाट हुलाकी र चिठ्ठी पठाउने मानिसहरूलाई भने निकै नै अप्ठ्यारो परे जस्तो लागेको छ । सरकारी बासस्थान बनाउने चलन नहुनाले नै आफ्ना यति धेरै मानिसहरूसित चिनजान भएकोमा मलाई मन भित्रैदेखि आनन्द लागेको छ ।

छोराछोरीहरू पढाउन, बढाउन र कक्षा चढाउन पनि सजिलो र सुविधाहरू प्रशस्त छन् । अचेलका बोर्डिङ स्कुलहरूमा पढाउन मलाई पटक्कै राम्रो नलाग्ने हुनाले त्यहाँ पढाउने विचारलाई चटक्कै बिर्सेको छु । घाँटीमा टाइ लगाएर जानुपर्ने । इजार बाँध्नु पर्छ भन्ने कुरा पनि थाहा नहुने उमेरमा टाइ लगाउँदा अलिकति गाँठो तलमाथि पऱ्यो भने ज्यानै जाला भन्ने डर । केही भइगयो भने आफ्नो सर्वनाश हुन्छ । पैसा त जिनतिन गरेर पुऱ्याइएला भनौं । दुर्घटनाकै डरले र तलबको भरले मात्र खुट्टा छोड्नु परेको हो । फेरि पढाइ पनि अचेलको के कस्तो हो । त्यति राम्ररी बुझ्न पनि नसकिने खालको । झोला पनि मजैले बोक्नु र केटाकेटीको भारी देखेर जिब्रै टोक्नुपर्ने अवस्था छ । तर यो भने हाम्रा केटाकेटीहरूको भविष्यको लागि राम्रो नै हुने हो कि जस्तो देखिन्छ । भविष्यमा केही काम नपाए पनि बेरोजगार बस्नुपर्दैन वारिपारि सबैतिर भारी बोकेर खान राम्रो अभ्यास पुग्न गइ दक्ष जनशक्ति उत्पादन गर्नमा मदत मिल्नसक्छ । फेरि उज्यालो नहुँदै स्कुल गयो अनि साँझ परेपछि घर फर्क्यो । केटाकेटीको अनुहार पनि राम्ररी देख्न मुस्किल पर्छ । फेरि चिसो टिफिन खानाले केटाकेटीको स्वास्थ्यमा राम्रो प्रभाव नपर्न पनि सक्छ । बसको त कुरै छोडौं । बच्चैदेखि बस चढेर हिँड्डुल गर्नु राम्रो पनि हैन । यसो हिँडेर जाने आउने गरे पो शारीरिक तन्दुरूस्ति बढ्छ त मेरो जस्तै । पैसाको कुरो त केही थिएन मिलाउन सकिन्थ्यो । यी सबै समस्याहरूलाई ध्यानपूर्वक विचार गरी हेर्दा र आफ्नो खल्तीको हिसाबलाई राम्ररी केर्दा मैले आफ्ना केटाकेटीलाई बोर्डिङ स्कुलमा चाहिँ ज्यान जाला नपढाउने भएँ । बरू जे जस्तो भए पनि अरू सरकारी स्कुलहरूमा पढाउन ज्यादै बेस जस्तो लागेको छ । त्यहाँ पढाएमा सरकारी नीतिलाई पनि ठूलो योगदान हुने । पढाइ फ्रि किताब फ्रि हुनाले आफूलाई पनि फाइदा । बिहान सबेरैदेखि गएर साँझमा अबेरै हत्तु भएर आउनु पनि नपर्ने । थौरै घण्टा मात्र पढाइ हुने हुनाले टिफिनको टन्टा पनि परेन । नजिकै हुनाले बसको झन्झट पनि परेन । हडताल, जुलुस, नारावाजी र चुनाव आदिमा सानैदेखि हिँड्ने हुनाले बच्चैदेखि राजनैतिक रूपमा चेतनशील भएर भविष्यमा केही गर्नसक्ने पनि भइहाल्छन् बच्चाहरू । भएका खेलकुद र अन्य सुविधाहरू पनि सम्बन्धित अधिकारीहरूले मात्रै प्रयोग गर्ने र अन्य खेलकुद र मनोरञ्जनका सामानहरूको लागि आवश्यक पूर्वाधार समेत स्थापित हुन नसकेकोले केटाकेटीहरूले आफ्नो खेलकुद र मनोरञ्जनको जिम्मा आफैं लिनुपर्ने हुनाले श्रृजनात्मक वा रचनात्मक बुद्धिको छिटै विकास भइ स्थानिय साधनको प्रयोगको लागि रचनात्मक जनशक्ति तयार गर्न मदत पुग्ने पनि देखिन्छ । शिक्षा नीति र किताब उत्पादनको रीति थौरै समयमै बदलिइरहने हुनाले सधैं नयाँ वातावरण र प्रयोगात्मक स्थितिमै पढाइ सकिने

भई केटाकेटीहरू एकोहोरो पट्टाइलाग्दो पढाइबाट पनि जोगिने । जान आउन नजिक हुनाले बसको झन्झट पनि परेन । सबै कुराहरूको विचार विमर्शपछि केटाकेटीहरूलाई पनि सरकारी विद्यालयमा नै पढाएको छु, सबैतिरबाट फाइदा हुने देखेर ।

छोराछोरीहरू कता जान्छन्, पढाइलाई कत्तिको मान्छन्, के गर्छन् मलाई त्यति चासो लाग्दैन । स्कुल गएकै देख्छु । कहिले काहीँ किताब पल्टाएका पनि हुन्छन् । उमेर अनुसार खेल्न कुद्न हिँड्न डुल्न पनि दिनैपर्‍यो । आफू प्रजातान्त्रिक मान्छे कुनै कुरामा रोकतोक गर्नभएन । ट्युसन पढाउन र कोचिङ क्लासतिर पठाएर ज्ञान बढाउन त राम्रै होला । तर पढ्ने मान्छेले जहाँ पनि पढिहाल्छ नपढ्नेलाई नै अनेक ढाँचा झिकेर काँचा कामहरू गर्नुपर्छ त । ट्युसन पढाउन जरूरी नै हुने भए सरकारले नै त्यसको व्यवस्था गर्थ्यो होलानि निःशुल्क शिक्षा जस्तै । आफू सरकारी नीतिलाई अक्षरस पालना गर्ने मान्छे भएकोले ट्युसन पढाउने त सवालै उठ्दैन ।

चाडपर्वहरू मनाउन पनि मजै छ । चाडपर्वमा सपरिवार साथीभाइ र इस्टमित्रका घरतिर गयो । भेटघाट पनि भइहाल्छ । कुराकानी पनि हुन्छ । सन्चो बिसन्चो पनि थाहा हुन्छ । मीठो मसिनो चीजबिजहरू पेटमा पनि पर्छ अनि आफ्नो चाडपर्व पनि टर्छ । आफू अहिँसाबादी भएकोले चाडवाडमा मारकाट गर्नतिर पनि लाग्दिन म । वल्लो पल्लो कोठाका छिमेकीहरूलाई डिस्टर्व होला कि भन्ने डरले पाहुना पनि बोलाउने गरेको छैन । असल छिमेकीको कर्तव्यलाई भुल्न पनि त भएन नि ! अशुद्ध तेल घिउको खारबाट छिमेकीहरूलाई मार पर्ला भनेर चाडवाडमा पनि म त साधारण खाना नै मन पराउँछु । चाडवाडमा श्रीमतीलाई माइती र छोराछोरीलाई मामाघरतिर जान बस्न पूरा छुट दिएको छु । अनि मौका पर्दा आफू पनि उतै गएर बसिदिन्छु । उनीहरू पनि साह्रै खुसी हुन्छन् । उनीहरूको खुसीको राम्ररी ज्ञान भएको ज्वाइँको नाताले ध्यान पुर्‍याउनै पर्‍यो । ससुराली जान र मेजमानी खान गतिलै लुगाफाटा पनि चाहिन्छ । घडी, कोट, राम्रा खाले जुत्ता, चस्मा, टाइ जस्ता आइटमहरूचाहिँ केही समयको लागि साथीभाइहरूसित साबुत हालतमा फिर्ता बुझाउने गरिलिने र फर्कना साथ बेलैमा फिर्ता दिने गरेको छु । श्रीमतीलाई कहिलेकाहीँ चाहिने गहनाहरू, साडीहरू, जुत्तै पनि, चस्मा, घडी, गतिलो खाले स्वीटर र ओढ्ने आदिको लागि पनि अहिलेसम्म त्यसरी नै काम चलाउने गरेको छु । बिहेमा दिएका उसका गहनाहरू पनि केटाकेटी हुर्काउने र कहिलेकाहीँ बेलुकी मादक पदार्थ सुर्काउने कार्यमा लगानी गर्दा सदुपयोग भइसके । यसरी काम चलाउँदा सबैतिरबाट फाइदा छ । ससुरालीतिर पनि सधैँ नयाँ लुगा, नयाँ घडीहरू फेरि फेरि जाँदा ज्वाइँको मान भाउमा भिन्नै रौनक आउने अनि उहाँहरूले जोरी पारीका अगाडि फुर्तीले नाक ठडाउने मौका पनि पाउने । आफूलाई पनि किन्ने, सिलाउने र अनेक तरिकाबाट रकम मिलाउने झन्झट पनि परेन । यस्तो तरिकाले काम चलाएकोमा जसले जे भने पनि आफूले जे सुने पनि आफू हँसिलो, मिजासिलो, फरासिलो, मिलनसार र सानातिना भनसुनको वास्ता नगर्ने अनि आवश्यक र अनुत्पादक कुराहरूको पछि नपर्ने हुनाले फाइदै छ ।

साथीसँगी, इष्टमित्र, नातागोता, आफन्त र दाजुभाइहरूको घरमा बिहे बटुल पर्दा झन् फाइदा हुन्छ । छोराको विहेमा बोलाए भने छोराछोरी र श्रीमतीसहित बोलाएको समय भन्दा पनि अघिदेखि गएर बिहेमा सामेल भयो अनि आफूले गर्न सक्ने र खास अप्ठ्यारो नपर्ने कामहरू पनि तामेल गरिदियो । अन्त त्यति नभुलेर जन्त गयो । बिहेको रमाइलो हेर्‍यो । आफन्तहरूलाई मदत गर्‍यो र सबै कुरा सकिएपछि आफ्नो ग्राउन्ड फ्लोरको निवासतिर झर्‍यो । उनीहरूले पनि फलानो त सारै सहयोगी छ, फलानोको बिहेमा यति काम गर्‍यो उति काम गर्‍यो भनेर पछिसम्म वयान गरिरहन्छन् । छोरीको बिहेमा बोलाएछन् भने अफिसको कामको चटारोले कति कोसिस गर्दा पनि आउन पाइएन भनेर एउटा माफीको झटारो हान्यो काम चलिहाल्छ । कतै-कतै नगइकन धरै पाइएन भने पनि घरै उठाएर लग्यो । फाइदा नै हुन्छ, घाटा पर्दैन ।

आफू राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय विषय र घटनाहरू, खेलकुद गतिविधि र संगीतमा समेत ठूलो चाख राख्ने मान्छे भएकोले कोठामा एउटा रेडियो धेरै अघिदेखि नै राखेको र धेरै वर्षदेखि त्यसको मजा चाखेको छु । समय समयमा त्यसको व्याट्री फेर्न र व्याट्रीको अवस्था हेर्न त्यति फुर्सद नहुने हुनाले बिजुलीबाट चल्ने र घरवालाको बिजुलीको मिटरमा त्यसको खर्च फल्ने रेडियो छ मेरो । टी.भी. भिडिओ आदि चाहिँ मैले किनेको पनि छैन । आफूलाई त्यसमा त्यति शोख पनि छैन । केटाकेटीहरू र श्रीमतीले वल्लो पल्लो कोठा र साथीभाइहरूकै घरमा हेरेर आनन्द लिइरहेका छन् । कहिलेकाहीँ राम्रो कार्यक्रम आउने बेला पारेर आफू पनि उतैतिर गइदियो र मनोरञ्जन लियो । कहिले साथीभाइ वा इष्टमित्रका घरतिर हेर्न गयो । भेटघाट र चियापान पनि हुन्छ मनोरञ्जन पनि हुन्छ । कतै-कतै त मद्यपानको लागि पनि सोध्छन्, केही नबोलिकन सट्ट खायो अनि घर आयो । सबैतिरबाट मनोरञ्जन । भोलिपल्ट अफिसमा अघिल्लो दिनको टी.भी.को कार्यक्रमको बारेमा ठूलो-ठूलो स्वरमा छलफल गर्‍यो । अरूलाई के थाहा कसको घरमा टी.भी. छ कसको घरमा छैन भनेर । त्यसैले टी.भी. किन्ने काम पनि मैले गर्नु नपरेकोले आर्थिक बचत भएको छ । हुन त अर्थ नै नभएपछि सबैतिरबाट आफ से आफ बचत हुने नै रहेछ ।

अचेल कहिले बस पल्ट्यो, यति मरे उति घाइते भए, यति जना बाटैमा मरे, यति जना घाटैमा पुग्न पाएनन्, कति सिकिस्त छन् । कहिले प्लेन खस्यो कोही बाँचेन भन्ने जस्ता समाचारहरू धेरै जस्तो सुनिराखिन्छ । यस्तो खतरनाक र जोखिमपूर्ण बाहनहरूमा यात्रा गरेर आफ्नो आयुको मात्रा किन घटाउनु । त्यसैले म त यताउता घुम्न, भ्रमण गर्न र पर्यटन गर्न पनि त्यति रूचाउन्न । तर टि ए डि ए र अरू भत्ता आउने भ्रमण आइपरेमा त कर्मचारी मान्छे जागिर खाएपछि जान्नँ भन्न भएन । त्यस्तोमा चाहिँ जाने गरेको छु । आफूखुसी चाहिँ ठ्याम्मै जान्नँ । बिहान अफिस जाँदा र बेलुकी फर्कदा जे जति देखिन्छ त्यसैबाट पर्यटनको आनन्द लिइरहेको छु । श्रीमती र केटाकेटीहरूले पनि माइती र मामाघर जाँदा पर्यटन गर्छन् । नत्र अघिपछि वल्लो घर पल्लो घर र किनमेलमा बजार तिर हिँड्डुल गर्दा नै सबैको चित्त बुझेको छ । फेरि पर्यटनको रूपमा हामीलाई किन घुम्नु पर्‍यो र ! बिहान झ्याल खोल्ना साथ सेतो टलक्क टल्कने हिमाल झलक्क देखिहालिन्छ । डाँडाकाँडा हेर्न जानै परेन, आफू जन्मेकै ठाउँ । कुनै पुरातात्विक ठाउँमा घुम्न जाऊँ भने नजिकैको देखेकै छ टाढाको आफूलाई थाहै छैन । फेरि टी.भी. हेर्न थालेपछि सबै ठाउँ र गाउँ देख्न पाइहालिन्छ । संसारका मुख्य-मुख्य सहर हेर्ने रहर समेत मेटाइदिएको छ त्यसले । मान्छे हेर्न जाऊँ भने संसारभरिका सबै जात, धर्म र प्रदेशका राता, खैरा र गोरा मानिसहरू हामीलाई नै हेर्न आउँछन् । त्यसैले सबै किसिमका मान्छेहरू यहीँ देख्न पाइहालिन्छ । त्यसैले पनि मैले घुमघाम गरेर आफ्नो अमूल्य समय र नगण्य रूपमा आम्दानी हुने रकम खेर फाल्नुलाई

अधोगतितिर पाइला चाल्नु र आफ्नो भविष्यलाई आफैले ढाल्नु बराबर सम्झेको छु । फेरि यो अमूल्य कर्मचारी जीवनलाई घुमेरै सिध्याउने मूर्खता पनि गर्नु भएन नि । यो कर्मचारी जीवन किन महत्त्वपूर्ण वा अमूल्य हुन आएको भन्ने कुरामा तपाईहरूलाई अचम्म त लागेको छैन होला । तैपनि सुनाइ हाल्छु । मैले आफ्ना खोरका बोका, कति घिउका पोका र कोसेलीका डोका कति ठाउँमा पुऱ्याएर मात्र पाएको जीवन हो यो । यो जीवन पाउन आफ्नो ढाडका छाला र आमाका नौगेडीका माला बिके । जागिर पाएपछि बसीबसी हलुवा खाउँला भन्ने आशामा ठाउँ-ठाउँमा घुम्दा-घुम्दा दुई चार जोर जुत्ताका तलुवा नराम्ररी खिइए । त्यसैले मेरो कर्मचारी जीवन मेरो लागि ज्यादै अमूल्य हुन आएको हो । बुझ्नु भो तपाईले ?

मेरो परिवार पहिलेदेखि नै साह्रै स्वावलम्बी खालको परिवार हो । आज पनि सबै जना ज्यादै स्वावलम्बी छन् । कसैलेकसैको भर परेका र अरूको सहारा बेगर मरेका छैनन् । मेरा बाबुआमा उमेरले असी नाघ्न लागिसक्दा पनि छोराछोरीको भरोसाले बसीबसी खान मानेका छैनन् । उनीहरू अझै पनि आफैले कुटो कोदालो गरेर ढुटो पीठोद्वारा आफ्नो जीर्ण प्राण धान्दै छन् । मैले टुलुक्कसम्म पनि हेर्नु परेको छैन । हुन त मेरो कमाइमा मेरा छोराछोरीहरूसमेत रमाई बस्न पाएका छैनन् । बाबुआमा दाजुभाइ र दिदीबहिनीहरूलाई त उही दसैं तिहारमा मात्र भेटिने हो । अघिपछि त उनीहरूलाई फुर्सद हुँदैन । उनीहरूलाई दुःख दिन मन नलागेर दसैं तिहारमा पनि जुठो वा सुतक परे हुन्थ्यो जस्तो लाग्छ मलाई त । त्यति भयो भने सबैलाई आनन्द । अनावश्यक हिँडडुल गर्नु पनि परेन । खानपिन त घरभित्र सबैले गरिहाल्छन् । बाहिर देखाउन नहुने मात्र त हो नि । अरू चाडवाडमा त त्यति सारै जान आउन नपर्ने र छुट्टीविदा पनि नपाइने हुनाले हिँडिरहनु पनि पर्दैन ।

आफू आधुनिक विचारको मान्छे भएकाले धर्म माने ता पनि यसको मर्म बुझेर पूजाआजाको कर्म भने त्यति फुर्सद नहुने भएकोले गर्ने गरेको छैन । हुन त पूजाआजा गरेर छिमेकीलाईसमेत बाधा पुऱ्याएर आधा पेट खाएर भट्याएर मात्र के गर्नु । सबैको काम सबैले बुझेकै छन् । को कति भट्याउँछ र मौका पर्दा कसले के पट्याउँछ भन्ने कुरो धेरै जसोलाई थाहा छँदै छ । त्यसै बोल्दै र मनमा भएका कुराहरू खोल्दै हिँड्नु पो भएन त । फेरि अचेल धुमधामसित पूजाआजा गर्छु भने पनि न चीज बिज शुद्ध पाइन्छ न पूजा गराउने मान्छे नै शुद्ध पाइन्छन् । आफूलाई जातैले धर्मका ठेकेदार ठान्ने, पूजापाठ गराएर यजमानी मान्ने र सबैको कर्म चलाउन जान्ने मान्छेहरू नै राम्ररी साँझ पनि पर्न नपाउँदै भट्टीतिर बास्न थाल्छन् । अनि कसले गराउँछ पूजापाठ । आफै गरौं भने जानेको छैन । के गर्नु, परेन हत्ते ! त्यसैले विदाको दिन पारेर र निद्रा माया मारेर बिहान मन्दिर डुल्यो अनि पूजापाठचाहिँ भुल्यो । अरू मान्छेहरूसित भेटघाट र कुराकानी पनि हुन्छ । नमस्ते मुद्रामा हात र मोहडा मन्दिरतिर भए पनि आँखा र मनचाहिँ पूजा गर्न र देखापर्न आएका तरूनीका तनतिर लगायो । तरूनीहरूको अंग-अंगलाई आफ्नो गोप्यता भंग नहुने गरी सुटुक्क नियालेर हेऱ्यो अनि रूद्रघण्टी नै बज्ने गरी घुटुक्क थुक निल्यो र मीठो कल्पनासहित रसिलो मुख लिएर घरतिर फर्क्यो । फर्कंदा भीडभाडमा थाहा नपाए जस्तो गरी अन्तै हेरेर यसो तरूनीहरूलाई ठाउँ-ठाउँमा छोयो, उनीहरू पनि थाहा नपाए जस्तो गरिहाल्छन् के भो र ! अचेल विधि पुऱ्याएर पूजा गर्ने तर कम भेटी छर्नेलाई पुजारीले पनि त्यति वास्ता गर्दैनन् । जसले पूजा केही नगरिकन ह्वार्ह्वार्ती कालो धन मन्दिरमा फाल्छ उसैको चाकडी र भलो गर्ने विचारलाई पुजारीले मनमा पाल्छ । मन्दिरमा राम्ररी टीका लगाउन पनि पुजारीलाई चित्त बुझ्दो भेटीको ढिका नचढाए आफ्नो मन सारै फिका पारेर फर्कनुपर्छ । हुन त त्यसै पनि मन्दिर-मन्दिर घुमेपछि अलि-अलि धर्म त हुनुनै पर्ने हो । मान्छेले धर्मको नाममा कति नाजायज काम गरेर ठूलै दाम कमाएका छन् र त धर्म भएकै छ भने पूजापाठ नै किन गर्नुपऱ्यो र ! त्यसैले मैले पूजा भन्दा बिहान बेलुकीको भुजामा नै बढी जोड दिएको छु । पछि समय र भाग्यले साथ दिएछ भने बुढेसकालमा भगवानको नाम लिँदै श्रीमतीसहित चार धाम जाऊँला अनि कुकर्म र पापबाट मुक्ति पाउँला भन्ने आशा गरेको छु ।

सबैलाई उमेर अनुसार सबै थोक चाहिन्छ । आफूले पनि आफ्ना छोराछोरीलाई बालक छँदा दिनुपर्ने शिक्षा-दीक्षा र अन्य कुराहरू लक्षले नपुगे पनि गक्षले भ्याएसम्म दिएकै छु । ठूला हुँदै जाँदा बिहे गर्ने उमेर पनि आउँछ । बिहेको मामिलामा पनि म स्पष्ट धारणा राख्छु । कसैलाई पनि जबर्जस्ती नगर्ने पक्षमा छु । छोरालाई हुर्काएर र फुर्काएर राखेपछि प्रेम विवाहतिर लागिहाल्छ । आफैले खोजेको र रोजेको भएपछि केही तलमाथि परेमा कसैले दोष बोक्नु पनि पर्दैन । बिहे खर्चको लिष्ट देख्दा आत्तिएर जिब्रो टोक्नु पनि पर्दैन र आफ्ना छोराछोरीको इच्छा आकाङ्क्षालाई जवरजस्तीसित रोक्नु पनि पर्दैन । भोज भतेर गरेर आफ्नो काममा व्यस्त भएका नातेदार, इष्टमित्र र साथीभाइहरूलाई दुःख दिनु पनि परेन । कर्मकाण्ड जानेका बिरलै ब्राह्मण खोज्नु पनि परेन । मेरो छोरालाई छोरी दिन्छौ कि भनेर बढेका छोरी भएका ठाउँमा खोज्दै हिँड्नु पनि परेन । लुगाफाटा गरगहना जुटाइराख्नु पनि परेन । छोरीलाई पनि त्यसैगरी प्रेम विवाहको लागि अप्रत्यक्ष रूपमा प्रेरित गऱ्यो । आफू घर घर छोरीको फोटो बोकेर डुली खोटो हुनु पनि पर्दैन । नाता गोता र इष्टमित्रहरू मार्फत कुरा चलाईराख्नु पनि पर्दैन । छोरीको गतिविधि थाहा नपाए जस्तो गरिदिएपछि एक दिन ज्वाइँ लिएर आइहाल्छे । आफू पनि प्रजातान्त्रिक विचारको सहयोगी भावना राख्ने मान्छे भएकोले आफ्नो जीवन-साथी चुन्ने काममा अप्रत्यक्ष रूपबाट आवश्यक परेमा सहयोग पनि गरिहालिन्छ । बेलैमा नातिनातीना हुन्छन्, खेलाउन पाइन्छ । सबैतिरबाट फाइदा नै भयो ।

देशमा चुनाब नजिकै आइपुग्ना साथ नेताहरूले आफ्नो जित भएमा कर्मचारीहरूको ठूलो हित गर्ने भन्ने कुराहरू मंचबाट फुक्छन् । आफ्नो कमलो मन फलक्क उनीहरूतिर फर्किहाल्छ । आफ्नो अमूल्य भोटमा चुनावी छापको चोट दिएर आएपछि आफ्नो मूल्य घटेको पत्तै हुँदैन । तलब बृद्धि, औषधी उपचार, आवास, छोराछोरीहरूलाई उचित शिक्षाको व्यवस्था लगायतका अनेक नाराहरू दिएको सुनेपछि सारा कर्मचारीहरू त्यता लागिहाल्छन् । अनि जुन दलले जित्यो त्यसैलाई मल र जल दिइ आफ्नो दुनो सोझ्याउन थालिहाल्छन् । अब त यही ग्राउन्ड फ्लोरमा बस्ने र हप्तामा तीन चार छाक जति व्रत बस्ने बानी लागिसक्यो । कतै कर्मचारीहरूलाई चुनावमा भने जस्तै सबै सुविधा र राहत दिएर आफ्नो पुरानो बानीमा आहत पुग्ला भन्ने डर पो लाग्न थालेको छ । अब त अभावमा बाँच्न अभ्यस्त भइसकियो । केही सुविधा थप भयो भने बानी छुटाउन साह्रै मुस्किल पर्छ । सधैं अभावमा रहने भएकोले नयाँ र रचनात्मक काम, न्याय अन्याय, फाइदा बेफाइदा, आवश्यक अनावश्यक, भलो कुभलो जस्ता कुराहरू सोचेर र दिमागलाई नचाहिँदो किसिमले घोचेर दुःख दिइरहनु पनि पर्दैन । त्यसैले जसले जे सुकै भने पनि सबैतिरबाट आफूलाई चाहिँ फाइदै फाइदा छ । ◆◆



विचार / विश्लेषण — राजु पौडेल

# परिवर्तनलाई संस्थागत कसरी गर्ने ?

गएको आठ दशकमा विश्ववासीले ठुल्ठुला परिवर्तन अनुभव गरे । सम्भवत त्यति धेरै परिवर्तन त्यसअघिका सबै वर्षहरूमा पनि भएका थिएनन् होला । विशेषतः अविकसित, अल्पविकसित र विकासोन्मुख राष्ट्रहरूको राजनीतिक प्रणालीमा आएको शीघ्र परिवर्तन र विकसित राष्ट्रहरूको प्राविधिक विकास, अहिले जीवनको उत्तरार्धमा पुगेका विश्ववासी अभिभावकलाई सोध्नुहोस् फनफनी चर्खा घुमेजस्तो अनुभव संगालेका छन् । छिनछिनका भिन्न रूप, यो पछिल्लो आठ दशकको चारित्रिक विशेषता हो । अतः परिवर्तन समयको माग हो, जुन सबै ठाउँमा एक समान ढंगले हुन्छ । परिवर्तनलाई संस्थागत गर्ने वा नगरी ? पुनः त्यहि ठाउँमा फर्किने शासनसत्ता वा नेतृत्वको भूमिकामा निर्भर हुन्छ ।

इण्डियामा इन्दिरा गान्धीले शक्तिका बलमा प्रजातान्त्रिक अधिकार हरण गरिन, तत्कालिन नेपाली नरेश महेन्द्रले जननिर्वाचित सरकारलाई सत्ताच्यूत गरि प्रधानमन्त्री बीपीलाई जेल चलान गरिदिए, बर्मा, पाकिस्तान र थाइल्याण्डमा शैनिक शासन शुरू भयो । सुक्ष्म ढंगले अध्ययन गर्नहोस् यी मात्र होइनन् विश्वमा यस्ता कैयन राजनीतिक घटनाहरु इतिहासमा सुरक्षित छन् जुन लगभग उस्तै उस्तै समयमा घटेका छन् । उतारचढावको राजनीतिक इतिहास जस्तै विश्वको प्राविधिक इतिहास पनि मिल्दोजुल्दो छ । १८औं र १९औं शताब्दीको बीचमा बेलायतले जन्माएको औद्योगिक चेतनाले अहिले ठुलो फड्को मारेको छ । शीतयुद्धकालिन राजनीतिको समाप्तिसँगै अर्थराजनीतिक प्रणाली अबलम्बन गर्ने राष्ट्रहरू अहिले आर्थिक र भौतिक विकासका दृष्टिले सम्पन्न राष्ट्र बनिसकेका छन् । शीतयुद्धकालिन राजनीतिको समाप्तिपछि पनि शास्त्रीय राजनीतिको धङ्गधङ्गीबाट मुक्त हुन नसकेका राष्ट्रहरु अझै पनि राजनीतिक परिवर्तनलाई कसरी संस्थागत गर्ने ? पिरलोमा छन् । तुलनात्मक रूपमा तत्कालिन इन्दिरा गान्धीले शासनसत्ता संचालन गरेको राष्ट्र इण्डिया बाहेक माथि उल्लेखित राष्ट्रहरूको राजनीतिक स्थायित्वमा अझै पनि यक्ष प्रश्नहरु तेर्सिने क्रम जारी नै छ । पाकिस्तान र थाइल्याण्डको शासनसत्ता कत्तिखेर ब्यारेकबाट नियन्त्रित हुन्छ भन्न सकिँदैन, यता नेपालमा सङ्घीयता व्यवस्थापनको पेचिलो मुद्दा भर्खरै प्रारम्भ भएको छ ।

मूलतः राजनीतिक घटनाक्रमको दृष्टिले नेपाल तीब्रत्तर राजनीतिक परिवर्तन हुने राष्ट्रहरुमध्ये उच्चतम स्थानमा पर्ने एक राष्ट्र हो । यसको मुख्य कारण जतिपनि राजनीतिक परिवर्तनको पूर्वाभ्यासमा देखाइएका जनआवश्यकताका विषय थिए ती कुनै पनि संस्थागत भएनन् । एकपछि अर्को चर्को नाराका पछि नागरिक लाग्नु बाध्यता जस्तै बन्यो । जसलाई बुझिने भाषामा आन्दोलनमा सहभागिता जनाउन दिइएको प्रलोभन जुन वास्तविकतामा रूपान्तरण भएनन् भन्न सकिन्छ । यो आरोप नेपालको हकमा पौराणिक कथनजस्तै भइसक्यो । प्राप्त राजनीतिक स्वतन्त्रताको उपयोग गर्नलाई आर्थिक स्वतन्त्रता महत्वपूर्ण हुन्छ भन्ने कुरा हाम्रा शासकले बुझिदिएको भए २००७ सालकै राजनीतिक परिवर्तन संस्थागत हुन्थ्यो, अहिले उन्नत मुलुकको दाँजोमा नेपाल पुग्थ्यो । अहिलेका विकसित मुलुकले समयमै बुझेको त्यहि नै हो । जसलाई अहिलेको विश्वले अर्थराजनीतिक प्रणाली भनेर परिभाषित गर्छ वा बुझ्छ । अतःराज्यका नागरिकलाई आयआर्जनका केन्द्र वा विकाससँग जोड्ने राजनीतिक मोड्यालिटीलाई अर्थराजनीतिक प्रणाली भनिन्छ । नेपालको सङ्घीयता कार्यान्वयन भन्नुहोस् वा उन्नत राजनीतिक परिवर्तनलाई संस्थागत गर्ने टड्कारो आवश्यकता व्यक्ति व्यक्तिको आर्थिक स्वतन्त्रतासँग बढ्ता सम्बन्धित छ ।

आजको निर्वाध उपभोगवादी पूँजीवादी यूगमा अर्थोपार्जन एउटा शौखिन उपभोक्ताका लागि मात्र होइन सामान्य नागरिकका लागि समेत अनिवार्य मानिन्छ । राज्यले आयआर्जनका केन्द्र स्थापित गरेर हामीलाई दुईचार पैसा आर्जन गर्ने बाटो देखाईदेओस् भन्ने आम नागरिकको स्वभाविक र सामान्य इच्छामा तुषारापात भयो भने यो युगले जतिसुकै उन्नत भनिएको भएतापनि त्यस्तो राज्यव्यवस्थालाई टिकाइरहन सक्दैन ।

नेपालको हकमा अहिलेका लागि परिवर्तनलाई संस्थागत गर्ने अचुक विधि भनेकै राज्यका नागरिकलाई आयआर्जनका केन्द्रसँग सम्पर्क स्थापित गराइदिनु हो । अधिक राजनीतिक स्वतन्त्रताको प्रयोग गरिरहेका नागरिकहरू आर्थिक स्वतन्त्रतासँग सम्बन्धित मुद्दामा सम्झौता गर्न सक्दैनन् । यस्ता प्रवृतिको स्वभाविक झन्झट मूलतः राजनीतिक नेतृत्व हुँदै अन्यत्र विस्तारित हुन्छ । अहिले राज्यको तल्लो तह वडासम्म सरकार पुगेको छ । स्थानीय, क्षेत्रीय वा केन्द्रीय सरकार यस्ता प्रवृति बोकेका व्यक्ति-व्यक्ति व्यवस्थापन गर्नुपर्ने झन्झटमा फस्छन् फलत, बहुसङ्ख्यक नागरिकहरु राज्यव्यवस्थाबाट पुनः हेपिएको महसुस गर्नुपर्ने अवस्थामा ल्याईपुऱ्याइन्छन् । मार्क्सले भनेजस्तै 'मात्रात्मक परिवर्तन गुणात्मक परिवर्तनमा बदलिन सक्दछ' । असन्तोषी नागरिक आवाजलाई बेवास्ता गरेर परिवर्तन संस्थागत हुनै सक्दैन ।

माथि उल्लेखित प्रतिनिधि उदाहरणबाहेक अन्य कतिपय उदाहरणहरु छन् जसलाई हेर्दा परिवर्तन त्यसै संस्थागत भइहाल्छ भनेर नजरअन्दाज गर्न मिल्दैन । रूसी क्रान्तिको इतिहास हेर्नुहोस्, अन्य क्रान्तिको तुलनामा अत्यन्तै कम सहभागितामा सम्पन्न विश्वकै उदाहरणीय क्रान्ति हो । नेपालको पछिल्लो परिवर्तनलाई आलोचना गर्ने मानिसको सङ्ख्या अत्यन्तै कम छ वा आलोचनात्मक दृष्टि राख्नुपर्ने उमेर पार गरिसकेको अवस्था छैन । तर, बुझ्नुपर्ने कुरा आलोचक छन्, आलोचकहरुको आलोचनालाई मत्थर तुल्याउने गरि यो राज्यव्यवस्थाले काम शुरु पनि गरेको छैन । संक्रमणकालीन पट्यारलाग्दो लामो कालखण्ड पार गरि आएको भूपरिवेष्ठित एशियाली मूलुक नेपालमा थुप्रै अवसरहरु छन् । यी अवसरहरूलाई राज्यले नियन्त्रित ढंगले वितरण गर्न सक्दा मात्र परिवर्तनलाई संस्थागत गर्न सकिन्छ । परिवर्तन संस्थागत गर्ने मोड्यालिटी सहभागितामुलक हुनुपर्दछ ।

उदारीकरण वा खुल्ला बजार अर्थनीति अङ्गाल्ने राष्ट्रहरूले राज्य नियन्त्रित औद्योगिक संरचना रूचाउँदैनन् । नेपालकै हकमा पनि योजनाबद्ध विकासको सातौं पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा राज्यको नियन्त्रणमा रहेका ७५ सार्वजनिक संस्थान सन् १९९२ को उदारीकरण नीतिपछि नीतिगत रूपमै निजीकरणको प्रकृयामा लगिएको थियो । उदारीकरण वा खुल्ला बजार अर्थनीतिका हिमायतीहरू भन्छन्, 'निर्बाध पूँजीवादी, उपभोगवादी एवम् उदारवादी व्यवस्थामा राज्य आफैंले व्यापार गर्दैन, व्यापार गर्ने नीजि क्षेत्रलाई सहजीकरण गरिदिन्छ । मुलुकको आर्थिक विकासमा नीजि, सार्वजनिक र सरकारी साझेदारी रहनुपर्दछ । तबमात्र नागरिकले आयआर्जन गर्ने केन्द्रहरु स्थापना गर्न सकिन्छ' । यो मान्यतासँग अहिलेको नेपाली राज्यव्यवस्था सहमत छ वा छैन पहिला प्रष्ट हुनुपर्दछ । चाहे नियन्त्रण जसको होस् बाक्लो औद्योगिक संरचना तयार नभइकन नागरिकको पसिना चुहाएर जीवन निर्वाह गर्ने दैनिकी बन्न सक्दैन । बहुसङ्ख्यक नागरिक काममा वा स्वआयआर्जनमा व्यस्त हुन नपाएको मुलुकमा परिवर्तन त्यति सजिलै संस्थागत भइहाल्दैन । 'खाली दिमाख सैतानका घर' अर्को कुनै झुण्डले आकर्षक नारा दिएर तीनै फुर्सदिला नागरिकलाई सडकमा उतारिदिन्छ ।

परिवर्तनलाई संस्थागत गर्ने चुनौती नेपालसँग आजपनि उस्तै छ जुन २००७ सालपछि निरन्तर रहँदै आएको छ । नेपालको श्रमशक्तिलाई स्थानीय उत्पादनसँग जोड्न नसक्दासम्म कुनैपनि परिवर्तन संस्थागत हुन सक्दैनन् । **त्यस्ता सम्भावनाहरूको खोजि आजको आवश्यकता हो ।**

# आइएमई जेटीआई टेनिस प्रतियोगिता हुने

IME group pioneering spirit
IME FOUNDATION
IME International Money Express Fast, Reliable And Secure Remittance

आइएमई फाउन्डेसनको आयोजना एवम् अल नेपाल लन टेनिस एसोसिएसन (एएनएलटीए) को सहयोग र जुनियर टेनिस इनिसियसन (जेटीआई) को संयोजनमा यहि आउँदो जेष्ठ ०६ गतेदेखि १२ गतेसम्म **'फस्ट आइएमई जेटीआई ग्राण्ड जुनियर ओपन लन टेनिस'** प्रतियोगिता आयोजना हुने भएको छ । **आईएमई फाउन्डेसनका सदस्य राजु पौडेल**ले पत्रकार भेटघाट कार्यक्रममा बोल्दै भन्नुभयो- 'टेनिस खेलको दिगो विकासमा सहयोग पुगोस् भन्ने मुख्य उद्देश्यका साथ यो प्रतियोगिताको आयोजना गर्न लागिएको हो । त्रिपुरेश्वरस्थित खेलकुद पत्रकार मंचको सभाहलमा आयोजित पत्रकार भेटघाटका अवसरमा सो कुराको जानकारी पौडेलले दिनुभयो । आइएमई फाउन्डेसनका सदस्य सचिव अन्जली अर्याल (ढकाल), अल नेपाल लन टेनिस एसोसिएसनका महासचिव मनोहर दास मोल, जेटीआई संयोजक कृष्ण राज घलेको पनि उपस्थिति रहेको कार्यक्रममा काठमाडौंस्थित नाउलिङ् स्पोर्टस भिल्ला र मण्डीखाटार टेनिस क्लबमा आठ, नौ, दश, बाह्र र चौध वर्ष मुनिका बालबालिकाहरूका लागि उक्त प्रतियोगिता आयोजना हुने जानकारी दिइयो । **विभिन्न उमेर समूहका प्रतिष्पर्धीहरूमध्येवाट प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतियोगीहरूलाई पुरस्कारको व्यवस्था गरिएको छ ।** आईएमईका जनसम्पर्क प्रबन्धक समेत रहनुभएका राजु पौडेलले बक्सिङ्ग खेलाडी मनोहर बस्नेतलाई आइएमई लिमिटेडको प्रयोजन रहेको जानकारी दिनुभयो । सन् २००० देखि विभिन्न प्रतिष्पर्धात्मक बक्सिंग खेलमा प्रतियोगी बनी तेह्र (१३) पटकसम्म बक्सिङ्ग च्यापीयनशीप (बिजेता) हुनुभएका मनोहर बस्नेतलाई आइएमई लिमिटेडले २०७५ सालको लागि प्रयोजन गर्ने भएको छ । बस्नेतले यो वर्ष खेल्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितात्मक बक्सिंग खेलमा आईएमईको लोगो अंकित प्रचार समाग्री प्रयोग गरि खेल खेल्नुहुनेछ । ◆◆

# IGI को क्यासलेस सेवा सम्झौता

हाले राजधानीमा सम्पन्न एक कार्यक्रममा आइएमई जनरल इन्स्योरेन्स लिमिटेड र नेपाल मेडिसिटी हस्पिटल बिच सेवा प्रदान गर्ने सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठ र नेपाल मेडिसिटी हस्पिटलका महाप्रबन्धक विजय रिमालले हस्ताक्षर गर्नुभयो । सम्झौता पश्चात् आइएमई जनरल इन्स्योरेन्सबाट औषधोपचार बीमा सेवा खरिद गर्ने ग्राहक महानुभावहरूको बीमालेखको सीमासम्म नेपाल मेडिसिटी हस्पिटलबाट नगद रहित हस्पिटलाईजेसन सेवा प्राप्त हुनेछ । सोही अवसरमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले नेपाल मेडिसिटी हस्पिटलले कम्पनीसंगको सहकार्यमा कम्पनीका ग्राहक महानुभावहरूलाई बीमालेखमा तोकिएको सिमासम्म क्यासलेस हस्पिटलाइजेसन सुविधा प्रदान गर्ने इच्छा व्यक्त गरी सम्झौता गरेकोमा अस्पताल संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद  दिनुभयो ।


सोही अवसरमा नेपाल मेडिसिटी हस्पिटलले आफ्ना ग्राहकहरूलाई आइएमई जनरल इन्स्योरेन्स लिमिटेडसँग IGI औषधोपचार बीमालेख खरिद गरी अस्पतालसंग बीमालेखको सिमासम्म नगद रहित हस्पिटलाईजेसन सेवा लिन उत्प्रेरित गर्ने अपेक्षा राख्दै अस्पताल र अस्पतालसंग आवद्ध सदस्य महानुभावहरूलाई औपाधोपचार लगायत आवश्यक पर्ने सबै प्रकारका निर्जीवन बीमा सेवा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडबाट प्राप्त गर्नसक्नु हुने हुनाले ढुक्क भएर सेवा लिन आह्वान गर्नुभयो ।

IGI को नायब महाप्रबन्धक तथा कम्पनी सचिव **शरण रेग्मी** हुनुहुन्छ । कार्यक्रममा IGI  कम्पनीले बैंक तथा वित्तीय संस्थाहरू, व्यापारिक प्रतिष्ठानहरू, उद्योगी तथा व्यापारी लगायत सम्पूर्ण ग्राहक महानुभावहरूसँग सुमधुर सम्बन्ध स्थापित गरी व्यवसाय विस्तार गर्दै बीमा क्षेत्रमा उच्चकोटीको सेवा प्रदान गर्न व्यवस्थापन प्रतिवद्ध रहेको जानकारी सीईओ श्रेष्ठले दिनुभएको थियो । नेपाल मेडिसिटी हस्पिटलका सीईओ सुधाकर जयाराम र आईएमई जनरल इन्स्योरेन्स लिमिटेडका महाप्रबन्धक पवन थापाको पनि सो कार्यक्रममा उपस्थिति रहेको थियो । ◆◆

नयाँ वर्ष २०७५ को
पावन अवसरमा समस्त नेपालीहरूमा
॥ हार्दिक मंगलमय शुभकामना ॥

IGI
IME GENERAL INSURANCE Limited
आईएमई जनरल इन्स्योरेन्स लिमिटेड

Narayanchaur, Naxal, Kathmandu
Phone: 4411510, 4411520, 4411735, 4425508, 4425509
Fax: 977-01-4411736
P.O. Box: 21746



स्मृतियों का साया - **इ. चन्द्रेश्वरप्रसाद रौनियार**

# किताबी ज्ञान

कहावत है *दूसरे की बुद्धि तथा दूसरे का धन अपने को काम नहीं लगता तो नेपाल में प्रायः यही होता है।* हमलोग स्कूली और वह भी विदेशो की भूमि पर उन्ही के देश के लिये तैयार पाठ्यक्रम अथवा किताबी ज्ञान लेकर छोटे से लेकर ऊँचे पद पर नियुक्ति पाते हैं, फील्ड में उस ज्ञान को कार्यान्वयन के लिये कोई गाइड की उपस्थिति लाजिमी है। पर जैसा कि- उपर मैंने कहा है इन्जीनिरिङ्ग एक प्रायोगिक विज्ञान अथवा टेक्नोलौजी है तो बहुत ध्यान से लगनशील होकर काम करना या सिखना पड़ता है अन्यथा सिर्फ नाम के ही इन्जीनियर होते हैं। सिंचाई विभाग को ही देखा जाय तो बि.सं. २०१७ में जब राजा महेन्द्र ने संपूर्ण शासन अपने हाथ में ले लिया तो कर्णध्वज अधिकारी जिनको निर्माण काम का अनुभव था ही नहीं चीफ इन्जीनियर बना दिये गये तो निर्माण काम सब का हश्र होना ही था। योजना धाराशायी होने की स्थिति पर पहुँच गया था।

इस प्रतिवेदन के गाइडलाइन अनुरुप मैंने नया एस्टीमेट उनके समक्ष पेश किया, वे बिना देखे हुए ही बोले इतना बड़ा रकम तो दिया अथवा सैंक्शन किया ही नहीं जा सकता, इसलिये कटौती करना पड़ा। मेरा कहना था आप स्वयं इसको स्क्रूटनाइज यानी सूक्ष्म परीक्षण करें और बतलायें किस तरह किस आइटम को काटना है। पर इसके लिए वे तैयार हो ही नहीं रहे थे। ऐसी परिस्थिति में काम करना अपने को ही धोखा देना है यह सोचते हुए मैंने आइ डूनाट वान्ट टू वर्क एमौंग दी फूल्स यानी, "मुर्खो के बीच मैं काम नहीं करना चाहता" कहते हुए इस्तीफा पत्र लिखा।

×××

उस समय विभाग के चीफ फिस्कल आफिसर श्री चन्देश्वर लाल थे, वे बड़े अच्छे सलाह दिया करते थे, जब भी कोई समस्या पड़ती थी तो उनका परामर्श सटीक हुआ करता था। मैं उनके पास पहुँचकर सारी बातें अवगत कराते हुये तैयार हुआ इस्तीफा पत्र (रीजाइनेसन लेटर) थमाया। पढ़ने के बाद वे बोले।

*"यहाँ के इन्जीनियर तो बेबफूफ हैं ही पर उनलोगों से भी ज्यादा बेवकूफ तुम हो। तुम्हारा क्या खयाल है, क्या, तुम्हारे रीजाइनेसन से इन इन्जीनियर लोगों को बुद्धि आ जाएगी और उस योजना का अच्छी तरह निर्माण हो जायेगा अथवा देश विकास के रास्ते पर चल पड़ेगा !*

*ऐसा कुछ नहीं होने जा रहा है। सब कुछ समय चलाता रहता है, समय काफी बलवान होता है। देश, काल और परिस्थिति में बदलाव आता रहता है, देश निर्माण एक आदमी से नहीं होता। सत्य बात तो यह है कि सारे कृया-कलाप परस्पर एक दूसरे पर अधारित वा अवलंबित हैं। तुम अकेले ही यह काम नहीं कर रहे हो, पूरा विभाग तुम्हारे साथ काम कर रहा है और सब की जवाबदेही उतनी ही है, कहते हुए उन्होंने वह रीजाइनेसन लेटर फाड कर डस्टबीन में डाल दिया।"*

दूसरे चीफ...तीसरे...चौथे चीफ भी उसी तरह के होते थे। वास्तव में हम सब इन्जीनियर को सिर्फ किताबी ज्ञान ही था तथा राजा के नजदीक के लोगों से पारिवारिक संबंध होने की वजह से चीफ का पद मिल जाया करता था। अनुभव की कमी-कमजोरी तो उस समय के सभी इन्जीनियरों में थी। कारण था, पूर्व में रहे राणा शासन जिनके दरबार में लडाई-झगडा, एक दूसरे को उठाने-गिराने में पारिवारिक-जालसाजी, तथा भारत के शासक अँगरेजो को खुस रखने और कोई निर्माण का काम पड़े तो उन्ही की सहायता लेने के सिवाय अन्य देश विकास का काम होता ही नहीं था।

स्कूल, कालेज नाम मात्र के ही थे तो वास्तविक ज्ञान आये तो आये कहाँ से ? हरएक देश के विद्यालय में उस देश के माटी, परिवेश, माहौल अनुसार वहाँ का पाठ्यक्रम बनाकर शिक्षा दी जाती है, पर नेपाल में तो वैसा स्कूल, कैम्पस, विश्वविद्यालय था ही नहीं तो वे शिक्षित होते हुये भी ज्ञानी नहीं थे। ज्ञान अनुभव से आता है और अनुभव नहीं होने से आत्म विश्वास नहीं रहता जिसकी कमी के कारण सारे काम में विदेशी लोगों का बर्चश्व हो जाता है।

प्रतिवेदन के विस्तृत अध्ययन होने पर तत्काल के लिए निर्माण काम रोक दिया गया। यह है निर्माणाधीन योजनायों की एक कहानी। इन्जीनिरिङ्ग एक प्रैक्टीकल विषय है सिर्फ किताबी ज्ञान नही, अनुभव की कमी से पैसा तथा समय की बर्बादी के सिवाय कुछ नहीं मिलता।

×××

*पैसे की बर्बादी को भूला भी दिया जाय तो भी जनता का सरकार पर से विश्वास उठने के साथ साथ जिन्दगी निराशापूर्ण बनती जाती है, यह निराशापन क्या दिखाता है ? आदमी को ईश्वर ने अपना प्रतिनिधी बनाकर पृथ्वी पर भेजा है, जिस माता ने नौ महिने उसको अपने गर्भाशय में रखकर जन्म दिया, फिर पाँच वर्ष तक उसका गूह मूत सोरते हुए उसको चलना, बोलना तथा दुनियावी बाते सिखलाया, क्या उस माता के चेहरे का निराशापन आदमी भूल जाय ? जिस पत्नी ने उसे प्यार देकर उसके जीवन को पल्लवित और पुष्पित किया, क्या उसकी मायुसी को किनारा कर दे ? सहवास से जिस बच्चे को उसकी पत्नी ने जन्म दिया क्या उस बच्चे को पालपोसकर बड़ा करने की जिम्मेवारी से वह मूह मोड ले ?*

महाकवि श्री लक्ष्मी प्रसाद देवकोटा ने इसी जिन्दगी को, आदमी की इसी विवशता को मुना मदन काव्य में चित्रित किया है। काव्य का नायक मदन जिम्मेदारी की बोझ से लदा तिब्बत प्रस्थान करता है और इधर उसकी माँ, पत्नी, बच्चे की जिन्दगी असहज बनाकर नरक में पहुँच जाती है। यही है पहले अथवा आज के नेपाली की जिन्दगी, दशा तथा दिशा, और हम पहले तथा आज भी उनके हृदय में खोजते हैं राष्ट्रीयता. ...राष्ट्रीयता और. ...राष्ट्रीयता। पर..., वे घर छोड़कर..., परिवार छोड़कर..., देश छोड़कर भाग रहे हैं, भान्से वा लाहुरे बनने भारत में अथवा कतार, साउदी अराबिया में। तो कहाँ से आयेगी यह राष्ट्रीयता यमन से या मलेशिया से ?

राजा बीरेन्द्र का दूसरे वर्ष ही साइट निरीक्षण का प्रोग्राम बना तो योजना के बारे में वास्तविकता जानने के लिए किस्म किस्म के बहुत सारे भिजीटर योजना निर्माण स्थल पहुँचने लगे।

पत्रकार आदित्यनाथ श्रेष्ठ भी इसी सिलसिले में दारसींग के वियर साइट पर पहुँचे तथा मेरे गेस्ट रहे, पता चला राजा के सचिव नारायणप्रसाद श्रेष्ठ ने वस्तुस्थिति की यथार्थ जानकारी पेश करने का उनको निर्देशन है। भिजिट करने का फाइनल प्रोग्राम बना। निर्धारित दिन सुबह करीब दस बजे दो हेलिकोप्टर आकाश में चक्कर देते हुए दिखाई पड़े और कुछ समय बाद हमलोगों द्वारा चिन्हित साइट पर लैन्डींग हुआ।

सेक्युरीटी से गाइड होते हुए राजा वियर साइट पर पहुँचे जहाँपर योजना के बारे में करीब करीब सारे इनफारमेसन बोर्ड पर चित्रित अथवा लिखित रुप में दिखाया गया था। मैंने मौखिक रुप से सारी बाते एक्सप्लेन की, कुछ प्रश्न हुए जिसका जवाब कारण सहित मैंने बताया। असल में जैसा कि उपर में वर्णित है, समिति तथा जाँचबूझ केन्द्र से भी उनको बहुत सारे इनफारमेसन मिल चुके थे इसलिए मुझे सारी बाते हैन्डिल

करने में आसानी हुई।

इसी बीच बाहर भीड में हो हल्ला होने लगा और एक औरत की रोने कराहने की आबाज सुनाई पड़ने लगी, राजा ने साथ के गार्ड तथा निजी सचिव की तरफ देखा, वे लोग उस तरफ दौडे।

लंच का समय हो रहा था, हमलोग कार्यालय की तरफ चले। सी.डी.ओ साहब ने मुझे ब्रीफ किया था कि लंच पाकेट वे लोग खुद लेकर चलते हैं। कुछ न कुछ तो खिलाना चाहिए, सोचकर मैंने सबके टेबल पर काफी मात्रा में अच्छे क्वालिटी का आरेन्ज (संतोला) रख दिया था। राजा रानी खाने की टेबल पर मैंने गिनकर दस रखे थे, जब लंच के बाद हेलीकोप्टर से अन्य जगहों के भिजिट के लिए काफिला रबाना हो गया, तो मैंने पाया कि वहाँपर संतोला की संख्या पन्द्रह है यानी राजा या रानी ने पाँच और थप कर दिया था, यह थी उनकी सहृदयता।

राजा वीरेन्द्र का स्वागत करने का मुझे अन्य दो जगह राजविराज और चन्द्र नहर के फत्तेपुर में भी मौका मिला था, मैंने पाया वे बहुत उदार तथा संवेदनशील आदमी थे, यह बात उनके बि.स.२०३६ तथा २०४६ की राजकीय-घोषणा से भी यकीन किया जा सकता है। कहा जाता है कि पूरा राजपरिवार के विरोध के बाबजूद, जनमत तथा नये संविधान के लिए ये घोषणायें हुई थी। राजा महेन्द्र की तरह उनको डिक्टेटर न कहकर एक प्रजातंत्रवादी कहा जा सकता है। अंचल स्तरीय योजना समीक्षालय में राजा के भिजीट समय राष्ट्रसेवक लोगों को साधारणतया मन में भय तो बना ही रहता था पर उनके प्रवेश तथा प्रश्न का ढंग कुछ ऐसा होता था कि लोगों में सहजपना आ जाता था। सिर्फ एक बार पोखरा के ही समीक्षालय में मैंने देखा था कि एक राष्ट्रसेवक का पैर डगमगाने लगा था और राजा उनके नजदीक पहुँचते ही वह खड़ा रह ही नहीं सका तो वहीं बैठ गया। फिर तो बिना कोई प्रश्न किए राजा आगे बढ गए और उन्ही के साथ उनका काफिला भी।

सवारी प्रस्थान होने के बाद, सी.डी.ओ. साहब मुखातिव हुए पुलिस इन्सपेक्टर से तथा दारसींग गाँव में रह रहे एक आदमी कृष्ण गिरी को जहाँ भी हो पकड़कर लाने का आदेश दिया। बाद में मुझे पता चला यही आदमी राजा के भिजीट समय रोती कराहती औरत का पति था। करीब तीन चार घंटे के बाद पुलिस ने कृष्ण गिरी को लाकर उनके सामने हाजिर किया। उसको देखते ही तो सीडीओ साहेब का पारा आसमान पर पहुँच गया और वे पुलिस से डंडा लेते हुए, *"साले, एउटा स्वास्नीलाई तह लगाउन सक्दैनस"* कहते हुए खुद उसपर डंडा बरसाने लगे। मालुम पड़ता था वे उसका अंग अंग तोडकर ही दम लेंगे, पीटते पीटते वे थक गए, आँखे लाल हो गई, पूरा बदन पसीना-पसीना होने लगा।

यह सब आफिस कम्पाउन्ड ही मेरी आँखों के सामने हो रहा था तो मैंने अपने रसोइया से कहा सीडीओ साहेब को चाय पिलाओ। असल में कृष्ण गिरी ने दूसरी औरत घर में रख ली थी, और पहलीवाली को घर से निकालकर जीना हराम कर दिया था तो पहली औरत ने अपनी जीविका के लिए रोते कराहते राजा से गुहार लगाइ थी। राजा से आदेश हुआ था जाँच बूझकर तथा मामले को सलटाकर दरबार में खबर करे। और राजा के समक्ष ऐसी घटना का होना अपनी कार्यक्षमता की कमजोरी जाहिर होना तथा जिला संभालने में अपनी कमजोरी पर आक्षेप आया समझकर सी.डी.ओ. साहब महागुस्से में थे और यह स्वाभाविक भी था।

यों कहा जाय तो वे एक कुशल प्रशासक तथा दृढ इच्छाशक्तिवाले हाकिम थे। यह मैं इसलिए कह रहा हूँ कि जब बाँध का निर्माण काम हो रहा था तो ठीक ढंग से काम संपन्न न होने से मैंने ठेकेदार के बील का भुक्तानी रोक दिया था। ठेकेदार शायद राजदरबार से ही संबंधित था तो सी.डी.ओ. से किसी तरह छुटकारा दिला देने के लिए कही से कहलवाया था। वे मुझसे किस तरह से सलटने के उपाय बारे में जिज्ञासा करने लगे फिर हमलोग ने उसके ठेक्के पर ही सारा काम दूसरे से कराने का लीगल डकुमेन्ट बनावाकर पहलेवाले ठेकेदार को जायज रकम भुक्तान कर ठेक्का पट्टा से मुक्ति दे दी, इस तरह साँप भी मर जाये और लाठी भी न टूटे वाली कहावत काम आई। मैंने राजा वीरेन्द्र की संवेदनशीलता जताने के लिए इस घटना का वर्णन किया है, वे बड़ी ही सहजतापूर्वक किसी परिस्थिति (सीचुएसन) को हल करते थे। ◆◆


## नागरिक लगानी कोषद्वारा सञ्चालित कार्यक्रममा सहभागी भई भविष्यलाई सुरक्षित बनाऔं

- कोषको प्रत्येक सहभागीलाई वार्षिक ९ प्रतिशत ब्याजदरमा घर/जग्गा धितो राखी घर मर्मत गर्न, फ्ल्याट/घर खरिद गर्न, घरको तला थप्न र नयाँ घर निर्माण गर्नको लागि कोषले तोकेको नगरपालिकाको बजार क्षेत्रमा बढिमा रु. ४० लाखसम्म कर्जा दिन सकिने।
- बीमा कोष योजनाअन्तर्गत कोषले निजामति बीमा, शिक्षक बीमा, सैनिक बीमा, नेपाल प्रहरी र सशस्त्र प्रहरी बीमा कोष योजना संचालन गर्दै आइरहेको छ। कार्यरत अवस्थामा कुनै कर्मचारीको मृत्यु भएमा मृतकको हकवालाले रु. १ लाख सममको बीमा रकम पाउनेछन्।
- कोषका सहभागीहरुलाई घरायसी, भैपरी आउने कामको लागि घर / जग्गा धितो राखेर सरल कर्जाको रुपमा सहभागीको आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि २० लाख रुपैयाँसम्म वार्षिक .५ प्रतिशत ब्याजमा लिन पाइने।
- आफू र आफ्नो परिवारको उच्च शिक्षा हासिल गर्नको लागि घर/जग्गा धितो राखेर शैक्षिक कर्जाको रुपमा बढीमा रु. ३५ लाख रुपैयाँसम्म वार्षिक ९ प्रतिशत ब्याजमा कर्जा पाइने व्यवस्थामा सहभागी होऔं।
- आयकर ऐन २०५८ अनुसार छुट सुविधा पाइने।

# नागरिक लगानी कोष

**नयाँ बानेश्वर, काठमाडौं। पोष्ट बक्स नं. ५८२३**

**फोन: ०१-४७८५३१९, ०१-४७८५३२५**

**फ्याक्स : ०१-४७८४९४५**

Email: info@nlk.org.np Web : www.nlk.org.np



# २०७५ सालको बाह्रै महिनाभरिको राशिफल

- ज्यो.पं. रमेश अधिकारी

## वैशाख

मेष : झनक्क रिस उठ्ने, आलस्यमा बृद्धि, मिष्ठान्न भोज प्राप्ति ।
वृष : झैझगडा आइपर्ने, मनोरञ्जनतर्फ मन जाने, अचानक श्रीप्राप्ति ।
मिथुन : वादविवाद बढ्ने, केही शारीरिक अस्वस्थता, वैदेशिक भ्रमणको सम्भावना ।
कर्कट : मांगलिक कार्यमा सहभागिता रहने, आकस्मिक लाभ, स्वास्थ्यमा सुधार ।
सिंह : पारिवारिक कचकच हुने, व्यापार व्यवसायमा उन्नति, मिष्ठान्न भोजन ।
कन्या : अध्ययन-अध्यापनतर्फ रूचि जाग्ने, प्रियजन भेट, स्वास्थ्यमा बाधा ।
तुला : मानसिक शान्ति मिल्ने, व्यापारव्यवसाय फस्टाउने, मानसम्मानको प्राप्ति ।
वृश्चिकः नवीन कार्यको शुरूवात हुने, नयाँ मित्रसँग भेटघाट, आफन्तबाट सहयोग ।
धनु : चोटपटकको सम्भावना, आर्थिक क्षति, स्वास्थ्यमा बाधा ।
मकर : नयाँ उत्साह आउने, वैदेशिक भ्रमणको योग, रोजगारीको सम्भावना ।
कुम्भ : शरीरमा स्फूर्ति बढ्ने, आफन्तबाट सहयोग, भ्रमणमा मन जाने ।
मीन : शारीरिक चञ्चलनामा बृद्धि, मिष्ठान्न भोजन, केही अस्वस्थता ।

## जेठ

मेष : अध्ययनतर्फ मन जाने, सामाजिक प्रतिष्ठा मिल्ने, अकस्मात आर्थिक लाभ ।
वृष : मानसिक शान्ति मिल्ने, व्यापार व्यवसायमा विशेष लाभ, पारिवारिक सुख ।
मिथुन : स्वास्थ्य बाधा, धार्मिक कार्यमा सहभागिता रहने, केही अपव्यय हुने ।
कर्कट : मन प्रशन्न रहने, सबैबाट सहयोग मिल्ने, आर्थिक क्षेत्र सवल रहने । ।
सिंह : अचानक आर्थिक लाभ हुने, सामाजिक प्रतिष्ठा बढ्ने, स्वास्थ्यमा बाधा हुने ।
कन्या : आर्थिक क्षेत्रमा प्रगति हुने, मानप्रतिष्ठामा बृद्धि, स्वास्थ्य लाभ ।
तुला : शैक्षिक क्षेत्रमा प्रगति हुने, विदेश यात्राको योग, अकस्मात आर्थिक लाभ ।
वृश्चिकः नवीन उत्साह जाग्ने, आफन्तबाट सहयोग, मानसिक शान्ति मिल्ने ।
धनु : शारीरिक अस्वस्थताको हुने, आर्थिक लाभ, वैदेशिक यात्राको सम्भावना ।
मकर : इष्टमित्रबाट सहयोग मिल्ने, मन प्रफुल्ल रहने, स्वास्थ्यमा सुधार आउने ।
कुम्भ : मान मर्यादामा बृद्धि, व्यापार व्यवसायमा उन्नति, अध्यात्ममा रूचि बढ्ने ।
मीन : सामाजिक मान मर्यादा मिल्ने, केही शारीरिक अस्वस्थता, आकस्मिक लाभ ।

## असार

मेष : अचानक श्रीप्राप्ति, पारिवारिक सहयोग मिल्ने, केही स्वास्थ्य बाधा रहने ।
वृष : धार्मिक कार्यमा मन जाने, पारिरवारिक कचकच हुने, आर्थिक क्षेत्रमा सुधार ।
मिथुन : कार्यमा सफलता मिल्ने, इष्टमित्रमा मनमुटाव, आर्थिक अपव्यय रहने ।
कर्कट : सामाजिक कार्यमा सहभागिता, अध्ययनतर्फ रूचि, आकस्मिक लाभ ।
सिंह : नविन कार्यको थालनी हुने, मनमा उत्साह जाग्ने, सन्तान प्राप्तिको योग ।
कन्या : अधुरो कार्य बन्ने, नयाँ कार्यको थालनी हुने, आर्थिक लाभ मिल्ने ।
तुला : शारीरिक अस्वस्थता, व्यापार व्यवसाय राम्रो रहने, चञ्चलता बढ्ने ।
वृश्चिकः मानसिक शान्ति रहने, जाँगर बढ्ने, नोकरीमा प्रगति, स्वास्थ्य बाधा ।
धनु : अध्ययन अध्यापनमा रूचि बढ्ने, आर्थिक क्षेत्र सवल बन्ने, थोरै अस्वस्थता ।
मकर : आरोप प्रत्यारोपको सामना गर्नुपर्ने, आर्थिक पक्ष कमजोर, स्वास्थ्य सवल ।
कुम्भ : प्रियजन भेटघाट, मनमा उत्साह बढ्ने, नोकरीमा प्रगति, स्वास्थ्यमा बाधा ।
मीन : मन प्रशन्न रहने, सबैबाट सहयोग मिल्ने, स्वास्थ्यमा प्रगति, आर्थिक लाभ ।

## साउन

मेष : आफन्तबाट विश्वास घात, धार्मिक कार्यमा मन जाने, मिष्टान्न भोजन ।
वृष : अचानक आर्थिक लाभ, आफन्तबाट सहयोग मिल्ने, केही स्वास्थ्य बाधा ।
मिथुन : पारिवारिक सहयोग मिल्ने, मानसिक शान्ति, इष्टमित्रहरूमा मन मुटाव ।
कर्कट : बैरी परास्त हुने, श्रीप्राप्ति हुने, सामाजिक प्रतिष्ठा बढ्ने ।
सिंह : मन प्रफुल्ल रहने, वैदेशिक भ्रमणको योग, केही अपव्यय हुने ।
कन्या : नविन कार्यको थालनी, आर्थिक लाभ मिल्ने, शारीरिक अस्वस्थता ।
तुला : व्यापार व्यवसाय फस्टाउने, मानसिक शान्ति, स्वास्थ्यमा सुधार हुने ।
वृश्चिकः सुखद समाचार सुन्न पाइने, व्यवसायमा लाभ, आफन्तबाट सहयोग ।
धनु : मनमा उत्साह आउने, अचानक आर्थिक लाभ, स्वास्थ्यमा प्रगति ।
मकर : उत्साह जाग्ने, विदेश भ्रमणको योग, रोजगारीको निश्चितता ।
कुम्भ : पेट विकार हुन सक्ने, आर्थिक क्षेत्रमा प्रगति, वैदेशिक यात्राको योग ।
मीन : मान सम्मान मिल्ने, व्यवसायमा फाइदा, केही मानसिक अशान्ति रहने ।

## भदौ

मेष : माङ्गलिक कार्यको योग, मानसिक शान्ति, वैदेशिक यात्राको सम्भावना ।
वृष : पारस्परिक सहयोगले कार्य बन्ने, श्री प्राप्ति, शारीरिक अस्वस्थता ।
मिथुन : आलस्य बढ्ने, वैवाहिक योग, आफन्तबाट मद्दत मिल्ने ।
कर्कट : चलअचल सम्पत्तिको प्राप्ति, सामाजिक लाभ, शारीरिक स्फूर्ति बढ्ने ।
सिंह : मनमा उमङ्ग वृद्धि, कार्यमा उत्साह जाग्ने, स्वास्थ्य प्रतिकूल रहने ।
कन्या : स्वदेश भ्रमणको योग, मनोरञ्जनमा मन जाने, एक्कासी आर्थिक लाभ ।
तुला : कार्यमा अपजस, धार्मिक कार्यमा सहभागिताको योग, स्वास्थ्य प्रतिकूल ।
वृश्चिकः मानसिक शान्ति, नविन कार्यको थालनी, प्रियजन भेट, केही अपव्यय ।
धनु : मनमा अशान्ति, शारीरिक अस्वस्थता, आफन्तबाट सहयोग, श्री प्राप्ति ।
मकर : आफन्तबाट लाभ, वैदेशिक यात्राको सम्भावना, पेट सम्वन्धि समस्या हुने ।
कुम्भ : मानसिक चञ्चलतामा वृद्धि, पारिवारिक शान्ति मिल्ने, आर्थिक लाभ हुने ।
मीन : आफन्तबाट कचकच, धार्मिक कार्यबाट शान्ति मिल्ने, केही स्वास्थ्य लाभ ।

## असोज

मेष : सुखद सन्देश मिल्ने, आर्थिक हानि, आफन्तबाट सहयोग, स्वास्थ्यमा सुधार ।
वृष : वैदेशिक यात्राको योग, कार्यमा सफलता, स्वास्थ्यमा बाधा ।
मिथुन : बौद्धिक क्षेत्रमा प्रगति, आफन्तबाट सहयोग, अकस्मात आर्थिक लाभ ।
कर्कट : आलस्यमा वृद्धि, आफन्तसँग मनमुटाव, व्यापारिक लाभ, पेट गडबढ हुने ।
सिंह : इष्टमित्रबाट सहयोग, मनोरञ्जनमा मन जाने, मिष्ठान्न भोजनको प्राप्ति ।
कन्या : जोशजाँगर बढ्ने, आर्थिक लाभ, साथीबाटै धोका, विदेश भ्रमणको योग ।
तुला : अध्ययन अध्यापनमा सफलता, सामाजिक मान बढ्ने, स्वास्थ्यमा बाधा ।
वृश्चिकः व्यापार व्यवसायमा प्रगति, नयाँ कार्यको थालनी, आफन्तबाट सहयोग ।
धनु : मनमा शान्ति, कार्य सफल, चोटपटक, शारीरिक अस्वस्थताको योग ।
मकर : कुलकुटुम्बबाट सहयोग, नोकरी व्यवसायमा लाभ, साथीभाइबाट सहयोग ।
कुम्भ : धनधान्य प्राप्ति, मानसिक चञ्चलता, केही स्वास्थ्य बाधा ।
मीन : कार्यमा अपजस, धार्मिक कार्यमा सहभागी भइने, केही आर्थिक सफलता ।


## कात्तिक

मेष : विशिष्ट व्यक्तिसँग भेटघाट हुने, आर्थिक क्षेत्र सवल, केही मानसिक अशान्ति ।
वृष : वैदेशिक यात्राको योग, अपव्ययको योग, आफन्तमा मनमुटाव, स्वास्थ्य बाधा ।
मिथुन : पारिवारिक कचिङ्गल, व्यवसायमा फाइदा, सामाजिक मर्यादा मिल्ने ।
कर्कट : चलअचल सम्पत्तिको प्राप्ति, व्यवसायमा घाटा, स्वास्थ्यमा सुधार ।
सिंह : वैदेशिक भ्रमणको योग, पारिवारिक संतोष, आर्थिक लाभ ।
कन्या : मिष्ठान्न भोजन मिल्ने, कार्यमा सफलता, आर्थिक क्षति, स्वास्थ्यमा सुधार ।
तुला : भ्रमणको सम्भावना, धार्मिक कार्यमा सहभागिता हुने, मानसम्मानको प्राप्ति ।
वृश्चिकः आफन्तबाट धोका, नोकरीमा प्रगति, स्वास्थ्यमा प्रतिकूल हुने ।
धनु : आकस्मिक लाभ, कार्यमा बाधा, पारिवारिक शान्ति मिल्ने ।
मकर : मनमा अशान्ति, आफन्तबाट विश्वासघात, केही स्वास्थ्य बाधा ।
कुम्भ : विदेश भ्रमणको योग, उत्साहमा वृद्धि, आर्थिक लाभ, स्वास्थ्यमा सुधार ।
मीन : मान-हानि, आफन्तबाट पर्याप्त सहयोग, नोकरीमा सफलता, स्वास्थ्य बाधा ।

## मङ्सिर

मेष : शरीरमा भारिपन, झनक्क रिस उठ्ने, केही आर्थिक लाभ, पेट दुख्ने ।
वृष : प्रेममा अल्झिने, व्यापारमा लाभ, अकस्मात आर्थिक लाभ, स्वास्थ्य बाधा ।
मिथुन : वैदेशिक भ्रमणको योग, नोकरीमा पदोन्नति, आफन्तबाट सहयोग ।
कर्कट : स्वास्थ्यमा बाधा, कार्यमा प्रगति, आफन्तबाट कचकच, स्वास्थ्य अनुकूल ।
सिंह : शारीरिक स्फूर्ति बढ्ने, कार्यमा सफलता, मिष्ठान्न भोजन ।
कन्या : मिष्ठान्न भोजन प्राप्ति, दर्जा या प्रमोसन मिल्ने, आर्थिक क्षेत्र मजवुत हुने ।
तुला : धार्मिक कार्यमा सहभागी हुने, आफन्तमा मनोमालिन्य, आर्थिक क्षति ।
वृश्चिकः मानसिक अशान्ति, आर्थिक क्षति, वैदेशिक भ्रमणको सम्भावना ।
धनु : आफन्तबाट छलकपट हुने, झैझगडाको योग, मिष्ठान्न भोजन मिल्ने ।
मकर : दौडधुपमा परिने, नयाँ मित्रजनसँग भेट हुने, श्री प्राप्ति, स्वास्थ्य बाधा ।
कुम्भ : नाचगानमा समय बित्ने, स्वदेश भ्रमणबाट लाभ, स्वास्थ्य प्रतिकूल हुने ।
मीन : नविन उत्साहको उदय हुने, मनोरञ्जनमा मन जाने, आर्थिक क्षेत्र सवल ।

 वसन्तकुमार शर्म्मा नेपाल



# कालीमेधादीक्षितोपनिषत् – ३०

अथाह वै देवानां पत्नीम्। तस्योपासकोऽन्यां गच्छन् ॐ अथैनां मेधादीक्षितरूपिणी भावयेत्। स शिवो भवेत्। स कालीरूपो भवेत्। सोऽयं मेधास्पर्शमणिकाली दीक्षयेत्। ततश्चिन्तामणिकाली दीक्षयेत्। ततः सिद्धकाल्यधिकारी भवेत्। ततो विद्याराज्ञी जपेत्। ततः कामकलाकाली परारूपिणीं यजेत्। ततश्चरणदीक्षारूपिणीं हंसकालीं यजेत्। रक्तशुक्लमिश्रनिर्वाणरूपिणी यजेत्। सर्वनिर्वाणदीक्षितो भवेत। ततः शाम्भवीदीक्षितो भवेत्। गुह्यकाल्यधिष्ठितो भवेत्। परात् परातीतरूपो भवेत्। चित्परारूपो भवेत्। चित्परात् परातीतरूपो भवेत्। ब्रह्माविष्णुरुद्रेश्वरसदाशिवमहाकालचित्पराम्बरूपो भवेत्। स ब्रह्मत्वं गच्छति। मेधादीक्षां लभेत्। मेधादीक्षतः परादीक्षां न विद्यत इत्याह भगवान् शिवः। स्पर्शविद्यया देहशुद्धिर्भवेत्। ततश्चिन्तामणिविद्याधिकारी विद्याराज्ञी लभेत्। विद्याराज्याधिकारी तु षोढां जपेत्। तुर्याषोढाधिकारी कामकलां जपेत्। कामकलाधिकारी चरणरूपिणी जपेत्। हंसदीक्षितो भवेत्। चरणाधिकारी षट्छाम्भवसम्पन्नो भवेत्। गुह्यकाल्यधिष्ठितो भवेत्। ततो मेधां चरेत्। जीवको हि भृङ्गत्वं गच्छति। भृङ्गीभूत्वा षट्चक्राणि निर्भिन्द्यात्। ततः परागभुग्भवेत्। परकायप्रवेशवान् वयस्स्थैर्यं चरेत्। कामरूपत्वं गच्छति। षष्टिसिद्धीश्वरो भवेदिति शिवप्रोक्तं वेद।

ॐ अब ती देवताहरूकी पत्नीलाई भज्दछ भनिन्छ। तिनको उपासक अरूसँग जाँदा समेत मेधादीक्षितरूपकी देवपत्नीलाई भावना गर्ने छ। त्यो शिव हुनेछ। कालीकै रूपको हुनेछ। त्यसैले नै त्यो यो मेधास्पर्शमणिरूप दीक्षित तुल्याओस्! सिद्धिकालीको अधिकार हुनेछ। अनि विद्यारानीलाई जपोस्। अनि कामकलाकालीलाई परारूपिणी मानेर जपोस्, सर्वनिर्वाणदीक्षित हुनेछ। अनि क्रमैले शांभवीदीक्षित हुनेछ। गुह्यकालीबाट अधिष्ठित हुनेछ। शिव हुनेछ। त्यो परारूप हुनेछ। परात्पररूप हुनेछ। परात्परातीतरूप हुनेछ। चित्परारूप हुनेछ। चित्परात्पररूप हुनेछ। त्यो ब्रह्मत्वमा पुग्छ। मेधादीक्षा पाउनेछ। मेधादीक्षाभन्दा मथिल्लो दीक्षा नै भेटिन्न भन्नुभएको छ श्रीशिवले। स्पर्शविद्याले देहशुद्धि हुनेछ। अनि चिन्तामणिविद्याधिकारी विद्यारानीलाई पाउनेछ। विद्यारानीको अधिकारी भएपछि भने षोढालाई जपोस्! तुर्याषोढाधिकारी भएपछि कामकलालाई जपोस्! काममलाधिकारी भएपछि चरणरूपिणीलाई जपोस्। हंसदीक्षित हुनेछ। चरणाधिकारी भएपछि षट्शाम्भव-सम्पन्न हुनेछ। अनिपछि मेधा गरोस्! जीवक नै भृंङ्गरूपको भएपछि षट्चक्रहरू फोर्न सक्नेछ। त्यसपछि परागभोगी हुनेछ। परकाय-प्रवेश गर्न सक्ने बनी उमेर (बैंश) को स्थिरता लिनेछ। र कामरूपत्वमा पुग्दछ। साठी सिद्धिको मालिक बन्नेछ भनी शिवले भन्नुभएको छ भन्ने जान! ॐ तत्सत्!

***

### पुस

| | |
|---|---|
| मेष : | धार्मिक कार्यमा तल्लीन हुने, शारीरिक अस्वस्थता रहने, आर्थिक लाभ। |
| वृष : | उमङ्गमा वृद्धि, नयाँ मित्रको प्राप्ति, लेनदेनमा कचिङ्गल, स्वास्थ्य अनुकूल। |
| मिथुन : | व्यापार व्यवसाय फस्टाउने, सन्तानबाट सन्तोष मिल्ने, मित्रजनबाट धोका। |
| कर्कट : | कार्य सिद्धि, मिष्ठान्न भोजनको प्राप्ति, स्वास्थ्य प्रतिकूल रहने। |
| सिंह : | अचानक लक्ष्मी प्राप्ति, केही अपव्यय रहने, आपसी मनमुटाव हुने। |
| कन्या : | श्रीमानश्रीमतीमा प्रेम वृद्धि, आर्थिक क्षेत्रमा प्रगति, स्वास्थ्य बाधा। |
| तुला : | मन फुरुङ्ग हुने, विदेश यात्राको योग, आफन्त सहयोग, केही अपव्यय। |
| वृश्चिकः | आलस्यमा वृद्धि, आफन्तबाट विश्वासघात, वैदेशिक यात्राको योग। |
| धनु : | बौद्धिक विकास हुने, धार्मिक कार्यमा अग्रसर हुने, स्वदेश भ्रमणको योग। |
| मकर : | साथी भाइमा वादविवाद, पारिवारिक स्नेहमा वृद्धि, आकस्मिक धनलाभ। |
| कुम्भ : | नयाँ कार्यको थालनी हुने, आर्थिक क्षेत्रमा सुधार, केही मानसिक अशान्ति। |
| मीन : | साथीभाइबाट धोका, कार्यमा ढिलासुस्ती, अचानक आर्थिक लाभ। |

### माघ

| | |
|---|---|
| मेष : | धनधान्यको प्राप्ति, माया प्रेममा वृद्धि, असल मित्रको भेट, स्वास्थ्य गडबढी। |
| वृष : | अध्ययनमा रूचि बढ्ने, सामाजिक सम्मानमा वृद्धि, पुरानो काम बन्ने। |
| मिथुन : | नयाँ साथी बन्ने, मिष्ठान्न भोजन मिल्ने, आकस्मिक धन लाभ, पेट दुख्ने। |
| कर्कट : | तिर्थस्थल भ्रमणको योग, नविन कार्यको थालनी हुने, आर्थिक लाभ। |
| सिंह : | आफन्तबाट सहयोग, व्यापार व्यवसायमा सफलता, स्वास्थ्यमा बाधा। |
| कन्या : | मन शान्त रहने, पूजापाठमा ध्यान जाने, मनोरञ्जन हुने, जरोको योग। |
| तुला : | चोटपटकको सम्भावना, शैक्षिक क्षेत्रमा उन्नति, आर्थिक पक्ष सवल। |
| वृश्चिकः | मन प्रफुल्ल हुने, आरोप-प्रत्यारोपको सम्भावना, लक्ष्मी प्राप्तिको योग। |
| धनु : | मानसिक चिन्ता रहने, पूजा पाठमा ध्यान जाने, आर्थिक क्षेत्रमा प्रगति हुने। |
| मकर : | धीरतामा वृद्धि, आफन्तबाट सहयोग, कार्य सफल हुने, केही अस्वस्थता हुने, |
| कुम्भ : | परोपकारमा मन जाने, व्यापार व्यवसायमा सफलता, मिष्ठान्न भोजन। |
| मीन : | अचानक आर्थिक लाभ, साथीभाइबाट धोका, नयाँ मित्रसँग भेट, अपव्यय। |

### फागुन

| | |
|---|---|
| मेष : | मनोरञ्जनतर्फ आकर्षण हुने, आर्थिक सुधार रहने, नयाँ कार्यको थालनी। |
| वृष : | कार्य सिद्धि हुने, मानसम्मानमा वृद्धि, वैदेशिक भ्रमणको योग, अपव्यय हुने। |
| मिथुन : | मानसिक चञ्चलता, अध्यायनतर्फ रूचि जाग्ने, पारिवारिक सद्भाव बढ्ने। |
| कर्कट : | नविन कार्यको थालनी, आफन्तबाट घोचपेच, स्वास्थ्य अनुकूल हुने। |
| सिंह : | मन प्रशन्न रहने , आफन्तबाट प्रचूर सहयोग, अकस्मात अर्थ प्राप्ति। |
| कन्या : | मिष्ठान्न भोजनको प्राप्ति, मनोरञ्जनमा मन जाने, केही अपव्यय रहने। |
| तुला : | सामाजिक कार्यमा सहभागिता रहने, नयाँ कार्यमा सफलता, श्री प्राप्ति। |
| वृश्चिकः | खरिदविक्रीमा लाभ हुने, वैदेशिक भ्रमणको सम्भावना, अस्वस्थता। |
| धन : | मानसिक शान्ति मिल्ने, आफन्तबाट सहयोग, स्वास्थ्यमा बाधा, धन लाभ। |
| मकर : | नयाँ कार्यबाट आर्थिक लाभ हुने, मनमा उत्साह बढ्ने, केही अपव्यय हुने। |
| कुम्भ : | शारीरिक अस्वस्थता रहने, पारिवारिक स्नेहमा वृद्धि, अचानक धन लाभ। |
| मीन : | वैदेशिक यात्राको सम्भावना, इष्टमित्रमा कचिङ्गल, मिष्ठान्न भोजन प्राप्ति। |

### चैत

| | |
|---|---|
| मेष : | प्रियजन भेट, कार्यमा सफलता, मन प्रशन्न रहने। |
| वृष : | वैदेशिक भ्रमणबाट लाभ, मिष्ठान्न भोजन, आफन्तबाट सहयोग मिल्ने। |
| मिथुन : | पारस्परिक सहायोगमा कार्य सिद्धि, मानसिक शान्ति हुने, थौरै अस्वस्थता। |
| कर्कट : | व्यापार व्यवसायमा सफलता, उत्साहमा वृद्धि, वैदेशिक भ्रमणको योग। |
| सिंह : | उत्साह बढ्ने, नयाँ कामको थालनी, इष्टमित्रको सहयोग, स्वास्थ्य अनुकूल। |
| कन्या : | चोटपटकको सम्भावना, धार्मिक कार्यमा संलग्नता, एक्कासी अर्थ प्राप्ति। |
| तुला : | पारिवारिक सद्भावमा वृद्धि, धार्मिक कार्यमा सहभागिता, मन प्रशन्न हुने। |
| वृश्चिकः | आफन्तमा मनोमालिन्य, व्यापार व्यवसाय मध्यम हुने, मिष्ठान्न भोजन। |
| धनु : | आर्थिक योजनाबाट प्रचूर आम्दानी हुने, स्फूर्ति बढ्ने, मित्र सहयोग मिल्ने। |
| मकर : | आकस्मिक आर्थिक लाभ, साथीभाइबाट सहयोग, केही अस्वस्थता। |
| कुम्भ : | उत्साहमा वृद्धि, कार्यमा सफलता, नयाँ योजना बन्ने, स्वास्थ्यमा अनुकूलता। |
| मीन : | पारस्परिक सद्भावमा वृद्धि, आर्थिक लाभ मिल्ने, नयाँ कार्यको थालनी। |